# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १११

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-



मन्त्री डा. लोहनी र प्रचण्डसँगका ताजा अन्तर्वार्ताहरू

# वार्ता

# किन टुट्यो ? के छ जोड्ने उपाय ?

पद्मरत्न तुलाधर | दमननाथ ढुंगाना | डा. देवेन्द्रराज पाण्डे | डा. सुन्दरमणि दीक्षित

खगेन्द्र संग्रौला | शान्ता थपलिया | राजेन्द्र खेतान | पद्मज्योति



... केही सपना छोराछोरीले पूरा गर्छन्
केही सपना मायोज़ ले...
आफ्ना उपभोक्ताहरूको हर-खुशीका पलहरूमा साथ दिन मायोज़ प्रस्तुत गर्दछ - १२३ मायोज़ डाइमण्ड अफर । १२३ वटा हिराका हारहरू तपाई र तपाईका प्रियजनहरूको लागि सर्वोत्तम उपहार ।
DIAMOND LOCKET
123 mayos Diamond अफर
१, २ र ३ नम्बर अंकित कुपनहरू जम्मा गरी मायोज़को पूरा प्याकेट मिलाउनुहोस् र नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ सितैमा
123
साथमा, दर्जनौं किसिमका मनमोहक BREAKIES
mayos
Wonderful Mayos Noodles
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ ।
हिराका हारहरूका लागि नजिकको डिलर वा हिमालयन स्न्याक्सको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् ।
उपहार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहीत हुने छ ।
Avenues 2003

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष– २१, पूर्णाङ्क– १११
भदौ–असोज– २०६०

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुईंटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी
**व्यापार प्रबन्धक**
श्रीबहादुर खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com

मूल्य : रु. २५/-



## किन टुट्यो वार्ता ? के छ जोड्ने उपाय ?


❑ माओवादीका भूलहरु ❑ सत्तापक्षको मुख्य दोष ❑ पार्टीहरुको भूल ❑ अबको युद्धको स्वरुप ❑ के फेरि वार्ता संभव छ ?

■ पद्मरत्न तुलाधर ■ दमननाथ ढुंगाना
■ डा. देवेन्द्रराज पाण्डे ■ डा सुन्दरमणि दीक्षित ■ खगेन्द्र संग्रौला ■ शान्ता थपलिया ■ राजेन्द्र खेतान ■ पद्मज्योति

**डा. प्रकाशचन्द्र लोहनी र प्रचण्डसंगका ताजा अन्तवार्ताहरूसहित**



## संयुक्त आन्दोलन संकुचनमा



**दक्षिण अफ्रिकाको वार्ताको अनुभव : बहुदलीय वार्ता**

## राशिफल : रामभरोसे संस्कृतिको उपज

हाम्रो मूल्यांकन : ४
आवरण कथा :
● किन टुट्यो वार्ता ? के छ जोड्ने उपाय ? – *श्याम श्रेष्ठ* ५
● शर्त नभएको कुनचाहिँ संविधान हुन्छ ? – *डा. प्रकाशचन्द्र लोहनी* १०
● लोकतान्त्रिक विकल्पले वार्ताको ढोका खोल्नेछ – *पद्मरत्न तुलाधर* १२
● वार्तामा गतिरोध– *दमननाथ ढुंगाना* ४४
● हामीले आफ्नो तर्फबाट वार्ताको ढोका बन्द गर्नेछैनौं– प्रचण्ड १३
घटना र प्रवृत्ति :
● संयुक्त आन्दोलन संकुचनमा – *समीर थापा* ३८
● फुटवादी 'भविष्यद्रष्टाहरु' सफलतातिर ? – *हरिगोविन्द लुइँटेल* ४०
● नेपालको राजनीतिप्रति बदलिँदो भारतीय सोच – *हरि रोका* ४१
● विज्ञान जर्नलको प्रकाशन ४६
दृष्टिकोण :
● के संकेत गर्छ,राजाको सम्पत्ति सार्वजनिक गर्ने मागले ? – *अमर गिरी* १६
पर्दा–रंगमञ्च :
● नेपाली चलचित्र चरम निराशातिर – *नारायण अमृत* १८
बहस :
● सामाजिक अनुसन्धानलाई कसरी धान्ने ? – *प्रत्यूष वन्त* २०
घटना र प्रवृत्ति :
● इदि अमिनको मृत्यु २१
विश्वग्राम :
● दक्षिण अफ्रिकाको बहुदलीय वार्ताको अनुभव – *राजेन्द्र महर्जन* २२
स्वास्थ्य :
● उच्च रक्तचापबाट कसरी बच्ने ? – *डा. सुन्दरमणि दीक्षित* २६
दर्शन :
● बुद्ध दर्शनका विशेषताहरु – *प्रज्ञानरत्न* २८
कविता :
● तिम्रो विधानको मलामी – *नारायण ढकाल* २९
● प्राविधिक कविता – *रोशन शेरचन* २९
किताब :
मानव समाजको रुपान्तरण – *घनश्याम भुसाल* ३०
इतिहास :
● २०१७ सालको प्रतिगमन र राजा महेन्द्र – *मुक्ता श्रेष्ठ* ३१
संस्कृति :
● राशिफल : रामभरोसे संस्कृतिको उपज – *डी. आर. पोखरेल* ३४
पाठकको कुरो : ४६

आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४४१००५९ । इन्सेटमा फोटो : मन्त्री प्रकाशचन्द्र लोहनी । फोटो : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन नं. ४२४६१२२ । कलर सेपरेशनः पोलिइमेज, फोनः ४२५२५७१ । कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४७७१४४८ ।

**युद्धविराम** र शान्तिवार्ता भंग भएपछि पनि राज्यले अधिकतम संयम र सुझबुझका साथ लचिलो भएर आधारभूत मागहरूलाई सम्बोधन गर्नेगरी अग्रगामी निकास दिने तत्परता देखाएको परिस्थितिमा चुँडेको वार्ताको तार फेरि जोडिने संभावना थियो र त्यो संभावना अहिले पनि छ । तर दुर्भाग्यको कुरा, राज्यपक्षले वार्ताको संभावनाको ढोका आफैंले थुन्यो । माओवादीलाई तुरून्तै 'आतंककारी' घोषणा गर्नु र ४ जना सहजकर्ताहरूलाई तुरून्तै कार्यभारबाट मुक्त गर्नु त्यसैको ज्वलन्त अभिव्यक्ति हो ।

जुनसुकै पक्षबाट भएको किन नहोस्, व्यक्तिहत्याको बाटो अत्यन्त गलत बाटो हो । त्यो बाटोले प्रतिशोधात्मक हत्या-हिंसाको अन्तहीन सिलसिलामात्र सिर्जना गर्छ, यसले जनसंघर्षको विकास गर्दैन र संकटको राजनीतिक निकास पनि निकाल्दैन । तसर्थ, हामी हरेक पक्षले त्यो बाटो परित्याग गर्नैपर्छ भन्ने कुरामा जोड दिन्छौं । तर हामीले बुझ्न नसकेको कुरा के हो भने सशस्त्र प्रहरीका सर्वोच्च पदाधिकारी महानिरीक्षक कृष्णमोहन श्रेष्ठको नृशंस हत्या हुँदाचाहिँ पहिले आतंककारी भनी आएकालाई त्यस्तो बिल्लाबाट हतार हतार मुक्त गरेर बन्द भइरहेको वार्ताको ढोका तुरून्त खोल्नसक्ने, अहिले एकजना उच्च सैनिक पदाधिकारीको हत्या हुँदाचाहिँ आतंककारी भन्न छोडेकालाई पनि तुरून्तै 'आतंककारी' घोषणा गरेर संभावित वार्ताको ढोका नै पूरै बन्द गर्नुपर्ने कारण के ? परिस्थितिकै कुरा गर्ने हो भने के त्यतिबेलाभन्दा अहिले देश र जनताको निम्ति शान्तिवार्ता र शान्तिप्रक्रिया कम आवश्यक भएको हो ? पदकै उच्चताको कुरा गर्ने हो भने अहिले माओवादीबाट मारिएका महासेनानी किरण बस्नेतभन्दा कृष्णमोहन श्रेष्ठको पद ज्यादा उच्च थिएन र ? यसबाट के देखिन्छ भने राज्य संचालनको जिम्मेवारी सम्हालेकाहरूको कृष्णमोहनको हत्याताकाको व्यवहार र अहिलेको व्यवहारमा कुनै तालमेल र संगति भेटिन्न । हामीलाई लागेको छ, उच्च सैनिक पदाधिकारीको व्यक्तिहत्याको प्रतिक्रियास्वरूप तुरून्तै सरकारले माओवादीलाई 'आतंककारी' घोषणा गरेर बिलकुलै ठीक गरेन । उसले यसो गरेर यतिखेर शान्तिवार्ताको संभावित ढोका पूरै थुन्ने काम गर्‍यो, जतिखेर देशलाई त्यो सर्वाधिक आवश्यक भएको छ ।

ठीक त्यस्तै गल्ती सहजकर्ताहरूलाई बिदाइ गर्न सरकारले गरेको हतारोमा पनि भएको छ । दोस्रो चरणको वार्तापछि टुटेको वार्ताको तार जोड्न र वार्ता अत्यन्त संकटग्रस्त हुँदा त्यसलाई संकटबाट बचाउन सहजकर्ताहरूले विगतमा खेलेको भूमिका अत्यन्त सराहनीय छ, अहिले पनि वार्ता र युद्धविराम तत्कालका लागि भंग भएको मात्र हो, त्यो अब जोडिनै नसकिनेगरी असंभव भएको होइन । माओवादी अगुवा र सरकारी अगुवा दुवैको पहलमा दुवैथरीले वार्ताको ढोका अझै थुनिनसकेको र उनीहरू अझै वार्ताका निम्ति तयार रहेको मनसाय जाहेर गरेका छन् । यदि यो सत्य हो भने यति नै बेला सहजकर्ताहरूलाई कार्यभारबाट मुक्त गर्नुको औचित्य के ? यसबाट के प्रष्ट हुन्छ भने वक्तव्य जे दिए पनि राज्यपक्ष अब वार्ताको पक्षमा छैन, ऊ समस्याको सैनिक समाधानकै पक्षमा छ ।

वार्ताको ढोका यसरी राज्यले बन्द गरेको परिस्थितिमा देशलाई भीषण गृहयुद्धबाट बचाउने हो भने अब आन्दोलनरत राजनीतिक दलहरूले नै पहल गर्नुपर्छ । अबको गृहयुद्ध पहिलेको भन्दा ज्यादै भीषण र जनसंहारकारी मात्र हुने देखिँदैन, यसले बचेखुचेका लोकतान्त्रिक हक र संस्थाहरूलाई पनि निमिट्यान्न पारेर नेपाललाई पूर्ण सैनिकीकरण र एकतन्त्रतिर लैजाने टड्कारो संभावना छ । यसले नेपालको प्रभुसत्तामै पूर्ण खग्रास ग्रहण लगाउनेगरी नेपाललाई विफल राज्यको विशेषण लगाएर 'मानवीय मिसन'का नाममा नांगो विदेशी हस्तक्षेप निम्त्याउने संभावना पनि प्रबल छ । यी दुवै स्थितिमा नेपाल राष्ट्रको स्वाधीनता र लोकतन्त्रको क्षय सुनिश्चित छ । अब आन्दोलनरत राजनीतिक दलहरूले अविलम्ब पहल गरेमात्र नृशंस गृहयुद्ध र यो क्षयबाट देशलाई बचाउन सक्छन् ।

**पार्टीहरू, पहल गर देशलाई गृहयुद्धबाट बचाऊ**

लोकतन्त्रको अन्तर्वस्तुबारे माओवादी र आन्दोलनकारी दलहरूबीच थुप्रै आधारभूत सवालमा साझा समझदारी र साझा माग हुँदाहुँदै पनि त्यो प्राप्त गर्ने विधिको सवालमा साझा सहमति हुन नसक्दा र दुवैथरीबाट आपसी विश्वासको संकट हल गर्ने मूर्त प्रयत्न पनि पर्याप्त मात्रामा हुन नसक्दा यी दुईथरी जनपक्षीय शक्तिहरू साझा प्रहार लक्ष्यविरूद्ध एकगठ हुनसकेनन् । त्यसको अधिकतम फाइदा प्रतिगामी शक्ति र विदेशी चलखेलकारी शक्तिले उठाइरहेका छन् । अहिलेसम्मका सम्पूर्ण शान्तिवार्ताहरू विफल हुनुको कारण पनि त्यही हो, प्रतिगमनविरोधी आन्दोलन प्रभावकारी र फलदायी हुन नसक्नुको कारण पनि त्यही हो ।

वार्ता र सडक आन्दोलनको अहिलेसम्मको चौतर्फी विफलताबाट यी दुवैथरीले पाठ सिक्नु आवश्यक छ । अब पनि संघर्षलाई त्रिकोणात्मक नै बनाइराख्ने हो भने कसैले पनि केही हात पार्ने छैन, खालि अन्धकारमुखी शक्तिमात्र लाभान्वित हुनेछ । त्यसैले धेरै ढिलो नहुँदै आन्दोलनकारी राजनीतिक दलहरूले त्रिकोणात्मक संघर्षलाई द्विकोणात्मक पार्ने ध्येय राखेर आफू र माओवादी दुवैलाई स्वीकार्य हुने अग्रगामी निकासको मूर्त प्रस्तावसहित माओवादीलाई वार्ताका निम्ति पुनः आह्वान गर्नु आवश्यक भएको छ ।

अहिलेको परिस्थितिमा युद्धमा गइसकेका माओवादीलाई पुनः वार्ताको टेबुलमा फर्काउनु सजिलो काम छैन । पोहोर र यस वर्ष भएका वार्तामा संविधानसभाकै सवालमा हलो अड्केर दुई-दुई पटकसम्म वार्ता र युद्धविराम भंग भएको तीतो अनुभव हामीसँग छ । यसबाट पाठ सिक्ने हो भने आन्दोलनकारी दलहरू संविधानसभाको निर्वाचनको सवालमा सहमति हुने र माओवादीहरू उनीहरूको सर्वाधिकारसम्पन्न सर्वदलीय सरकार र संसद्को पुनर्स्थापनाको मागमा सहमत हुने बाटो नै दुवैलाई स्वीकार्य हुनसक्ने, दुवैले जितेको अनुभूति गर्नसक्ने बीचको मध्यमार्गी बाटो हो । यो बाटो अख्तियार गर्दा आन्दोलनकारी दलहरूले नयाँ संविधान सार्वभौम जनताले चुनेको प्रतिनिधिले बनाउने लोकतान्त्रिक सिद्धान्तलाई स्वीकार गरिदिएको हुनजान्छ अनि माओवादी पनि यही संविधानमा टेकेर अग्रगामी निकासतिर जान सहमत भइदिएको हुनजान्छ ।

हामीलाई लाग्छ, राजनीतिक दलहरूले यो मूर्त प्रस्तावमा सार्वजनिक प्रतिबद्धतासहित माओवादीलाई पुनः वार्ताका लागि आह्वान गर्छन् भने माओवादीहरू पुनः युद्ध रोकेर वार्ताको टेबुलमा आउने संभावना छ । यो संभावनाले ठोस रूप लियो भने देशमा संभावित भीषण गृहयुद्ध रोक्नसक्ने र दिगो शान्ति कायम गर्नसक्ने एउटैमात्र सक्षम नेतृत्वदायी शक्ति आन्दोलनकारी दलहरू नै ठहरिनेछन् । अहिलेसम्म कसैले गर्न नसकेको यो काम भएमा शान्तिकामी देश-विदेश र आमजनताहरू दलहरूप्रति कृतज्ञ हुनेछन् । आफ्नो नेतृत्व क्षमता प्रदर्शन गर्ने र हिजोका क्रियाकलापहरूका कारण आमजनतामा आफूप्रति रहेको नकारात्मक छवि मेट्ने यो एउटा ठूलो अवसर हुनसक्छ । तर यसका लागि दलहरू एउटा अलोकतान्त्रिक त्रास र बहुलताको सिद्धान्तविरोधी डरबाट मुक्त हुनैपर्छ । त्यो डर-त्रास हो : माओवादीहरू शान्तिपूर्ण खुला राजनीतिमा आए भने आफ्नो राजनीतिक जमीन र वर्चश्व भास्सिएला कि भन्ने डर-त्रास ।

आन्दोलनकारी दलहरू र माओवादीको सहकार्य संभव बनाउनका लागि माओवादीहरूले पनि आफ्ना केही बानी-व्यहोराहरूमा उल्लेखनीय सुधार गर्नु जरूरी भएको छ । उनीहरूले व्यवहारतः के साबित गर्नुपर्छ भने उनीहरूको प्रभुत्व र अस्तित्व भनेको अन्य पार्टीहरूको सहअस्तित्वको निषेध होइन । उनीहरूले अन्य पार्टीहरूमाथि गर्ने शुत्रतापूर्ण आक्रमण र अपहरण बन्द गर्नुपर्छ । पार्टीहरूसित विद्यमान विश्वासको संकट मूर्त र ठोस रूपमा हल नगरिकन यस्तो सहकार्य बिलकुलै संभव हुँदैन । ❑

# किन टुट्यो वार्ता ?

## के छ जोड्ने उपाय ?

○ श्याम श्रेष्ठ

आखिर ७ महिना लामो राज्य-माओवादी वार्ता प्रक्रिया दाङ्को हापुरेमा सम्पन्न तेस्रो चरणको वार्तापछि चौथो शुरू नहुँदै भदौको दोस्रो साता टुटेको छ । जनअपेक्षाविपरीत पहिलेजस्तै अहिले पनि वार्ता र युद्धविराम टुटेको घोषणा माओवादी पक्षबाटै भएको छ । 'हाम्रो पार्टी पुरानो सत्तापक्षले मुखमा रामराम बगलीमा छुराको शैलीमा वर्तमान युद्धविराम र वार्ताबाट अग्रगामी निकासको संभावनालाई अन्त्य गरेकोले तत्कालका लागि ऊसँगको युद्धविराम, आचारसंहिता र वार्ताप्रक्रियाको औचित्य समाप्त भएको तथ्य स्पष्ट गर्न चाहन्छ', माओवादी अध्यक्ष प्रचण्डले यो सारको वक्तव्य इन्टरनेटमार्फत् भाद्र १० गते जारी गरेपछि माघ १५ गते युद्धविरामको घोषणाद्वारा थालिएको वार्ता र शान्तिप्रक्रिया हठात् टुट्न पुगेको हो । यो टुटाइबाट सर्वसाधारण जनताहरू औधी निराश भएका छन् । देशभरि चिन्ता र खिन्नता छाएको छ ।

### माओवादीका भूलहरू

हतारोमा शान्तिवार्ता र युद्धविराम भंग भएको घोषणा माओवादीले गरेर यसपालि पनि भूल गरे । देशव्यापी रूपमा संविधानसभाको पक्षमा जनमत बनिरहेको स्थिति थियो । हिजोसम्म कल्पना नै नगरिएका उद्योगपति, बुद्धिजीवी र नागरिक समाजका सदस्यहरू धमाधम संविधानसभाको पक्षमा खडा भइरहेका थिए । संविधानसभा देशभित्र सरकारी र गैरसरकारी सबै संचारमाध्यममा प्रमुख बहसको विषय बनिरहेको स्थिति थियो । संभावित गृहयुद्ध र संविधानसभामध्ये कुन रोज्ने भन्ने सवालमा एउटा रोज्नु पर्दा शान्तिप्रेमी र प्रगतिप्रेमी धेरै मान्छेहरू संभवतः संविधानसभाको पक्षमा नै खडा हुन्थे । उता भाद्र १८ गते पाँच आन्दोलनकारी राजनीतिक दलहरूले प्रतिगमनविरूद्ध 'निर्णायक' आन्दोलनको तयारी गरिरहेका थिए । यो आन्दोलन सारमा सक्रिय राजसंस्थाविरोधी आन्दोलन नै थियो । तसर्थ यो आन्दोलन सफल हुनु पनि माओवादीकै हितको कुरो थियो । राज्यले त्यसमाथि भीषण दमन गरीहालेपनि त्यो दमनले स्वभावतः राजनीतिक दलहरूलाई माओवादीकै नजिक ल्याउँथ्यो । इच्छा नभए पनि परिस्थितिले दुईबीचको एकतालाई अपरिहार्य बनाउँथ्यो । तर माओवादी नेतृत्वले देशमा तीव्र गतिले आफ्नो एजेण्डाको पक्ष र अनुकूलतामा बदलिरहेको जनमत तथा समय र परिवेशलाई ध्यानमा राखेको देखिएन । खालि एकोहोरो रूपमा



नेपालगंजमा वार्ताको घडी

फौजी फाइदा-बेफाइदालाई मात्र ध्यानमा राखेर उसले भाद्र १० गते शान्तिवार्ता र युद्धविरामको औचित्य समाप्त भएको घोषणा गऱ्यो । नागरिक समाज र सहजकर्ताहरूले उसलाई वार्ता भंग भएतापनि युद्धविराम तत्काल भंग नगर्न बेलैमा सुझाव नदिएका होइनन् । तर कसैको कुरा पनि माओवादी नेतृत्वले सुनेको देखिएन ।

यो घट्नाले के देखाएको छ भने माओवादी नेतृत्वमा अझै पनि सैन्यवादी चिन्तन हावी छ । देशमा जनमतको यथार्थ स्थिति के छ ? बहुसंख्यक जनताहरूको चाहना र झुकाव कतातिर गइरहेको छ ? तत्कालीन समय र परिवेशमा के गर्दा व्यापक जनमत र जनसमर्थन आफ्नो पक्षमा आउँछ, मुख्य प्रतिक्रियावादी शक्ति एक्लिन्छ र परास्त हुन्छ अनि देश, जनता र क्रान्तिको ज्यादा हित हुन्छ ? यी सवालहरूमा निर्णायक घडीमा माओवादी नेतृत्वले खास प्राथमिकता र ध्यान दिइरहेको देखिन्न । मुख्य रूपमा सैनिक दृष्टिकोणले के गर्दा पार्टीलाई ज्यादा फाइदाजनक हुन्छ ? के गर्दा फौजी हिसाबले पार्टीलाई ज्यादा लाभ हुन्छ ? - केवल यही कोणबाट विचार गरेर माओवादी नेतृत्वले शान्तिवार्ता प्रक्रियालाई निरन्तरता दिने कि नदिने भन्ने कुराको फैसला गरिरहेको देखिएको छ । जनमत र जनमर्थनको पक्षलाई बेवास्ता गर्ने, बदलिँदो समय र परिवेशलाई बेवास्ता गर्ने, खालि सैन्य हिसाबले हुने फाइदा बेफाइदामा मात्र ज्यादा प्राथमिकता र ध्यान दिने यही सोच सैन्यवादी चिन्तन हो । यसपालिको शान्तिवार्ता प्रक्रिया भंग गर्नुको पछाडि पनि माओवादी नेतत्वमा विद्यमान यही सैन्यवादी चिन्तनले ज्यादा काम गरेको छ ।

यदि वार्ता भंग गर्नु नै थियो भने यसका लागि उपयुक्त समय सुरक्षा निकायले रामेछाप दोरम्बामा बैठकमा बसिरहेका

माओवादीहरूलाई ठूलो संख्यामा विभत्स ढंगले हत्या गरेको विन्दु थियो । त्यो सवालमा माओवादीबाट वार्ता भंग भएको भए देशका बहुसंख्यक शान्तिकामी जनताले सहज तरिकाले बुझ्थे कि माओवादीहरू शान्तिवार्तामा आइरहेका बेला राज्यको तर्फबाट एकतर्फी रूपमा युद्धविराम भंग भएको र उसमाथि अति नै ज्यादती भएको हुनाले नै शान्तिवार्ता र युद्धविराम टुटेको हो । तर माओवादीले यो उपयुक्त विन्दुमा वार्ता र युद्धविराम भंग गर्नु ठीक ठानेन । यो विन्दुमा वार्ता भंग नगरेपछि माओवादी नेतृत्वले कमसेकम पाँच पार्टीको भाद्र १८ गतेको आन्दोलन सम्पन्न हुन दिनु पर्थ्यो ।

उता सत्तापक्षले आफ्नो अवधारणा पत्रमा राजनैतिक एजेण्डामा परिमार्जन सम्भव छ भनेर भनिसकेपछि तुरुन्तै चौथो चरणको वार्तामा आएर एकपटक त्यो परिमार्जन भनेको के हो ? ठोस रूपमा स्पष्ट पार्नदिनु पनि जरूरी थियो । साथै आफ्नो संविधानसभाको अडानको औचित्य के हो ? संविधानसभाको स्वरूप के हो ? त्यसको गठन-विधि के हो ? कुन कुन गठन-विधि र संविधानसभाको रूप माओवादीको निम्ति मान्य हुनसक्छ ?- त्यो पनि वार्ताको टेबुलमा र जनसमक्ष स्पष्ट पारिदिनु जरूरी थियो । यदि यी जम्मै कुरा राखिसकेर पनि सत्तापक्ष त्यसमा लचिलो नदेखिएमा वा उसको परिमार्जनको प्रस्तावमा आफ्नो चित्त नबुझेमा पहिलेजस्तै १०-१५ दिनको निश्चित अवधि

> **किन सत्तापक्ष त्यही प्रस्ताव लिएर वार्ताको टेबुलमा गयो, जसबाट वार्ता टुट्नसक्छ भनेर पहिले नै सुनिश्चित थियो ?**

तोकेर भाद्र १८ गतेपछिको कुनै दिनको अल्टिमेटम दिएको भए यसबाट आफ्नो प्रस्तावको पक्षमा प्रशस्त देशव्यापी जनदवाव सिर्जना गर्ने अवसर माओवादीलाई प्राप्त हुन्थ्यो । त्यसपछि सिर्जना हुने परिस्थितिसमेतको मूल्यांकन गर्दै चित्तबुझ्दो निकास नभेट्नाको कारणले वार्ता र युद्धविराम भंग गर्नुपर्ने नै भए अर्को उपयुक्त विन्दु निर्धारण गर्न सक्थ्यो । यसो गर्न उसले केवल दश-पन्ध्र दिनमात्र पर्खे पुग्थ्यो ।

कुनै पनि जनमुखी शक्तिले देश र जनताको भविष्य र जीवनमा व्यापक र दूरगामी असर पर्ने निर्णय गर्नु अगाडि लचिलो भएर निर्णायक र अन्तिम घडीमा आमजनतालाई आफ्नो हितअनुकूलको विकल्पमा जनदवाव सिर्जना गर्ने अवसर र समय उपलब्ध गराउनैपर्छ । त्यो नै जननीति हो । तर खोइ त निर्णायक घडीमा माओवादी नेतृत्वबाट यो जननीतिको अवलम्बन भएको ? वार्ता र युद्धविराम भंग भएपछि देशमा अहिले जुन प्रकारको गृहयुद्ध थालिँदैछ, त्यो पहिलेको भन्दा निक्कै भीषण र विनाशकारी हुने निश्चित छ । यो गृहयुद्धको क्रममा खालि नेपालको राजनीति र अर्थनीतिको पूर्ण सैनिकीकरणमात्र हुनेछैन, नेपालमा विदेशी चलखेल पनि उदाँगै हुने सम्भावना पनि छ । यो सम्भावनासँग जुध्न कुनै पनि जनपक्षीय शक्तिसँग साथमा हुनुपर्ने सबैभन्दा बलियो हतियार भनेको व्यापक जनसमर्थन र दरिलो जनमत नै हो । तर माओवादी नेतृत्वले अहिले जुन ढंगले र जुन समयमा एकोहोरो हठका साथ युद्धविराम र वार्ता भंग गर्ने घोषणा भएको छ, त्यसले व्यापक जनसमर्थन र दरिलो जनमत जुटाउने देखिँदैन । यसमा त्यसैले माओवादीको तर्फबाट भूल भएको देखिन्छ ।

## सत्तापक्षको मुख्य दोष

तर अहिले जुन ढंगले शान्तिवार्ता र युद्धविराम टुटेको छ, त्यसको लागि मुख्य दोषी भने सत्तापक्ष नै देखिन्छ । दुई वर्षअगाडि जुन सवालमा वार्ताको हलो अड्किएको थियो, यसपटक पनि ठीक त्यही सवालमा वार्ताको हलो अड्किनाले शान्तिवार्ता र युद्धविराम भंग भएको छ । त्यो सवाल हो- संविधानसभाको सवाल । अर्थात् अर्को भाषामा भन्नुपर्दा संविधानसभाको सवाल भनेको सारमा नेपाली जनतालाई पूर्ण रूपले प्रभुसत्तासम्पन्न हुनदिने कि नदिने भन्ने सवाल हो । संविधान सभा भनेको अबको राज्यव्यवस्था कस्तो हुने ? त्यो राज्यव्यवस्थामा कसको अधिकार के कति हुने ? - यी सवालमा प्रभुसत्तासम्पन्न भनिएका जनतालाई नै फैसला गर्न दिनेगरी जनता आफैँले चुनेका प्रतिनिधिले आफ्नो निम्ति आफैले संविधान बनाउने सवाल हो । यो सवालमा सत्तापक्ष यसपटक पनि परार सालजस्तै प्रभुसत्तासम्पन्न जनताले आफ्नो संविधान आफै बनाउने सिद्धान्तको विरूद्धमा खडा भयो । जबकि उसले पेश गरेको अवधारणा-पत्रमा भने 'जनतामा निहित सार्वभौमसत्ता'लाई नेपालको भावी राज्य व्यवस्थाको 'अपरिहार्य आधार' भनेर स्वीकार गरिएको छ । यो आपसमा बाझिने अन्तरविरोधी कुरा थियो । ऊ संविधानसभाको विषयमा केवल बहस गर्नमात्र सहमत भयो, संविधानसभाको निकास दिन सहमत भएन । अहिले आमजनताले उठाइरहेको आधारभूत सवाल के हो भने दुई वर्षअगाडिकै वार्ताको अनुभवबाट र माओवादीहरूको ताजा वक्तव्यहरूबाट वार्ताको हलो यसपटक पनि संविधानसभाकै सवालमा अड्किने पक्कापक्की हुँदाहुँदै त्यो हलो फुकाउने प्रस्ताव लिएर सत्तापक्षको वार्ता टोली किन प्रस्तुत भएन ? किन सत्तापक्ष त्यही प्रस्ताव लिएर वार्ताको टेबुलमा गयो, जसबाट वार्ता टुट्नसक्छ भनेर पहिले नै सुनिश्चित थियो ?

# लोकसम्मति बुझ्न किन डराउने ?

## संविधान सभामा जानै नहुने कुनै कारण देखिँदैन

● डा. देवेन्द्रराज पाण्डे



***वार्ता** भंग भई युद्धविरामसमेत भंग हुनु भनेको हुनु नपर्ने कुरा भयो । यसका लागि कुनै एकपक्षलाई मात्र दोषी ठहऱ्याएर समस्याको निक्योल र समाधान निस्कन सक्तैन । मूल कुरा त के भने अग्रगमनतर्फको जुनसुकै राजनैतिक बाटो पनि हत्या-हिंसाको बाटोभन्दा बढी रुचिकर र श्रेयस्कर हुन्छ । २०४६ सालको आन्दोलनका उपलब्धिहरूमाथि टेकेर संसदीय लोकतन्त्रलाई पूर्णता दिने काममा सघाउ पुऱ्याउँछ भने संविधानसभाको बाटो अवलम्बन गर्नै नहुने म कुनै कारण देख्दिनँ । अब पुरातन सोच, शैली र सामाजिक संरचना वा एकाङ्गी राजनैतिक समझमा अडिएर एक्काइसौं शताब्दीको कुरा गर्नु निरर्थक हुन्छ ।*

*वास्तवमा संविधानसभाको कुरालाई लिएर वार्ता भंग हुनु र नेपाल गृहयुद्धतिर लम्केको देखिनु जति दुःखदायी छ, यो उत्तिकै विडम्बनापूर्ण पनि छ । निर्वाचन चाहे संसद् पुनर्स्थापनाका लागि होस् वा संविधानसभाका निम्ति, हाम्रोजस्तो समाजमा हुने स्वतन्त्र निर्वाचनले केवल सम्पत्तिका मालिक र दमनकारी शक्तिलाई बल पुऱ्याउँछ भन्ने सिद्धान्त बोकेको कम्युनिष्ट शक्तिले चाहिँ संविधानसभा माग्छ, तर विडम्बना, लोकसम्मतिको आधारमा राज्य गर्छु भन्नेहरुचाहिँ लोकसम्मति बुझ्न डराउँछन् । यस्तो अवस्थामा अन्यौल देखियो भने के आश्चर्य भयो र ? जेहोस्, देशभन्दा ठूलो कोही छैन र जनमतभन्दा माथि कोही हुँदैन । त्यही कुरालाई ध्यानमा राखेर सम्बन्धित पक्षहरुले बन्दूक र बारुद्ध छोड्नू र वार्ताको टेबुलमा फर्कनू भन्ने प्रार्थना गर्नुबाहेक हामी अरु के नै गर्नसक्छौं र ? ❑*

यसपटक सत्तापक्षबाट लिखित रूपमा आफ्नो अवधारणापत्र प्रस्तुत हुनु राम्रो कुरा थियो । अवधारणापत्रले यथास्थितिमा अब देश चल्नसक्दैन भनेर स्वीकार्नु पनि राम्रो कुरो थियो । तर सरकारी अवधारणापत्रको मुख्य दोष के थियो भने त्यसले न त माओवादी विद्रोहीहरूका मूलभूत मुद्दाहरूलाई सम्बोधन गर्छ, न आन्दोलनकारी राजनीतिक दलहरूका मूलभूत मुद्दाहरूलाई ।

माओवादीको मूलभूत माग संविधानसभा थियो । अवधारणापत्रले गोलमेच सम्मेलन र अन्तरिम सरकारको माओवादी मागलाई स्वीकार्‍यो, तर त्यहीसित अभिन्न तवरले जोडिएको आधारभूत माग- संविधानसभाको निर्वाचनलाई भने अस्वीकार गर्‍यो । अनि यसपाली पनि वार्ता टुट्नुको मुख्य कारण यही बन्यो, किनकि यो हातखुट्टा र जिउलाई स्वीकार, टाउकोलाई अस्वीकार गरेसरह भयो । अनि टाउको मागलाई नै अस्वीकार गरेपछि खालि हात खुट्टा र जिउमात्र भएको मुर्कट्टो माग स्वीकार्नुको के मतलब हुन्छ र ?


नयाँ संविधानमा जनमत संग्रहको प्रावधान राखिनुपर्ने र त्यसमार्फत् संविधानको कुनै पनि धारालाई परिवर्तन गर्न सकिने व्यवस्था गर्नुपर्ने अर्को मुख्य माग पनि माओवादीको थियो । नेपाली जनता जनमत संग्रहको यो व्यवस्थाबाट पूर्ण प्रभुसत्तासम्पन्न हुन्छन् भन्ने उसको धारणा थियो । उसले सेनालाई निर्वाचित जनप्रतिनिधिसभा र सरकारको मातहत राख्नुपर्ने मागलाई पनि ठूलो महत्वका साथ उठाएको थियो । परन्तु सरकारी अवधारणापत्रमा माओवादीका यी तीनवटै आधारभूत मागहरूलाई स्वीकार गरिएको थिएन । अवधारणापत्रले शब्द संवैधानिक राजतन्त्रको रोजेतापनि सारमा सक्रिय राजतन्त्र र प्रतिगमनलाई नै ढाकछोप गर्ने र चिरकालपर्यन्त निरन्तरता दिने प्रयत्न गरेको थियो । यसले जनताको प्रभुसत्तालाई सीमित र खण्डित गर्ने कोसिस गरेको थियो, किनकि यसमा सार्वभौम जनताले चाहेको कुनै पनि विषयमा जनमत संग्रह गर्न सकिने व्यवस्था होइन, 'निर्धारित विषयमा बाहेक' अरू विषयमा मात्र जनमत संग्रह गर्न सकिने नयाँ व्यवस्थाको प्रस्ताव अघि सारिएको थियो ।

यो अवधारणापत्रमा माओवादीका लागि अत्यन्त अस्वीकार्य र आपत्तिजनक हुने अर्को माग राजनीतिक सहमति हुनुअघि नै सरकारलाई हतियार सुम्पन्नु पर्ने माग थियो । माओवादीको निम्ति यो भनेको अर्को भाषामा राजनीतिक आत्मसमर्पण गर भनेसरह भयो । यो मागले उनीहरूलाई ज्यादै आक्रोशित पारेको देखियो । अवधारणापत्र पेश हुनासाथ यसलाई अमेरिका, बेलायत र भारतले अविलम्ब अन्धसमर्थन गर्नुले कतै यो उनीहरूकै निर्देशनमा तयार गरिएको कार्यपत्र त होइन भन्ने आशंका पनि स्वभावतः माओवादी पक्षमा पैदा गर्‍यो ।

यता सडक आन्दोलनमा उत्रिरहेका राजनैतिक दलहरूको मुख्य मागलाई पनि यो अवधारणापत्रले सम्बोधन गरेको देखिएन । उनीहरूको मुख्य माग राजालाई वास्तविक अर्थमा संवैधानिक बनाउने, सेनालाई निर्वाचित सरकारको मातहत ल्याउने र जनमत संग्रहको व्यवस्थामार्फत् जनतालाई पूर्ण प्रभुसत्तासम्पन्न पार्ने थियो । तर अवधारणापत्रमा यी मागलाई अस्वीकार गरिएको छ । यसप्रकार तेस्रो चरणको वार्तामा राज्यपक्ष र माओवादी पक्षबीच कुनै राजनीतिक सहमति हुन नसक्नु र वार्ता भंग हुनुका पछाडि सरकारी अवधारणापत्रले राखेको यथास्थितिवादी सोच नै एउटा मुख्य कारणको रूपमा देखिन्छ । माओवादीले वार्ताको दौरानमा अघि सारेका मुख्य मागहरूमध्ये सबैभन्दा आधारभूत अर्थात् टाउको, मुटु र कलेजो मागलाई चाहिँ स्वीकार नगरी खालि हात, खुट्टा र बाहिरी शरीरजस्ता सहायक महत्वका मागलाई मात्र स्वीकार्ने खालको सरकारी अवधारणापत्र आउनु नै वार्ता टुट्नुको मुख्य कारण थियो ।

अवधारणापत्रले अधिकतम रूपमा संवैधानिक सुधार वा संविधानको पुनर्लेखनको प्रस्ताव अघि सारेको छ । संविधानको पुनर्लेखन पनि नयाँ संविधानको लेखन नभएर संविधानका खासखास भागको पुनर्लेखन भन्ने सत्तापक्षको आशय देखिन्छ । यो भनेको सारमा संविधान संशोधनजस्तै हो, जसमा माओवादी पक्ष सहमत हुने कुनै संभावना देखिन्न । अवधारणा पत्रले गोलमेच सम्मेलन, अन्तरिम सरकार र त्यसपछि ताजा प्रतिनिधिसभाको चुनावको प्रस्ताव अघिसारेको छ । त्यही प्रतिनिधिसभाले नयाँ संविधान निर्माण गर्नेछ भन्ने प्रस्तावमात्र सरकारी अवधारणापत्रले अघिसारेको भए पनि संभवतः वार्ता र युद्धविराम यति छिटो टुट्ने थिएन । यो माओवादीको निम्ति विचारणीय सवाल हुनजान्थ्यो, किनकि यसबाट कमसेकम सार्वभौम जनताबाट चुनिएका जनप्रतिनिधिले नयाँ संविधान निर्माण गर्ने सिद्धान्तलाई त राज्यपक्षले स्वीकारेको सन्देश जाने थियो ।

## नागरिक समाजले वार्ताका लागि पहल गर्नुपर्छ



### समस्याको हल संविधानसभा हो

• डा सुन्दरमणि दीक्षित

***अहिले*** *वार्ता मात्र भंग नभएर युद्धविराम नै भंग भएको छ । यस्तो किन भयो भन्ने कुरामा जताततैबाट प्रश्न उठेको छ । माओवादी नेता बाबुरामजी आफैले मलाई फोन गरेर 'ठोस निर्णय नगरिकन हामी वार्ताबाट उठ्दैनौं' भनेर भन्नुभएको थियो । त्यो वचनबद्धतालाई तोडेर उहाँहरुले यसरी एक्कासी वार्ता र युद्धविराम भंग गर्नुमा पक्कै पनि कुनै न कुनै गम्भीर मुद्दा उठेको हुनसक्छ । त्यो मुद्दा स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय कस्तो खालको मुद्दा हो, हामीले बुझ्न सकेनौं । त्यसैले अब फेरि वार्ता हुनका लागि सबभन्दा पहिला वार्ता र युद्धविराम भंग हुनुको भित्री कारण बुझ्नुपर्‍यो ।*

*वास्तवमा माओवादी समस्याको हल संविधानसभा हो । संविधानसभाकै कारणले यो वार्ता र युद्धविराम भंग भएको हो भन्ने कुरा बाहिर आइरहेको छ । तर मलाई संविधानसभाको कुरामात्रै नमिलेर युद्धविराम भंग भएको हो भन्ने लाग्दैन । उहाँहरुले यसै कारणले मात्रै युद्धविरामसमेत भंग गर्नु हुन्न भन्ने कुरामा मलाई पक्का विश्वास छ । संविधानसभाको कुरा त वार्ता गर्दै जाँदा मिल्नेकुरा हो । सरकार वा राजाले 'ला' भनेर भीखको रुपमा दिएर दिने, लिएर लिने कुरा होइन यो । यो त वार्तामा बसेर केही दिने, केही लिने, केही छोड्ने, केही प्राप्त गर्ने तरिका अपनाएर प्राप्त गरिने कुरा हो । यसरी प्राप्त हुने संविधानसभा मात्रै जनताको हातमा आएको साँच्चैकै एउटा ठोस उपलब्धि हुन्छ ।*

*जेहोस्, समस्याको समाधान वार्ताबाट मात्र सम्भव छ । यी कुरा देशका प्रबुद्ध बौद्धिकहरुदेखि साधारण नागरिकहरुको पनि चाहना हो । त्यसैले वार्ता फेरि हुनु पर्‍यो भनेर 'शान्ति र विकासका लागि नागरिक समाज'का हामी प्रतिनिधिहरु प्रधानमन्त्रीसँग कुरा गर्न गएका थियौं । प्रधानमन्त्रीसँग हामीले के प्रश्न राखेका थियौं भने 'माओवादीसँग कुरा मात्र गरे पनि आतंकवादी हुने भन्ने किसिमले वक्तव्य निकाल्नु भएछ, के हो यस्तो ? अब नागरिक समाजले वार्ताको लागि पहल पनि गर्न नपाउने भयो ?' तर प्रधानमन्त्रीले भन्नुभएको छ- 'त्यसो होइन, माओवादीको हिंसात्मक कामलाई सघाउ पुग्नेगरी आत्मगत रुपले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्नेहरुलाई मात्र आतंककारी मानिएको हो । तर देशको हितलाई ध्यानमा राखेर यसो गरे मुलुकलाई फाइदा हुन्छ, यसका लागि माओवादीले पनि यो यो राम्रो काम गरेको छ भनेर वस्तुगत रुपले विचार पोख्ने र लेख लेख्ने स्वतन्त्रता यो प्रजातन्त्रमा सबैलाई छ, तपाईंहरु निर्धक्क साथ वार्ताका लागि पहल गर्न अगाडि बढे हुन्छ ।'*

*त्यसकारण हामी नागरिक समाज वार्ताका लागि फेरि पनि पहल गर्न अगाडि बढ्नु पर्छ । त्यसका लागि माओवादीले आफ्नो प्रष्ट धारणा नागरिक समाजका अगाडि ल्याउनु आवश्यक छ । उहाँहरुको धारणा थाहा भयो भने हामीलाई फेरि वार्ताको लागि पहल गर्न सजिलो हुन्छ ।* □

त्यसमाथि थप, वार्ता चलिरहेको समयमा भाद्र १ गते सुरक्षा निकायले रामेछापको दोरम्बामा बैठक बसिरहेका १७ जना निःहत्था माओवादीहरू र २ जना सर्वसाधारण जनतालाई नृशंस ढंगले हत्या गर्नुबाट माओवादी पक्ष अत्यन्त सशंकित भयो । यो घटनाले या त सुरक्षा निकाय सरकारको नियन्त्रणमा छैन, या सरकार वार्तामा दोहोरो व्यवहार गर्दैछ भन्ने संकेत गर्‍यो । पहिले नै राज्यपक्षप्रति माओवादीको विश्वासको संकट चर्को रूपमा विद्यमान थियो । यो घटनाले त्यो संकटलाई चरम उत्कर्षमा पुर्‍यायो । वार्ता भंग गर्ने विन्दुमा माओवादी पुग्नुका पछाडि वार्ताकै अवधिमा ठूलो संख्यामा निःहत्था माओवादी रामेछापमा मारिएको घटनाले एउटा महत्वपूर्ण तात्कालिक कारकतत्वको रूपमा भूमिका खेलेको देखिन्छ । वार्ता भंग गर्ने सम्बन्धी माओवादी अध्यक्षको भाद्र १० को वक्तव्यमा यसबारे किटान साथ उल्लेख गरिएको छ । त्यसमा भनिएको छ- 'जतिबेला तेस्रो चरणको वार्तामा ... बहस भइरहेको थियो, ठीक त्यति नै बेला रामेछापको दोरम्बामा एरिया कमिटीको बैठक गरिरहेका हाम्रा पार्टीका १७ जना निःहत्था कार्यकर्ता र २ जना सामान्य जनतालाई शाही सेनाले आफ्नो कब्जामा लिएर हात पछाडि बाँधेर लाइन लगाई कत्लेआम गर्‍यो । यसरी वस्तुतः तेस्रो चरणको वार्तामा प्रस्तुत पुरानो सत्तापक्षको 'अवधारणापत्र'ले राजनीतिक र, दोरम्बामा शाही सेनाले गरेको १९ जनाको नरसंहारले फौजी रूपमा वार्ता भंग भएको घोषणा गरे ।'

वार्ता एउटा जटिल प्रक्रिया हो । हतारोमा, एकाध वैठकबाट वारपार गर्ने ढंगले वार्ता सम्पन्न हुनसक्दैन । तर यसपटक माओवादी पक्ष तेस्रो चरणको वार्तामा निक्कै हतारोमा देखिन्थ्यो । ४-६ दिनसम्म लगातार बसेर भएपनि यसैपटक वार्ता टुंग्याईछोड्ने उनीहरूको आशय माओवादी वार्ता टोलीले सार्वजनिक रूपमा नै प्रकट गरिरहेको थियो ।

उसमा यो हतारोपन पैदा हुनुको मुख्य कारण थियो- राज्यपक्ष वार्ताको पर्दाभित्र माओवादीलाई देशी-विदेशी शक्तिहरूसँग मिलेर सैनिक उपायबाट दमन गरीछोड्ने निर्णायक तयारी गर्दैछ भन्ने डर । सुरक्षा निकायको सुझावमा त्यसको लागि थोरै समय अपर्याप्त भएकाले त्यो समय चोर्न मात्र सरकार वार्ताको समय लम्ब्याउँदैछ भन्ने सूचनामा आधारित माओवादी पक्षको विश्लेषण र त्यसबाट सिर्जित डर ।

यो डर आधारहीन पनि थिएन । यसबीच सेनालाई ५२ हजारबाट ७५ हजार पुर्‍याउनु, सैनिक अपरेशनका लागि कमाण्डो तालिम प्राप्त स्पेशल फोर्स निर्माण गर्नु, बेल्जियमबाट मिनिमि र अमेरिकाबाट एम-१६ जस्ता अत्याधुनिक हतियार ठूलो संख्यामा थप्नु, आधा दर्जनभन्दा कमबाट हेलिकोप्टरको संख्या १४ वटा पुर्‍याउनु, शयौं अमेरिकी सैन्य सल्लाहकारलाई नेपाल भित्र्याउनु र अमेरिकासित 'आतंकवादविरोधी' संझौता गर्नु जस्ता कार्यहरू यसबीच सत्तापक्षले गरेको जगजाहेर छ । युद्धविरामकै अवधिमा पनि सत्तापक्षको सेना परिचालन र आक्रमण उदांगो रूपमा जारी रह्यो, जसबाट माओवादी अनाक्रमणको स्थितिमा चूप लागेर बसेको अवधिमा पनि दर्जनौं माओवादी मारिए । यसैबाट सिर्जित डरका कारणले वार्ता लम्ब्याउनु आत्मघातक हुने धारणा र सकेसम्म छिटो वार्ता सिध्याउने हतारो माओवादी वार्ता टोलीमा पैदा भइरहेको देखिन्छ । सत्तापक्षको भूल केमा भयो भने उसले टेबुल वार्ताअघि माओवादीमा विद्यमान यो डरलाई बेलैमा सम्बोधन गर्ने र आपसमा विश्वासको स्थिति निर्माण गर्ने कार्य गरेन । टेबुल वार्ता सफल हुनको लागि आपसी विश्वासको निर्माण सबैभन्दा महत्वपूर्ण आधारभूमि हुनेहुन्छ । यही आधारभूमि तेस्रो चरणको वार्ताको क्रममा विद्यमान थिएन । माओवादीविरूद्ध परिलक्षित सेना परिचालन, आक्रमण-हत्या पूर्णतया रोकेर, सेना र हतियार वृद्धि रोकेर, आफूले उनीहरूमाथि पहिलो आक्रमण कदापि नगर्ने प्रत्याभूति दिएर र युद्धविराम आचारसंहिता र वार्ताका निर्णयहरू अक्षरशः कार्यान्वयन गरेर यो डरलाई सम्बोधन गर्नसकिन्थ्यो । आफूले माओवादीको डर संवोधन गरेपछि माओवादीबाट आफ्नो डर संवोधन गर्ने माग गर्न सकिन्थ्यो । तर सरकारले यी कार्यहरू गर्न सकेन । अन्तिम घडीमा केही निर्णय कार्यान्वयन गरिए, त्यो पनि ठूलो जनदवाब र माओवादीले अल्टीमेटम दिएपछि मात्र ।


फलस्वरूप राज्यपक्ष-माओवादी वार्तामा प्रमुख समस्याको रूपमा उनीहरूबीच विद्यमान चर्को विश्वासको संकट देखियो । वार्तामा कुरा मिल्नका

# अर्थहीन वार्ताको अर्थहीन अन्त्य

***युद्धविराम** भङ्ग भएको वार्ता शुरु भएर हो । सात महिनासम्म वार्ता भङ्ग नभएको वार्ता शुरु नभएर हो । जुन एकदमै विपरीत ध्रुवीय प्रवृत्ति भएका शक्तिहरु जुन विषयमा वार्ता गर्न जेजस्ता माग र अपेक्षा लिएर टेबुलमा भेट भएका थिए, वास्तवमा त्यो अप्राकृतिक र असम्भव भेट थियो । अनुमान गरिएअनुसार नेपथ्यमा तिनका बीचमा मिथ्या आश्वासनहरुको आदान-प्रदान भएको थियो ।*

## सक्कली वार्ताको सम्भावनाको ढोका खुलेको छ

● खगेन्द्र संग्रौला



*जब उपेक्षापूर्ण र अपमानजनक सरकारी कार्यपत्रद्वारा ती आश्वासन पूरा नहुने सङ्केत माओवादी पक्षले देख्यो, ऊ झस्क्यो र युद्धविरामबाट पन्छियो । सरकारी कार्यपत्रमा संविधानसभाको प्रश्नको ढोकै बन्द गरियो र माओवादीलाई हतियार बुझाउनसमेत भनियो । यो सरकारी प्रवृत्ति माओवादीको अस्तित्वकै उपेक्षा थियो । युद्धविरामको अन्त्य सरकारको यही हेपाहा प्रवृत्तिप्रति माओवादीको उग्र प्रतिक्रियाको परिणति हो ।*

*यसको अतिरिक्त सरकारद्वारा दोरम्बामा घटाइएको वार्ताविरोधी काण्ड र नेपालगन्जबाट फर्केपछि सरकारी वार्ता टोलीद्वारा माओवादीप्रति गरिएका आक्रामक प्रतिक्रियाहरुले पनि युद्धविराम भङ्ग गर्न माओवादीलाई उक्साए । हिजोसम्म युद्धविराम भङ्ग गरेको अपजसबाट जोगिन दुबै शक्ति सावधान थिए । अहिले परिणामको पर्वाह नै नगरी, राजनीतिक दलहरु, बौद्धिक समुदाय तथा आम जनगणको रायसल्लाह र अभिमतको उपेक्षा गर्दै, आवेग र क्रोधको बशमा परेर माओवादीद्वारा युद्धविरामको अन्त्य गरियो । यसरी हठात् र नाटकीय रुपमा युद्धविराम भङ्ग गरिनुमा दोरम्बाको हत्याकाण्डपछि माओवादी नेतृत्वमाथि त्यसको सैन्यपक्षको ज्यादै चर्को दबाब परेको हुनसक्ने कुराको अनुमान गर्न सकिन्छ ।*

*जनमतका माध्यमले वैधताप्राप्त राजनीतिक दलहरुलाई नाघेर अवैध तथा अख्तियारविहीन सरकारसँग वार्तामा प्रवेश गरी माओवादीले 'पानी चिसो हुन्छ र आगोले पोल्छ' भन्ने अनुभवको परीक्षा गर्न खोजेको थियो । यो हास्यास्पद परीक्षा थियो, जसको परिणति निरर्थक हुनु अचम्मको कुरा होइन । वास्तवमा वार्ताको यो अन्त्य अर्थहीन वार्ताको अर्थहीन अन्त्य हो, जुन अवश्यम्भावी थियो ।*

*जनतालाई हिंसाको तलाउबाट उद्धार गर्न र देशको लगाम परचक्रीका हातमा जान नदिन नक्कली वार्ताको अन्त्यपछि अब सक्कली वार्ताको सम्भावनाको ढोका खुलेको छ । गम्भीर सम्वादका माध्यमले राजनीतिक दलहरु र माओवादीबीच सङ्कटको न्यायोचित निकाससम्बन्धी एजेन्डामा न्यूनतम समझदारी कायम गरिनु, अपेक्षकृत रुपले अख्तियारसम्पन्न सर्वदलीय सरकार बनाइने शर्तसहित माओवादीद्वारा युद्धविरामको घोषणा गरिनु र यसरी त्रिकोणीय शक्ति समीकरणलाई दुईकोणीय शक्ति समीकरणमा रुपान्तरण गरी शक्तिको द्वन्द्वमा जनपक्षलाई दरिलो तुल्याइनु र पुनः वार्ता प्रक्रियाको थालनी गर्नु यो सम्भावनालाई साकार रुप दिने दिशातर्फको एउटा पाइलो हुनसक्छ । नक्कली वार्ताको अन्त्य हुनाको साथसाथै आफ्नो औचित्य सिद्ध गर्नका निमित्त प्रतिगमनद्वारा गरिएका सबै प्रयास र प्रयोगहरु पूर्ण रुपबाट बिफल भएका छन् । नक्कली वार्ताको अवसान सक्कली वार्ताको उदयको सङ्केत हो ।* ❑

लागि सर्वप्रथम विश्वासको संकट निवारण गर्ने कार्य गरिनुपर्थ्यो । ती कार्यहरू सरकारी वार्ता टोलीबाट भएनन्, न त माओवादी वार्ता टोलीबाट भयो । अझ वार्ता चलिरहँदा भएको दोरम्बा हत्या-काण्डले विश्वासको संकटलाई चरमचुलीमा पुऱ्यायो । सरकारको समस्या के देखापऱ्यो भने- सुरक्षा निकाय उसको कन्ट्रोलमा देखिएन । राजनीति बन्दूकको सामु ज्यादै निरीह देखापऱ्यो । वार्ता विफल हुनुको दोस्रो प्रमुख कारण यही थियो ।

## पार्टीहरूको भूल

सत्तापक्षसित माओवादीको वार्ता भंग भएतापनि आन्दोलनरत राजनीतिक दलहरूसँग माओवादीको न्यूनतम समझदारी र सहकार्य संभव भएको भए- माओवादीहरू जंगल नफर्कने प्रबल संभावना हुन्थ्यो । तर प्रमुख राजनीतिक दलहरू माओवादीसँग मिलेर संयुक्त आन्दोलन गर्ने मामिलामा अत्यन्त संकीर्ण र आत्मकेन्द्रित भइदिए । लोकतन्त्रका थुप्रै आधारभूत अन्तर्वस्तुमा उनीहरूबीच समान धारणा हुँदाहुँदै पनि उनीहरू यो प्राप्त गर्ने प्रक्रियाको मामिलामा माओवादीलाई पनि स्वीकार्य हुने अग्रगामी निकास दिन पटक्कै तयार देखिएनन् । संविधान संशोधन माओवादीलाई पटक्कै स्वीकार्य हुनसक्दैन भन्ने कुरा लामो समयदेखि स्पष्ट हुँदाहुँदै पनि उनीहरू संविधान संशोधनभन्दा अगाडि बढ्न सहमत भएनन् । आन्दोलनरत प्रमुख दुई राजनीतिक दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले) नयाँ संविधान निर्माण गर्न तयार नहुने र संविधान संशोधनको बाटो जान माओवादीहरू तयार नहुने,- माओवादीहरू यो संविधान र संसद्को

बाँकी ४३ पेजमा

# वार्ताका लागि पाँच दलले भूमिका खेल्नुपर्छ

## वार्ता टुट्नुको मूलकारण एक अर्कोप्रतिको अविश्वास हो

● शान्ता थपलिया
*अधिवक्ता*



***अहिले*** *जुन किसिमले वार्ता टुट्यो, त्यसको मूल कारण एक-अर्कोप्रतिको अविश्वास हो । वार्ता हुँदाहुँदै पनि यस्ता अविश्वासका क्रियाकलापहरु पनि देखिए । अर्को कुरा, वार्ता प्रक्रिया पनि ठीक थिएन । यस स्थितिमा उनीहरु दुवैमा अविश्वासको स्थिति अन्त्य गर्ने खालको सुरक्षाको प्रत्याभूति दिनसक्ने संस्था यहाँ रहेन । किनभने अहिलेसम्म जति पनि वार्ताहरु भए, ती वार्ताहरु खालि दुईपक्षमात्र बसेर भए । द्वन्द्वरत दुई पार्टीहरु मात्र आआफ्ना एजेण्डाहरु लिएर वार्ता गर्न बस्ने हो भने त्यो वार्ता कहिल्यै सार्थक हुँदैन । उनीहरुको बीचमा नमिलेका कुराहरु मिलाई दिने, विकल्पहरु दिनसक्ने सक्षम तथा विशेषज्ञ मध्यस्थकर्ताहरु त्यहाँ हुनैपर्छ । त्यस्तै गरेर दुई-दुईजना वार्ताकारहरुमात्रै बसेर पनि वार्ता सफलतामा टुंगिनसक्दैन । वार्तामा कमसेकम दुईपक्षबाट सात-आठजना वार्ताकारहरु रहनुपर्छ । त्यसो भयो भने विभिन्न विचारहरु आउनसक्छन् र त्यसमा गृहकार्य हुनसक्छ । यी सबै कुराहरु अभाव भएको कारणले नै वार्ता सफल हुन नसकेको हो ।*

*तर अहिले वार्ता भंग भएतापनि सधैँका लागि वार्ताको ढोका बन्द भयो भन्न मिल्दैन । कुनै न कुनै विन्दुमा गएर वार्ता हुनैपर्छ । अब यो टुटेको वार्तालाई फेरि जोड्नका लागि आन्दोलनरत पाँच पार्टीहरुले महत्वपूर्ण भूमिका खेल्नसक्छन् । उनीहरुले माओवादीलाई विश्वासमा लिएर र सरकारसँग पनि हात मिलाएर वार्ताको नेतृत्व लिनुपर्छ । देशलाई गृहयुद्धबाट बचाउन र देशमाथि हुनसक्ने विदेशी हस्तक्षेपबाट जोगाउन पनि यी पाँच दलहरुले वार्ताको लागि सक्रिय भूमिका खेल्नुपर्छ । माओवादीहरुले पनि पाँच दलसँग हात मिलाउनैपर्छ । उनीहरुलाई बेवास्ता गरेर माओवादीहरुले 'आफूले मात्र सरकारसँग वार्ता गर्छु' भने भने त्यो वार्ता सफल हुँदैन । पाँच दलहरु र माओवादीहरु संयुक्त रुपमा गएमा मात्र वार्ता सफल हुनसक्छ । सरकारले पनि पाँच दलहरु र माओवादीहरुले संयुक्त रुपमा ल्याएका प्रस्तावहरु मान्नुपर्छ ।* ☐

## वार्ता त्रिपक्षीय हुनुपर्छ

● राजेन्द्र खेतान
*उद्योगपति*



***केही*** *दिनअगाडि सरकार र माओवादीबीच भएको वार्ता र युद्धविराम टुटेको छ । यो वार्ता टुट्नुका धेरै कारणहरु छन् । पहिलो कारण, माओवादी, सरकार र अन्य पार्टीहरुको बीचमा त्रिपक्षीय समझदारी हुन नसक्दा एकआपसमा शंका-उपशंका उत्पन्न हुनु । दोस्रो, सरकार र माओवादीका कार्यक्रम र एजेण्डाहरुमा मिलनविन्दु हुनसक्ने कुराको खोजी गर्ने गृहकार्यमा कमी हुनु । तेस्रो, वार्ताको शुरुवात एउटा सरकारबाट हुनु र वार्ता चरमसीमामा पुग्दा सरकारको नेतृत्वमा नै परिवर्तन हुनु । चौँथो, युद्धविरामको घोषणा गर्दा माओवादीसँग भित्री तहसम्म समझदारी नगरिनु । पाँचौं, औपचारिक वार्ताबाट बढी आकांक्षा राखिनु र समयको चापले गर्दा वार्तामा हतारिएको वातावरण पैदा हुनु ।*

*अब फेरि वार्ता सम्भव गर्ने हो भने माओवादी र सरकार दुवै पक्षले आआफ्नो हठ त्याग्नुपर्छ । दुवै पक्षले युद्धविराम, आचारसंहिता र युद्धसम्बन्धी सामान्य सिद्धान्तभित्र बसेर वार्ताप्रति प्रतिबद्ध रहेको कुरा जनतालाई विश्वास दिलाउनुपर्छ र त्यसका लागि आवश्यक संयन्त्रको निर्माण गर्न गृहकार्य गर्नुपर्छ । अबको वार्ता सरकार-माओवादी, माओवादी-राजनैतिक पार्टीहरु र राजनैतिक पार्टीहरु- सरकारबीच त्रिपक्षीय हुनुपर्ने समझदारीको विकास गर्नुपर्छ । न्यूनतम र आधारभूत समझदारीका आधारमा वार्ता अगाडि बढ्नुपर्छ । औपचारिक वार्ता हुनुभन्दा पहिले अनौपचारिक वार्ताबाट समस्याको हल खोज्न पहल हुनुपर्छ र वार्तालाई सहज गर्ने प्रयासका आधारमा वार्ता थालनी हुनुपर्छ । अब हुने वार्ता बृहत् नागरिक समाजलाई पुल बनाएर अन्तिम समझदारीमा नपुगुन्जेलसम्म भइरहनुपर्छ ।* ☐

## राजनीतिक समाधान दिनुपर्छ

● पद्मज्योति
*उद्योगपति*



***अहिले*** *हाम्रो मुलुक जुन बाटोमा हिंड्दैछ, त्यहाँ विध्वंस र विनाशबाहेक केही भेट्टिनेछैन । हत्या-हिंसा न समाधानको बाटो हुनसक्छ, न त यसबाट पाउने समाधान दिगो हुनसक्छ ।*

*के अब हामी नेपालीहरु आफ्ना सबै समस्याहरु हिंसात्मक उपायबाट मात्र समाधान गर्ने समाज बनाउन चाहन्छौं ? हाम्रा बालबालिकाले के यही पाठ सिकेर भविष्यमा मुलुक चलाउने हो त ?*

*द्वन्द्वरत सबै पक्षले पहिले आमजनताको मनमा के छ, उनीहरु के चाहन्छन् राम्ररी बुझ्नुपर्छ । त्यहीअनुरुप वार्ताको माध्यमबाट शान्तिपूर्ण बाटोमा हिंडेर राजनीतिक समाधान मुलुकलाई दिनुपर्छ ।* ☐



# शर्त नभएको कुनचाहिँ संविधान हुन्छ ?

## डा. प्रकाशचन्द्र लोहनी

**● विगतमा वार्ता भंग भएपछि शान्ति सुरक्षा कायम राख्ने नाममै संकटकालीन अवस्थाको घोषणासम्म भयो । अब फेरि त्यस्तो केही विशेष...**

- त्यो परिस्थिति र घटनाले निर्णय गर्ने कुरा हो । अहिलेसम्म हामीले संकटकाल लागू गर्नुपर्ने कुनै आवश्यकता देखेका छैनौं । विद्यमान ऐन-कानूनहरूकै आधारमा समस्याहरूको समाधान गर्नसक्छौं भन्ने हाम्रो दृष्टिकोण छ ।

**● सुरक्षाबल परिचालन गरेरै अब मुलुकमा स्थायी शान्ति कायम गर्न सकिन्छ भन्ने सरकारको धारणा हो ?**

- सरकारको धारणा त वार्ताबाटै समस्या समाधान गर्नुपर्छ भन्ने हो । त्यही भएर हामीले अन्तिम समयसम्म पनि वार्ता छोडेका थिएनौं ।

**● माओवादी यसरी एकैचोटि वार्ता छोडेर युद्धमा किन हाम्फालेको होला ?**

- उहाँहरू किन त्यसरी जानुभयो भन्ने त मैले बुझेको छैन । तर शान्तिपूर्ण रूपमा वार्ताको माध्यमबाट समस्याको समाधान गरौं भने दृष्टिकोण चाहिं उहाँहरूमा देखिएन । लडाइं, हत्या र हिंसाबाटै दवाब दिन सकिन्छ भन्ने दृष्टिकोण माओवादीभित्र हावी भएको देखियो ।

**● वार्तामा बस्दा के माओवादी वास्तवमै वार्ताबाटै सबै समस्याको समाधान गर्ने मनःस्थितिमा आएको छ भन्ने लागेको थियो ?**

- वार्ता गर्न बसिन्छ भने वार्ताबाट समस्या समाधान गर्न सकिंदैन भनेर ठान्ने त कुरै भएन । यसलाई तपाईंले 'यिनीहरू मूर्ख रहेछन्' भन्ठान्नु होला । नेपालको भू-राजीतिक स्थिति र नेपालको राजनीति संस्थागत रूपमा कमजोर भएको वर्तमान अवस्थामा वार्ताबाट समस्या समाधान गर्न सक्छौं भने नेपालमा कुनै पनि विदेशीको चलखेल हुन नदिने कुरालाई सुनिश्चित गर्नसक्छौं भन्ने सरकारको धारणा हो । माओवादी पनि एउटा राष्ट्रवादी शक्तिको हैसियतले उसको पनि त्यही दृष्टिकोण हुनुपर्छ भन्ने हामीले विचार गरेका थियौं ।

वार्तामा गएपछि हामीले अघिसारेको अवधारणापत्र पनि माओवादीले उठाएका अधिकांश कुरालाई सम्बोधन गर्नेगरी लैजाँदा एउटा समाधानमा पुग्नसक्छौं भन्ने लागेर नै बनाइएको हो । २०४७ सालको संविधानले यथास्थितिमा काम नगरेकोले त्यसलाई परिवर्तन गरेर नेपाली समाजमा विद्यमान परम्परागत शोषण र विकृतिहरूलाई अन्त्य गर्ने तथा सामाजिक एवं आर्थिक उन्नतिको नयाँ फड्को मार्ने लक्ष्यमा माओवादी, संसदीय शक्तिहरू र श्री ५ को सरकार सबैको समानता देखिएको छ । यसरी लक्ष्यमा समानता भइसकेपछि विधि र प्रक्रियाको बारेमा हामीहरूबीच लचकता आउनसक्ला भन्ने आशा गरेका थियौं । तर लक्ष्यको बारेमा भन्दा विधि र प्रक्रियामा मात्रै उहाँहरूको मुख्य अडान देखियो । त्यसमा टसमस नहुने उहाँहरूको शैलीले वार्तामा समस्या खडा भएको हो ।

**● पहिले पनि संविधानसभाकै विषयमा कुरा नमिलेर वार्ता भंग भएको स्थितिमा त्यही विषयमा कुरा गर्नै नसकिनेगरी सरकार फेरि वार्तामा बस्नुहुन्थ्यो ? कि यस अवधिमा माओवादीमा थप लचकता सिर्जना भयो कि भनेर जाँच्न खोज्नुभएको ?**

- मेरो अडानबाट एक इन्च पनि हट्दिन भनेर वार्ता हुँदैन । केही लिने-दिने कुराकै बीचबाट एउटा समस्याको समाधान खोज्न सकिन्छ भनेर वार्तामा बस्ने हो । यही मनःस्थिति लिएर हामी वार्तामा बसेका थियौं । त्यसैले हामीले संविधान संशोधन वा पुनर्लेखनको अवधारणा अघि बढायौं, उहाँहरूले संविधानसभाको कुरा उठाउनुभएको थियो । यी विचारहरूका बीचमा पनि विभिन्न विकल्प र संभावना हुनसक्लान्, जसमा हामी दुवैको सहमति हुनसक्छ । ती संभावना र विकल्पहरूको बारेमा पनि विचार गरौं भनेर हामीले भन्दा उहाँहरू त्यो संभावनाको खोजी गर्नसम्म पनि तयार हुनुभएन । यसरी आफूले भनेको भन्दा अरू केही पनि कुरा मान्य हुनसक्दैन भनेर कोही जान्छ भने त्यो वार्ता सफल पार्ने दृष्टिकोण भएन ।

**● माओवादीले संविधानसभालाई र सरकारले संवैधानिक राजतन्त्रलाई 'बटमलाइन' बनाएर वार्तामा बसेको अवस्थामा ...**

- माओवादीले पनि २०४७ सालको संविधानको मर्म र भावनालाई लिएर जाने भनेकै थियो । हामीले बुझेसम्म त्यो संविधानमा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डता गरी चारवटा कुरा नै 'बटमलाइन' हुन् । यस्तो परिवेशमा कहाँ के परिमार्जन, संशोधन वा पुनर्लेखन गर्नुपर्छ, गर्न हामी तयार छौं । त्यसो गर्ने विधि र प्रक्रियाको संभावना र विकल्प पनि हेरौं भनेर हामीले बारम्बार भनेका छौं । तर, उहाँहरू केही पनि सुन्न तयार हुनुभएन ।

**● माओवादीकै भाषामा गोलमेच सम्मेलन र अन्तरिम सरकारलाई स्वीकारिसकेपछि जनताको बीचमा जाने 'संविधानसभा'को माध्यमलाई चाहिं तपाईंहरूले किन ठाडै अस्वीकार गर्नुभएको ?**

- सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर हुन्छ । यी दुईबीचको अन्तरसम्बन्ध बुझ्नु जरूरी छ । संविधानसभाको दृष्टिकोण सिद्धान्तको हिसाबले उत्कृष्ट भनेर त्यसको प्रतिरक्षा गर्न सकिएला । तर, तपाईं नै हेर्नोस्, माओ त्से तुङ्गको देशमा के संविधानसभाको चुनाव भएको थियो ? सारा शक्ति जनतालाई दिने भनिए पनि माओले तोकेको एउटा आयोगले चीनको संविधान बनायो । त्यो त्यहाँको वास्तविकता थियो ।

रूसमै हेर्नुस् न, त्यहाँ संविधानसभाको लागि भनेर डुमामा कुरा भयो । तर मेन्सेभिकले जित्नेबित्तिकै लेनिनले गएर सबैलाई लखेटेर आफ्नो किसिमले आयोग बनाएर संविधान निर्माण गरे । त्यहाँको विशिष्ट परिस्थितिले गर्दा त्यहाँ त्यस्तो भयो ।

अहिलेको दक्षिण अफ्रिकामा पनि संविधानसभाले संविधान बनाएको होइन । संसद्को चुनाव भएर संसद्ले आयोग गठन गरेपछि त्यसले बनाएको संविधान पारित गरियो । त्यसैले संविधानसभाको चुनाव गराउनेबित्तिकै देशका सारा समस्या समाधान हुन्छन् भन्ने कुरा व्यवहारिक रूपमा गलत हो ।

नेपालमा ध्रुवीकरणका शक्तिहरू बढी भएको

वर्तमान यथार्थमा, देशीमात्र नभएर यहाँको भू-राजनीतिक परिस्थितिको कारणले समेत विदेशी स्वार्थहरू पनि थुप्रै भएको परिवेशमा संविधानसभाले हाम्रो राष्ट्रिय आवश्यकतालाई अगाडि लैजान सक्दैन । नेपालको प्रजातन्त्रलाई बलियो पार्न पनि सक्दैन । नेपालमै भएका कतिपय संसदीय चुनावहरूले पनि मत कसले-कसले र कसरी-कसरी खसाल्छन् भन्ने थुप्रै अनुभव हामीलाई दिइसकेका छन् । यसलाई अध्ययन नगरी सिद्धान्तमा मात्रै जाने भन्ने कुरा नेपालको राष्ट्रिय हितको अनुकूल हुँदैन ।

संविधानसभाको माध्यमबाट हामीले प्राप्त गर्न खोजेको कुरा अरू त्यत्तिकै सशक्त विकल्पबाट प्राप्त गर्न सकिन्छ भने हामी त्यसतर्फ किन नलाग्ने ? तसर्थ नेपालको राजनीतिक, भू-राजनीतिक परिवेश, राष्ट्रभित्रका एकीकरण र ध्रुवीकरणका शक्तिहरूबीचको द्वन्द्वात्मक संघर्षको परिवेशमा नेपालको लागि संविधानसभा उपयुक्त छैन भन्ने हाम्रो दृष्टिकोण हो ।

**● जनतालाई सार्वभौम मानिसकेपछि ती जनताले आफ्नो लागि संविधानसभाको माध्यमबाट विधि निर्माण गर्न पाउने अधिकारलाई कुण्ठित गर्नेगरी संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र भन्दै विभिन्न शर्त अगाडि सार्ने सरकारको प्रयासले जनताको सार्वभौम अधिकारलाई स्वीकार गरेको देखिन्छ र ?**

- शर्त नभएको कुन चाहिँ संविधान हुन्छ ? इतिहासमा कसैले देखाउन सक्छ ? माओवादीले संविधानमा हुनुपर्ने कुराहरू भनेर जुन अन्तर्वस्तुका कुराहरू लिएर आएको छ, त्यसमा कतिवटा शर्त छन् ? जनताभन्दा माथि भएर त्यो शर्त राख्ने अधिकार माओवादीलाई कसले दियो ? यसरी आफूले शर्त राख्दा ठीक हुने, अरूले राख्दा बेठीक हुने ? २०४७ सालको संविधानले स्थापित गरेका शर्तहरूलाई जनताको हितविपरीत ठान्ने तर्क व्यवहारिक छैन । यथार्थ के हो भने शर्तविनाको कुनै पनि कुरा हुँदैन ।

**● नयाँ संविधान निर्माण गर्ने क्रममा 'अपरिहार्य कुराहरु' भनेर तोक्नु सामाजिक विज्ञानसम्मत् कुरा हो त ?**

- हामीले चारवटा कुरालाई अघि सार्दा मान्छेहरूले संसारमा अपरिहार्य कुनै कुरा हुँदैन, यो सामाजिक विज्ञानको विपरीत कुरा हो पनि भने । त्यो तर्क वास्तवमा ठीक पनि हो । संसारमा शाश्वत सत्य र अपरिहार्य भनेको कुरा एउटामात्रै छ- जिन्दगीपछिको मृत्यु । अरू कुनै कुरा अपरिहार्य छैन ।


**● तैपनि 'अपरिहार्य' भन्ने कुरा संविधान निर्माणको प्रसंगमा कहाँबाट आयो त ?**

- अपरिहार्य भन्ने कुरा पनि समयसापेक्ष हुन्छ । उदाहरणको रूपमा हेर्ने हो भने राष्ट्रिय भन्ने कुरा दुई शताब्दीअगाडि त्यति थिएन । आज अपरिहार्य भएको छ । पूँजीवादी औद्योगिक क्रान्तिको क्रममा त्यो राष्ट्रियताको अवधारणा पलाएर आयो । यो अवधारणा पचास वर्षपछि परिवर्तन हुनसक्छ । आज गरिएको राष्ट्रियताको परिभाषा सधैँभरिको लागि अपरिहार्य हुनसक्दैन । त्यसैले नेपालको अहिलेको परिवेशमा पनि सधैँका लागि कुनै कुरा ठीक वा कुनै कुरा बेठिक भन्ने अधिकार कसैलाई हुँदैन, त्यो त्यही पुस्ताले निर्णय गर्छ । हामीले गर्ने निर्णय भने राष्ट्रको आजको वास्तविकतामा आधारित हुनुपर्छ ।

आजको हाम्रो वास्तविकताको आधारमा हेर्ने हो भने बहुदलीय प्रजातन्त्र अपरिहार्य छ । एकसय वर्षपछि योभन्दा सक्षम अर्को शासन विधि निस्कनसक्छ । त्यो योभन्दा बढी सहभागीतामूलक हुनसक्छ । त्यसैगरी एकीकरण र ध्रुवीकरणका शक्तिहरू मौलाएर आइरहेको द्वन्द्वात्मक संघर्षको सन्दर्भमा राजसत्ताले एकीकरणको काम गर्नसक्छ । नेपालका विभिन्न जाति, जनजाति, भाषाभाषीको बीचमा २ सय ३५ वर्ष पुरानो राजसत्ता एकीकरणकारी भूमिकामा प्रयोग हुनसक्ने भएकोले यो पनि अपरिहार्य छ ।

**● भनेपछि राजसत्ता अहिले नयाँ संविधान बनाउनचाहिँ तयार भएको हो ?**

- संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, जनतामा निहित सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताजस्ता अपरिहार्य आधारहरूलाई विचार गरेर संविधान पुनर्लेखन गर्न सरकार तयार भएको हो । पुनर्लेखन गर्दा नयाँ बन्छ कि के हुन्छ भन्ने कुरामा म जान चाहन्न । सन् १७७६ मा अमेरिकाको संविधान बनेपछि केही वर्षभित्रै दशवटा संशोधन भए । ती संशोधनविनाको अमेरिकी संविधानको कल्पना नै गर्न सकिन्न । ती संशोधनहरूले वास्तवमा संविधानलाई नयाँ रूप दिए । यसरी कहिलेकाहीं जब पार्टपूर्जाहरूमा परिवर्तन गर्दै जाँदा समष्टिमा पनि चिन्नै नसकिने गरी परिवर्तन भएर जान्छ । व्यवस्थामा परिवर्तन गर्नुपर्ने खाकाहरूलाई हामीले हाम्रो अवधारणापत्रमा राखेका छौं । तपाईंहरूको अवधारणा के छ लिएर आउनुस्, साझा कुरामा संयुक्त रूपले जाऔं भनेर हामीले माओवादीलाई भनेका हौं ।



उहाँहरुले आन्दोलनलाई सातौं चरणमा पुऱ्याइसक्नु भएको छ, ती चरणहरु बढाउन श्री ५ को सरकारले त सहयोगै गरिरहेको छ

**● प्रतिनिधिसभामार्फत् नयाँ संविधान बनाउन सकिने अवधारणा तपाईंहरुको हो कि होइन ?**

- हामीले त संविधानसभा र संविधान सुधार वा पुनर्लेखनका बीच के के विकल्प हुन्, कुरा गरौं भनेका छौं । तर, उहाँहरूले कुरा गर्न तयार छैनौं भनिसकेपछि त हाम्रो के लाग्छ ?

**● अहिले चारवटा आधारहरुलाई अपरिहार्य भनिदिँदा त्यसले भावी पिँढीको निर्णय गर्ने अधिकारमाथि अंकुश लगायो कि लगाएन ?**

- कुनै पिँढीलाई कसैले अंकुश लगाउनै सक्दैन । श्री ३ महाराजले शासन चलाएको १०४ वर्षसम्म कसैले परिवर्तन होला भन्ने सोचेको थियो ? पंचायतलाई पनि निर्विकल्प भनिएको थियो तर परिवर्तन भयो । तसर्थ अर्को पिँढीलाई अंकुश लगाउनै सकिँदैन । भावी पुस्ताको चिन्तनशैली, चिन्तन स्तर र चिन्तनको संरचना कहाँ, कसरी पुग्छ भनेर ठोकुवा गर्न सकिँदैन । बस्, आजको परिवेशलाई हेरेर यो ठीक र यो बेठीकसम्म मात्र हामी भन्नसक्छौं ।

**● तपाईं सरकारी अवधारणापत्रलाई पूर्ण ठान्नुहुन्छ, तर माओवादीमात्र नभएर आन्दोलनरत पाँच संसदीय दलले पनि यसको आलोचना गरे । के ती सबै मूर्खै हुन् त ?**

- उहाँहरूले आरोप लगाउनु भए पनि यो कुरामा गल्ती छ भनेर औंल्याउन सक्नुभएको छैन । हाम्रो आर्थिक र सामाजिक सुधारको अवधारणापत्र उहाँहरूले राखेको अवधारणाभन्दा दुई कदममाथि छ । अरूले भनेका राम्रा कुरालाई पनि स्वीकार्न नसक्नु संसदीय राजनीतिक प्रणालीको एउटा कमजोरी नै हो ।


**● सेना व्यवस्थापन र परिचालनको विषयमा माओवादीले निरन्तर प्रश्न उठाइरह्यो । अरु राजनीतिक दलले पनि प्रश्न उठाए । तर, त्यही विषयमा सरकारी अवधारणापत्र मौन रह्यो । यसको कारण के ?**

- अहिलेको भन्दा राम्रो व्यवस्था के हो, त्यस विषयमा कुरा गरौं भनेर माओवादीलाई हामीले भन्यौं । जुनसुकै देशमा पनि राष्ट्राध्यक्ष नै सेनाका पनि प्रमुख हुन्छ । अमेरिकामा पनि त्यही हो, भारतमा पनि त्यही हो । तर उसले त्यो शक्तिको प्रयोग भने जनप्रतिनिधिहरूले भनेको माध्यमबाट मात्रै गर्न पाउँछ । हाम्रो संविधानअनुसार पनि प्रधानमन्त्रीले सुरक्षा परिषद्को निर्णय लेखेर दिएपछि राजाले त्यसलाई कार्यान्वयन गर्नैपर्छ । यदि यो व्यवस्था ठीक छैन भने तपाईंहरूको विकल्प ल्याउनुस् भनेर हामीले माओवादीलाई भन्यौं । हामी अरू देशको उदाहरणसमेत राखेर उहाँहरूले प्रस्तुत गर्ने विकल्पबारे कुरा गर्न तयार थियौं, तर उहाँहरू



बाँकी ३७ पेजमा

हापुरे वार्ताको भित्री कथा



# लोकतान्त्रिक विकल्पले वार्ताको ढोका खोल्नेछ

पद्मरत्न तुलाधर

**■ शान्तिवार्ता र युद्धविराम के कारणले भंग भएको जस्तो लाग्छ ?**

- राजनैतिक गतिरोधको कारणले गर्दा नै यो वार्ता टुटेको हो । संविधानसभाभन्दा तल झर्न नसक्ने माओवादीको अडान, संविधान संशोधन र केही बुँदाहरूमा पुनर्लेखनभन्दा माथि जान नसक्ने सरकारी पक्षको अवस्था रह्यो ।

**■ पहिलेका वार्ताहरु र हापुरे वार्तामा के के कुरामा भिन्नता देख्नुभयो ?**

- पहिलेका वार्ताहरूको तुलनामा निकै भिन्न रहेको यस वार्तामा हामी सहजकर्ताहरू र सरकारी वार्ता टोलीका सदस्यहरू हापुरे पुग्दा अत्यन्तै सौहार्दपूर्ण रूपमा स्वागत सत्कार भयो । वार्तामा पनि अत्यन्तै सौहार्द र शिष्टतापूर्ण तरिकाबाट कुराहरू प्रस्तुत गरिएका थिए । दुईवटा युद्धरत पक्षहरूबीच भएको वार्तामा कुनै एउटा पनि कटु शब्द प्रयोग भएको थिएन । यसपालि सरकारी वार्ता टोली पक्षका सदस्यहरू पनि वार्तामा व्यवस्थित र सक्रिय रूपले प्रस्तुत हुनु भएको थियो । हामीहरूसँग पनि दुवैपक्षको नियमित सम्पर्क थियो । बाबुरामजीहरूसँग पनि हाम्रो छलफल लगातार हुनसकेको थियो ।

**■ माओवादी पक्षबाट के के कुराहरु राखिएको थियो ?**

- नेपालगंजमा वार्ताको उद्घाटन हुँदा सरकारी पक्षले आफ्नो अवधारणापत्र पढेर सुनाउनुका साथै प्रतिलिपि पनि बुझाएको थियो । त्यसमाथि बाबुरामजीको प्रारम्भिक टिप्पणीमा सरकारी अवधारणापत्रले माओवादीलाई विद्रोही शक्तिको रूपमा मान्यतासम्म नदिएको र कुनै पनि अग्रगमनको कार्यक्रम नल्याएको भन्ने कुरा थियो । हापुरेमा पनि बाबुरामजी र कृष्णबहादुर महराजी दुवैले 'माओवादी भनेको सेना र सत्तासहितको शक्ति हो, तर सरकारी अवधारणापत्रले हामीलाई त्यो हैसियतको मान्यता नै दिएन र हामीले उठाएको कुनै पनि कुरालाई सम्बोधन गरेन । त्यसैले हामी यसलाई पूरा अस्वीकार गर्छौं ।' भनेर कुरा शुरू गर्नुभएको थियो ।

त्यसपछि एजेण्डा तय गर्ने विषयमा भएको छलफलमा माओवादी पक्षले सबभन्दा पहिले राजनैतिक मुद्दामा नै छलफल हुनुपर्छ भन्ने कुरा राख्यो । त्यही सहमतिअनुसार छलफल शुरू हुँदा महराजीले 'नेपाली समाजमा अहिले जे जति समस्या उत्पन्न भएका छन्, ती राजसंस्थाकै कारणले भएका छन् । त्यसैले यसको बढी जिम्मेवारी राजसंस्थाले नै लिनुपर्छ । त्यसकारण राजसंस्थाको अन्त्य नै देशको आवश्यकता हो' भन्ने किसिमले कुरा राख्नुभयो । त्यसपछि बाबुरामजीले त्यसमाथि थप विचार राख्नुभयो । यो कुरा सरकारी वार्ता टोली र सहजकर्ताहरू दुवैका लागि नयाँ कुरा भयो । एकछिन त अन्यौल र अवाक्को स्थिति नै सिर्जना भयो । त्यो दिन समय समाप्त भएकोले मन्त्रीजीहरू नेपालगंज फर्किनुभयो र हामी त्यहीँ बस्यौं । त्यो दिन बेलुकी हामीले माओवादीहरूसँग 'राजतन्त्रको उन्मूलनको कुरा त हिजोसम्म नसोचिएको, आज कसरी शुरू भयो ? भनेर अनौपचारिक छलफल गर्‍यौं । उहाँहरूले पनि 'हामीले राजतन्त्र नै उन्मूलन गर्न खोजेका होइनौं' भन्नुभयो ।

दोस्रो दिनको वार्ता शुरू हुँदा पनि बाबुरामजीहरूले 'राजतन्त्र नै फाल्ने कुरा होइन' भनेर भन्नुभयो । त्यसपछि संविधानसभाको बारेमा विश्लेषण भयो । 'सबैभन्दा प्रजातान्त्रिक र वैधानिक विधि भनेको संविधानसभा नै हो । फेरि संविधानसभा भनेको मार्क्सवादी र कम्युनिष्ट चीज होइन । यो त प्रजातान्त्रिक प्रक्रिया र २००७ सालदेखि उठिरहेको मुद्दा पनि हो' भनेर उहाँहरूले राख्नुभयो ।

**■ सरकारी वार्ता टोलीको तर्फबाट के के कुराहरु आए त ?**

- 'यो अवधारणापत्र माओवादीले उठाएका सबै कुराहरूको अध्ययन गरेर र त्यसमाथि प्रशस्त ध्यान पुर्‍याएर तयार पारिएको हो । त्यसैले माओवादीले उठाएका सबै समस्याहरूको समाधान यसबाट हुनसक्छ । आवश्यक परेमा संविधानका केही धाराहरूको पुनर्लेखन पनि हुनसक्छ' भनेर सरकारी वार्ता टोलीका सदस्यहरूले कुरा राख्नुभयो । तर माओवादीको अडान निःशर्त संविधानसभा मै रह्यो । निःशर्त रूपमा संविधानसभामा जाँदा राजाको स्थान के कस्तो हुने भन्ने कुरामा पनि सामान्य रूपमा छलफल भयो । त्यसमा 'राजाले पनि केही कुरा त्याग्नुपर्ने हुन्छ । राजा केही कुरा त्यागेर पूर्णतः संवैधानिक राजाका रूपमा रहे भने राजालाई हामी सम्मानका साथ राख्छौं' भन्ने कुरा माओवादी पक्षद्वारा राखिएको थियो । यसरी निःशर्त रूपमा संविधानसभामा जाँदा राजालाई राख्नुपर्ने हो भने एउटा समझदारी बनाएर जानसकिन्छ भन्ने कुरामा पनि छलफल भएको थियो । तर उहाँहरूको न्यूनतम कुरा निःशर्त संविधानसभाप्रतिको अडान नै रह्यो । यो कुरामा सरकारी वार्ता टोली सहमत भएन ।

**■ यो वार्ता के समझदारीमा टुंगिएको थियो ?**

- हापुरेमा नै वार्ता भंग हुने अवस्था सिर्जना भइसकेको थियो । बाबुरामजीहरू अरू नयाँ कुरा नआउने हो भने त अर्को वार्ताको औचित्य नै छैन भनेर वार्ताको अर्को मिति तोक्ने कुरामा सहमत नै हुनुभएको थिएन । तर हामीहरूले अहिले नै चौथो चरणको वार्ताको तिथि नतोके पनि एकसाताभित्र तोकौं भन्ने सल्लाह दियौं । त्यसमा दुवैपक्षले सहमति जनाए र त्यो कुरामा लिखितै रूपमा सहमति भएको थियो । तापनि नयाँ संविधानतिर जाने अथवा संविधानसभातिर जाने हो भने मात्र अर्को वार्ता हुन्छ भन्ने शर्त बाबुरामजीहरूको थियो । पछि सम्पर्क हुँदा पनि एकहप्तासम्म पनि सरकारबाट सकारात्मक जवाफ आएन भनेर वार्ताको तिथि तोक्न बाबुरामजी मान्नुभएन । तर सरकारी पक्षको कुरा के रह्यो भने 'अब संविधानसभामा अथवा अरू विकल्पहरूको बारे पनि छलफल गर्नसकिन्छ । सरकारी अवधारणापत्रमाथि नै पनि छलफल गरौं' भन्ने कुरा उहाँहरूको थियो । तर संविधानसभाबाहेक तल झर्ने कुरामा माओवादी सहमत भएन ।

**■ यो गतिरोध फुकाउन के गर्नसकिन्छ ?**

- यसका लागि त अब फेरि वार्ता नै हुनुपर्छ । यसका लागि पहिले दुवैको दुवैप्रतिको अविश्वासको वातावरण अन्त्य हुनुपर्छ । माओवादीहरू वार्ता छाडेर जानुको मूल कारण नै सरकारले उहाँहरूलाई वार्तामा फसाएर घेराबन्दी गर्न लाग्यो भन्ने शंकाले गर्दा हो । चन्द सरकारको पालामा बनाइएको आचारसंहिता पालना नभएको कारणले पनि यस्तो शंका उत्पन्न भएको हो । त्यसैले अर्को वार्ता हुनका लागि अनुगमन टोली निर्माण गर्नुका साथै धेरै कामहरू हुनुपर्छ ।

**■ फेरि वार्ता हुने सम्भावना छ ?**

- छ । दुवै पक्षले वार्ताको ढोका थुनेका छैनन् । आन्दोलनरत पार्टीहरू, नागरिक समाज र जनताहरू पनि वार्ता हुनुपर्छ नै भनिरहेका छन् । अन्तर्राष्ट्रिय स्तरबाट पनि त्यही कुरा आइरहेको छ । त्यसैले चौथो चरणको वार्ता हुनसक्छ र हुनुपर्छ ।

**■ यसका लागि सरकार, माओवादी र अन्य पार्टीहरुले के गर्नुपर्छ त ?**

- सबभन्दा पहिले त सरकारले माओवादीमाथि लगाएको 'आतंकवादी'को घोषणा फिर्ता लिनुपर्छ । माओवादीले पनि अग्रगमनका लागि राजा, अन्य दलहरू र आफैगरी, तीनवटै शक्तिहरू मिलेर जानुपर्छ । र, उहाँहरूले 'शान्तिका लागि र देशको अग्रगमनका लागि हामी सकेसम्म लचिलो हुन पनि तयार छौं' भन्ने व्याख्या गर्नुभएकै छ । यसकै आधारमा पनि माओवादीले संविधानसभाजत्तिकै लोकतान्त्रिक तरिकाहरू, जनता नै निर्णायक हुने खालका अरू विकल्पहरू हुनसक्छन् भने त्यसबारे विचार गर्नुपर्छ र अरू कसैबाट दोस्रो या तेस्रो जनपक्षीय विकल्प आयो भने त्यसबारे पनि सोच्नुपर्छ । त्यस्तै अन्य दलहरू पनि वार्ताप्रक्रियामा आफ्नो सहभागिता जनाउन तयार हुनुपर्छ । उहाँहरूले सरकार र माओवादी दुवैसँग वार्ता गरेर फेरि पनि वार्ता गराउन ठूलो भूमिका खेल्न सक्नुहुन्छ । सबै पक्षलाई मान्य हुने खालको नयाँ संविधानमा जाने लोकतान्त्रिक प्रक्रियाको विकल्प आउनसक्यो भने फेरि वार्ताको ढोका खुल्नेछ । ❑

# हामीले आफ्नो तर्फबाट वार्ताको ढोका बन्द गर्नेछैनौ

– प्रचण्ड

**○ सत्ता पक्षले कुनै पनि बेला चौथो चरणको वार्ता गर्न आफू तयार छु भन्दाभन्दै र आफ्नो अवधारणा पत्रमा परिमार्जनको संभावना छ भन्दाभन्दै तपाईहरूले जनइच्छा विपरीत युद्धविराम र वार्ताको औचित्य समाप्त भएको हठात् घोषणा गर्नुभयो । के कारणले तपाईहरू यस्तो घोषणा गर्न पुग्नुभयो ?**

– हाम्रो पार्टीले देश र जनताप्रतिको आफ्नो जिम्मेवारी गंभीरतापूर्वक विचार गरेर नै शान्तिपूर्ण राजनैतिक निकासका लागि पुरानो सत्तासमेतको आग्रहमा युद्धविरामसहित वार्ता प्रक्रियामा प्रवेश गरेको हो । हाम्रो पार्टी हेडक्वार्टरको एउटै वक्तव्यद्वारा जनमुक्ति सेनाद्वारा पूर्व निर्धारित हजारौं प्रतिरोध कार्यवाहीहरू बन्द गरिए । यसले पार्टीको निर्देशनमा जनमुक्ति सेनाले व्यावहारिक रूपमा प्रदर्शन गरेको अनुशासन, इमान्दारिता र जिम्मेवारीबोधको उच्चतालाई अभिव्यक्त गर्दछ । दोस्रो चरणको वार्तामा भएको सहमतिमा ठाडै धोखा नहुँदासम्म युद्धविरामपछि पनि शाही सेनाका तर्फबाट निरन्तर भइरहेका दमन, धरपकड, दर्जनौंको हत्या र आतंकको शान्तिपूर्ण प्रतिरोध मात्र गरेर हाम्रो पार्टी र जनसेनाले देश र जनताको शान्तिको चाहनाप्रतिको आफ्नो प्रतिबद्धतालाई स्थापित गऱ्यो ।

हामीले जिम्मेवारीका साथ शान्तिपूर्ण राजनैतिक निकासका निमित्त प्रयत्न गरिरहेकै बेला पुरानो सत्ताद्वारा आकास र जमिन मार्गबाट आधुनिक हातहतियार थुपार्ने काम गरियो । सयौंको संख्यामा अमेरिकी र अन्य विदेशी सैन्य विशेषज्ञहरू भित्र्याएर शाही सेनालाई तालिमहरू दिन थालियो, यतिबेलै अमेरिकासँग कथित आतंकवादविरोधी समझदारी गरियो, आचारसंहिता र वार्तामा भएका सहमति र समझदारीहरूलाई सत्तापक्षले शुरूदेखि नै पालना गर्नै नपर्ने अर्थमा लिएको कुरा व्यवहारतः स्पष्ट देखियो । जब दोस्रो चरणको वार्तामा भएको सहमतिलाई सत्तापक्ष र शाही सेनाले ठाडै इन्कार गर्ने धृष्टता गऱ्यो, तब हाम्रो र जनसमुदायको शान्तिपूर्ण राजनैतिक निकासको प्रयत्नमाथि गंभीर विश्वासघात भएको स्पष्ट हुन गयो । तत्पश्चात् वार्ता प्रक्रियामा ठूलो गत्यावरोध पैदा भयो । त्यो स्थितिमा स्वाभाविक रूपले हाम्रो अगाडि जनप्रतिरोधको तयारी गर्नुबाहेक अर्को विकल्प रहेन । युद्धविराम भंग नभइसकेको त्यो स्थितिमा दरबारद्वारा अर्को सरकार अगाडि सारियो । पूर्व सहमति कार्यान्वयन नहुँदासम्म औपचारिक वार्ताको औचित्य नदेखेर नै हामीले सत्तापक्षसँग पत्राचार र अल्टिमेटममार्फत् आफ्नो स्थिति स्पष्ट पार्ने कोशिस गऱ्यौं । अन्तमा सत्तापक्षले हाम्रा केही माग पूरा गरेको र अन्य मागका बारेमा सैद्धान्तिक सहमति व्यक्त गरेका कारण समग्र स्थिति विचार गरी राजनैतिक दलहरूलाई समेत अपील गर्दै तेस्रो चरणको औपचारिक वार्तामा बस्ने निर्णय गऱ्यौं ।

परन्तु, तेस्रो चरणको वार्तामा सत्तापक्षले जुन अवधारणा पत्र प्रस्तुत गऱ्यो, त्यसले देशका अगाडि विद्यमान मूलभूत समस्यालाई सम्बोधन नगरेको मात्र होइन, अपितु सुधारका गुलिया गोलीले लपेटेर असोज १८ पछिको सामन्ती प्रतिगमनलाई नै सुदृढ गर्ने षड्यन्त्र गरेको तथ्यलाई मात्र स्पष्ट गऱ्यो । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रकै कुरा गर्ने प्रमुख संसदवादी दलहरूको मागलाई समेत सम्बोधन गर्न असफल त्यो 'अवधारणा पत्र'ले हामीलाई हतियार बुझाएर राजनैतिक आत्मसमर्पण गर्नेसम्मको माग गरेर वस्तुतः वार्ताको औचित्य नै समाप्त गऱ्यो । हाम्रो वार्ताटोलीले गम्भीरतापूर्वक त्यसलाई सम्पूर्ण रूपले अस्वीकार गरेर संविधान सभामा जाने अर्को नयाँ प्रस्ताव पुरानो सत्तापक्षले ल्याएमा मात्र चौथो चरणको वार्ता हुन सक्ने अन्यथा वार्ताको कुनै अर्थ नहुने कुरा स्पष्ट शब्दमा राख्यो । जतिबेला तेस्रो चरणको वार्तामा सो बहस भइरहेको थियो, ठीक त्यति नै बेला रामेछापको दोरम्बामा एरिया कमिटीको बैठक गरिरहेका हाम्रो पार्टीका १७ जना निहत्था कार्यकर्ता र २ जना सामान्य जनतालाई शाही सेनाले आफ्नो कब्जामा लिएर हात पछाडि बाँधेर लाइन लगाई कत्लेआम गऱ्यो । यसरी वस्तुतः तेस्रो चरणको वार्तामा प्रस्तुत पुरानो सत्तापक्षको 'अवधारणा-पत्र'ले राजनैतिक र दोरम्बामा शाही सेनाले गरेको १९ जनाको नरसंहारले फौजी रूपमा वार्ता भङ्ग भएको घोषणा गरिसकेका हुन् ।

यो सबैलाई थाहा भएकै कुरा हो कि हाम्रो पार्टी जनगणतन्त्रका निमित्त लडिरहेको क्रान्तिकारी पार्टी हो । देशमा पुरानो सत्तापक्षमार्फत् बढ्दै गएको वैदेशिक चलखेल र हस्तक्षेपका कारण नेपालको राष्ट्रिय स्वतन्त्रतामा नै बढिरहेको खतरालाई रोक्न तथा जनसमुदायको शान्तिको आकाङ्क्षा पूरा गर्न हामी जनगणतन्त्रको नारालाई तत्कालका लागि वार्ताको टेबलबाट स्थगित गरेर संविधान सभाको



*विगतको वार्ता : अब नेपाली जनताको स्मृतिमा मात्र सीमित ?*

निर्वाचनमार्फत् समस्या समाधान गर्ने सर्वमान्य विधिमा आयौं । संविधान सभाको नारा कुनै कम्युनिस्ट क्रान्तिकारीको नारा होइन । जनतालाई सार्वभौम अधिकारसम्पन्न मान्ने कसैले पनि संविधान सभामा जान हिच्किचाउनु पर्ने कुनै कारण हामी देख्दैनौं । संविधानमा अपरिवर्तनीय आधार राख्नु र संविधान सभाको विरोध गर्नुले पुरानो सत्तापक्षको जनतामाथि विश्वास नरहेको तथ्यलाई मात्र प्रमाणित गर्दछ । हामीले संविधान सभामा अडान लिनुको अर्थ राज्यप्रणालीको छनोट र सञ्चालनमा जनताको सार्वभौम अधिकारलाई स्थापित गर्नु तथा कुनै हालतमा त्यसलाई कुण्ठित हुन नदिनु हो । त्रिकोणात्मक शक्ति सङ्घर्ष चलिरहेको र त्यसका कारण देशको राष्ट्रिय स्वतन्त्रतामा नै खतरा बढिरहेको आजको स्थितिमा जनतालाई यसको फैसला गर्न दिने जस्तो देश हितमा वैज्ञानिक र प्रजातान्त्रिक कुरा अरू केही हुनै सक्दैन । तर, विडम्बना पुरानो सत्तापक्ष बरू देश डुबोस् तर संविधान सभामार्फत् नेपाली जनतालाई सार्वभौम तुल्याउन तयार छैन । पुरानो सत्तापक्ष, विदेशी शक्तिकेन्द्रसँग झुकेर उनीहरूको सहयोगमा देशभक्त नेपालीहरूको रगतमा होली खेल्न तयार छ, तर जनतालाई सार्वभौम मान्न तयार छैन ।

त्यो स्थितिमा नेपाली जनताका अगाडि राष्ट्रिय स्वतन्त्रता र आफ्नो सार्वभौम अधिकारका निमित्त पुरानो सत्ता पक्षका राष्ट्रघाती, जनविरोधी एवम् निरङ्कुश क्रियाकलापको प्रतिरोध गर्नुबाहेक अर्को विकल्प नरहेको कुरा स्पष्ट हुन्छ । अतः हाम्रो पार्टीले पुरानो सत्ता पक्षले 'मुखमा राम राम, बगलीमा छुरा'को शैलीमा वर्तमान युद्धविराम र वार्ताबाट अग्रगामी निकासको सम्भावनालाई अन्त्य गरेकोले तत्कालका लागि ऊसँगको युद्धविराम, आचारसंहिता र वार्ता-प्रक्रियाको औचित्य समाप्त भएको घोषणा गरेको हो ।

**❍ तेस्रो चरणको वार्तामा सत्ता पक्षबाट तपाईहरूले निकै ज्यादा नै अपेक्षा गर्नुभएको थियो कि क्या हो ? नत्र अर्को चरणको वार्तामा बस्ने भन्ने भइसकेपछि त्यो बस्नु नै उचित थिएन र ? आखिर के हो तपाईहरूले वार्ता र युद्धविराम भंग गर्न यति हतारिनुको असली भित्री कारण ?**

- सत्तापक्षको समग्र स्थिति एवम् छ महिनाको अनुभवको आधारमा हामीले उनीहरूबाट कुनै ठूलो अपेक्षा त गरेका थिएनौं, तर यसप्रकारको प्रतिगामी सार बोकेको प्रस्ताव आउला भन्ने कुरा झन् सोचेकै थिएनौं । सत्तापक्षद्वारा गरिएका पत्राचार एवं मौखिक अभिव्यक्ति हेर्दा हामीलाई अमूर्त रूपमै भए पनि नयाँ संविधान निर्माणका विभिन्न विकल्पहरू खुल्ला गरेर आउने संभावना रहेको छ भन्ने लागेको थियो । यसको विपरित असोज १८ कै दरबारको कदमलाई निरन्तरता दिने बाहेक सारतः अरू केही नभएको प्रस्ताव आउँदा निश्चय नै हामीले गंभीर आश्चर्य महसुस गर्‍यौं ।

यस प्रकारको प्रतिगामी प्रस्ताव आउनु तथा रामेछाममा त्यो भयानक हत्याकाण्ड मच्चाइनुबाट सत्तापक्षले शान्तिपूर्ण निकासको राग देश र दुनियाँलाई भ्रम दिने विशुद्ध षड्यन्त्र अन्तर्गत अलापिरहेको भन्ने हामीलाई लाग्यो । त्यसमा पनि हाम्रो विशेष सूत्रबाट केही दिन पहिले मात्र सरकारलाई सैन्य स्वार्थका कारण शाही सेनाले एकाध महिना वार्तालाई कुनै पनि तरिकाले लम्ब्याउन सरकारलाई आग्रह गरेको छ भन्ने जानकारी प्राप्त भएको थियो । सरकारी वार्ता टोलीको प्रस्तावको प्रकृति एवं शाही सेनाद्वारा गरिएको नरसंहार हेर्दा कतै त्यही आग्रहको पालना त भइरहेको छैन ? हामीमा गंभीर आशंका उत्पन्न भयो । सरकारद्वारा प्रस्तुत छेउ न टुप्पाको त्यही प्रस्तावलाई ब्रिटिश, अमेरिका र भारतले हतार-हतार समर्थन गर्नुले नेपाल र नेपाली जनताका विरूद्ध गंभीर बाह्य षड्यन्त्र अन्तर्गत सत्तापक्ष चलिरहेको कुरा पनि अझ छर्लङ्ग भयो । त्यसैले जति धेरै वार्ता लम्ब्यायो, सत्तापक्षले विदेशीहरूसित मिलेर उति धेरै हामीलाई सिध्याउन आफ्नो षड्यन्त्र र तैयारी पूरा गर्ने सम्भावना टड्कारो देखिएकाले हामीले वार्तालाई थप नलम्ब्याउने निर्णय गरेका हौं । जहाँसम्म युद्धविराम भंग गर्ने कुरा छ, पुरानो सत्तापक्षले रामेछाप हत्याकाण्डबाट एकतर्फी र अघोषित रूपमा युद्धविराम भंग गरिसकेको जग जाहेर छ । हामीले त पुरानो सत्तापक्षले यसबीचमा त्यसवापत क्षमायाचना गरेर आउँछ र आफ्नो प्रतिगामी प्रस्तावनामा हेरफेर समेत गरेर आउँछ कि भनेर हप्तादिन कुरिसकेपछि पनि त्यो नभएकाले पछि मात्र वार्ता र युद्धविरामको औचित्य समाप्त भएको घोषणा गरेका हौं ।

**❍ तेस्रो चरणको वार्तामा सरकारी वार्ता टोलीले प्रस्तुत गरेको 'अवधारणा पत्र' र तपाईहरूको वार्ता टोलीले पहिलो चरणको वार्तामा प्रस्तुत गरेको राजनैतिक कार्यसूचीमा मुख्यतः के कस्ता भिन्नता थिए ? सरकारी वार्ता टोलीले त दुवैमा कुनै खास ठूलो भिन्नता थिएन, उनीहरूले तपाईहरूको मुख्य माग पूरा गरेका नै थिए भन्ने कुरा गरिरहेका छन् नि ?**

- हाम्रो न्यूनतम राजनैतिक कार्यसूची र सरकारी 'अवधारणा पत्र' मा कुनै खास ठूलो भिन्नता नदेखेको प्रचार गर्नु भन्दा ठूलो राजनैतिक वेइमानी र पाखण्ड अरू केही हुन सक्दैन । सत्तापक्षद्वारा प्रस्तुत कथित अवधारणा पत्र केही अमूर्त सुधारका अर्थहीन वकवासद्वारा प्रतिगामी सारतत्वलाई ढाक्ने मिथ्या प्रयासको पुलिन्दा हो भने हाम्रो राजनैतिक कार्यसूची नेपाली समाजको वास्तविक अग्रगमनको ऐतिहासिक दस्तावेज हो ।

हाम्रो राजनैतिक कार्यसूचीले प्रतिगामी सामन्ती सत्तामा आमूल परिवर्तन गर्ने, जनतालाई वास्तविक अर्थमा सार्वभौम तुल्याउने तथा नयाँ र वास्तविक अर्थको प्रजातान्त्रिक सत्ता स्थापित गर्ने कुराको माग गरेको छ । त्यसका लागि हाम्रो कार्यसूचीले जनता र जनमतलाई सर्वोच्च बनाउनु पर्ने र जनमतका सामुन्ने सत्ता र संविधानका कुनै पनि कुरालाई अपरिवर्तनीय भन्न नमिल्ने तथा सबै कुराको



*तत्कालीन मन्त्री तथा सरकारी वार्तटोली प्रमुख नारायणसिंह पुन तथा माओवादी वार्तटोली सदस्य कृष्णबहादुर महरा :* ***के अब यस्तो भेटको सम्भावनाको पुरै अन्त्य भएको हो ?***

फैसला गर्ने अधिकार संविधान सभा मार्फत् जनसमुदायलाई प्रदान गर्ने कुराको दृढ पक्षपोषण गरेको छ । जबकि सरकारी अवधारणाले राजतन्त्र लगायतका निश्चित सामन्ती मान्यताहरूलाई अपरिवर्तनीय आधार बनाएर सार्वभौम जनताको खिल्ली उडाएको छ । हाम्रो कार्यसूचीले सामन्ती दरबारको कमाण्डमा रहेको सैन्य शक्तिलाई पुनर्सगठित गर्ने, नयाँ नामाकरण गर्ने तथा जनप्रतिनिधिहरूको प्रत्यक्ष कमाण्डमा ल्याउने कुरा गरेको छ । जबकि सरकारी अवधारणा पत्रले शाही सेनालाई दरबारकै कमाण्डमा *अभ्र आधुनिकीकरण* गर्ने सोंच अघि सारेको छ । हाम्रो कार्यसूचीले धर्म निरपेक्ष राज्यको आवश्यकतामा जोड दिएको छ भने सरकारले ब्राम्हणवादी हिन्दू अधिराज्यकै निरन्तरता खोजेको छ । हाम्रो कार्यसूचीले आत्मनिर्णयको अधिकार सहित जातीय र क्षेत्रीय स्वशासन स्थापना गर्ने तथा त्यस अनुसार समानुपातिक आधारमा केन्द्रीय संरचना खडा गरी नितान्त नयाँ आधारमा नयाँ नेपालको निर्माण गर्ने कुरा गरेको छ, जबकि सरकारी अवधारणापत्रले विद्यमान सामन्ती संरचनामा अमूर्त सुधारको हवाई कल्पना गरेर जनतालाई भ्रम दिने चालबाजी मात्र गरेको छ । हाम्रो कार्यसूचीले महिला, दलित एवं अन्य उत्पीडित समुदायका लागि राज्यसत्ता लगायत सामाजिक जीवनका सबै क्षेत्रमा विशेषाधिकारको कुरा गरेको छ भने सरकारी पत्रले सीमित आरक्षणको भीख प्रदान गरेको सस्तो लोकप्रियता हासिल गर्ने कुचेष्टा गरेको छ । हाम्रो कार्यसूचीले क्रान्तिकारी भूमिसुधार सहित आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासमा जोड दिँदै नोकरशाही र दलाल पूजीपतिहरूमाथि अंकुश लगाउने कुरा गरेको छ । जबकि सरकारी पत्रले विद्यमान आर्थिक संरचना (सडेको) लाई निरन्तरता दिने कुरा गरेको छ ।

राज्यसत्ताका यी आधारभूत कुराहरूमा रहेका यी आधारभूत भिन्नताहरूले मात्र पनि हाम्रो राजनैतिक कार्यसूचीले प्रतिनिधित्व गरेको अग्रगामी परिवर्तन र सरकारी अवधारणा पत्रले प्रतिनिधित्व गरेको सामन्ती प्रतिगमनलाई बुझ्न कुनै कठिनाई पर्दैन ।

केन्द्रीकृत र संश्लेषित रूपमा भन्नुपर्दा हाम्रो कार्यसूचीले गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको निर्वाचनलाई एक अर्काबाट अविभाज्य इकाइका रूपमा लिएको छ । यसको अर्थ गणतन्त्र रोज्ने जनताको सार्वभौम अधिकारलाई कुण्ठित हुन नदिनु हो । हामीले गणतन्त्रको नारालाई वार्ताको टेबलमा मात्र स्थगित गरेको हो, संविधान सभामार्फत् गणतन्त्र वा राजतन्त्र रोज्ने अधिकार जनतालाई दिऊँ भनेको हो । यसको अर्थ हामीले गणतन्त्र छोडेर राजतन्त्र स्वीकारेको भन्ने लगाउनु ठूलो भ्रम हो । राजतन्त्र स्वीकारेको भए हामीले संविधान सभाको कुरा गर्नुको औचित्य नै रहने थिएन । सशर्त संविधान सभा भन्नु जनताको सार्वभौम अधिकारको उपहास मात्र हुनेछ ।

**❍ तपाईहरूको अनुरोधका बावजुद असोज १८ को शाही कदमका विरुद्ध आन्दोलनरत राजनैतिक दलहरू वार्ता प्रक्रियामा सहभागी बनेनन् । समग्र वार्ता प्रक्रियामा राजनैतिक दलहरूको भूमिकालाई चाहिँ तपाईले कसरी हेरिरहनु भएको छ त ?**

युद्धविरामको लगत्तै हामीले राजनैतिक दलहरूसंग द्विपक्षीय र बहुपक्षीय अन्तर्क्रियामा जोड गरिरहेका थियौं । हाम्रो के विश्वास थियो भने जनतालाई सार्वभौम मान्ने सबै राजनैतिक दलहरूका बीचमा संविधान सभाको न्यूनतम नारामा सहमत हुन सकिन्छ । चौतर्फी संकटमा रहेको पुरानो सत्तामा यसप्रकारको सहमतिले ठूलो परिवर्तन ल्याउन संभव थियो । ऐतिहासिक मोडमा खडा भएको देशको वर्तमान स्थितिमा राजनैतिक दलहरूका बीचको सहमतिले कमसेकम बुर्जुवा डेमोक्रेसीलाई पूर्णता दिन सकिने यथार्थलाई पक्डेर हामीले त्यो जोड गरिरहेका थियौं ।

तर, प्रमुख संसदवादी दलहरूले आफ्नै सत्तामोहका कारण त्यो ऐतिहासिक आवश्यकतालाई देख्न र आत्मसात गर्न सकेनन् । २००७ सालदेखि आजसम्मको ५३ वर्षमा पटकपटक असोज १८ आउनुको मुख्य कारण प्रजातन्त्रको अपूर्णता हो भन्ने कटु सत्यलाई बोध नगरी एउटा असोज १८ मात्र सच्याएर केही हुन नसक्ने कुरालाई उनीहरूले समात्नै सकेका छैनन् । जेहोस, राजनैतिक दलहरूका बीचमा न्यूनतम सहमति हुन नसक्नुको फाइदा सामन्ती तत्वहरूले उठाइरहेका छन् । एउटा महान् अग्रगामी फड्को मार्न सकिने ऐतिहासिक मोडमा प्रमुख राजनैतिक दलहरूको यो अकर्मण्यतालाई इतिहासले राम्रो मूल्याकंन कदापि गर्ने छैन ।

कतिपय राजनैतिक दलहरूले उल्टै हाम्रो संविधान सभाको प्रस्ताव नै अस्पष्ट भएको तर्क गरिरहेका छन् । यो तर्क आफैमा अस्पष्ट छ । किनकि, संविधान सभा भनेको गणतन्त्र, संवैधानिक राजतन्त्र, सक्रिय राजतन्त्र वा कस्तो राज्य प्रणाली स्थापना गर्ने भन्ने प्रश्नको फैसला जनतालाई गर्न दिने भनेको हो । यसमा अस्पष्टताको सवाल नै कसरी पैदा हुन सक्छ ? जहाँसम्म हाम्रो पार्टीको प्रस्तावको कुरा छ, हामीले संविधान सभा मार्फत् गणतन्त्रमा जाऔं भन्न खोजेको हो भन्ने तथ्य के कसैबाट लुकेको छ र ? वास्तविकता यस्तो हुंदाहुंदै पनि युद्धविराम भएदेखि नै कतिपय संसदवादी नेताहरूले हाम्रो र दरबारको बीचमा गोप्य साँठगाँठ रहेको हल्ला गर्न खोज्नु आफैमा अनौठो रहेको छ ।

यो स्थितिका बाबजुद हामीले तेस्रो चरणको वार्तामा राजनैतिक दलहरूको सहभागिता अनिवार्य भएको कुरा स्पष्ट शब्दमा राख्यौं । त्यसका लागि सत्ता पक्षले आवश्यक वातावरण बनाउन सक्नु पर्दछ भन्ने हाम्रो जोड थियो । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको कुरा गर्ने वर्तमान सत्ता पक्षले त्यही कुरा गरिरहेका राजनैतिक दलहरूलाई समेत सहमतिमा लिन नसक्नुले सत्तापक्षको पाखण्डलाई नै उदाङ्गो पारिरहेको छ । संसदवादी दलहरूलाई पनि सहमति गराउन नसक्ने सत्तापक्षले हामी क्रान्तिकारीहरूको राजनैतिक मागलाई संवोधन गर्न नसक्नु कुनै आश्चर्य होइन ।

वर्तमान त्रिकोणात्मक शक्ति संघर्षका कारण वार्ताले सहज राजनीतिक निकास पाउन नसकेको यथार्थलाई हामीले गंभीरतापूर्वक लिएको कुरा स्पष्ट गर्न चाहान्छौं । अतः यो संघर्षलाई दुई कोणात्मक बनाउन आवश्यक ठान्दछौं ।


**❍ अब त वार्ता भंग भइसकेको स्थिति छ, के युद्धद्वारा नै समस्याको समाधान गर्न सकिन्छ भन्ने ठान्नु भएको छ ? के फेरि वार्ता संभव छ ?**

– हामीले अहिले पनि शान्तिपूर्ण र अग्रगामी राजनीतिक निकासका निमित्त जोड गरिरहेका छौं । तर, सत्तापक्षले यसरी नै बाध्य पार्दछ भने हामी अन्त्य सम्म लड्न पनि तयार छौं । राष्ट्रिय स्वतन्त्रता र जनसमुदायको परिवर्तनको आकांक्षाका लागि अगाडि बढ्ने जनयुद्ध र त्यसको विजयलाई कसैले रोक्न सक्ने छैन । नयाँ इतिहासको निर्माणमा मूल्य त चुकाउनै पर्दछ, त्यसका लागि हामी जस्तोसुकै मूल्य चुकाउन पनि तयार छौं ।

तर फेरि पनि हामीले आफ्नो तर्फबाट वार्ताको ढोका बन्द गर्नेछैनौं । जनताको सार्वभौम अधिकार र आधारभूत हितहरू स्थापित हुने स्थितिमा हामी पुनः वार्तामा बस्न सक्नेछौं । त्यसप्रकारको स्थिति र वातावरण तयार गर्न निरन्तर सहयोगका निमित्त हाम्रो पार्टी देशभित्र र बाहिरका तमाम जनपक्षीय शक्ति एवम् जनसमुदायसंग हार्दिक अनुरोध समेत गर्दछ । ❑

*(ने.क.पा. माओवादीले युद्धविराम, वार्ता र आचारसंहिताको औचित्य समाप्त भएको निर्णय गरेपछि प्रचण्डले हामीलाई फोन संपर्क गर्नुहुँदा हामीले अन्तर्वार्ताको लागि अनुरोध गर्दै प्रश्नहरु टिपाएका थियौं । हाम्रा ती प्रश्नहरुको जवाफ पछि उहाँले इमेलमार्फत् पठाउनु भई प्राप्त भएकोले यो अन्तर्वार्ता प्रस्तुत गर्न सकिएको हो । संपर्कको अभावमा जवाफहरुमाथि जरुरी प्रतिप्रश्न गर्न संभव हुन सकेन – मूल्याङ्कन)*

राजाको प्रतिबद्धता सम्वैधानिक राजतन्त्रप्रति छ, उत्तरदायित्व जनता र राज्यप्रति छ र लगाव प्रजातन्त्रप्रति छ भने राजा र राजपरिवारको सम्पत्ति सार्वजनिक किन नगर्ने ?



अमर गिरी •

# के संकेत गर्छ, राजाको सम्पत्ति सार्वजनिक गर्ने मागले ?

**राजा** र राजपरिवारको सम्पत्ति सार्वजनिक गर्नुपर्ने माग बढ्दैगएको छ । आन्दोलनरत राजनैतिक दलहरूले यसलाई नयाँ मागका रूपमा अघिसारेका छन् । यसअनुरूप आन्दोलनका कार्यक्रमहरूबाट राजा र राजपरिवारको सम्पत्ति सार्वजनिक गर्नुपर्ने मागलाई निरन्तर उठाइएको छ र हस्ताक्षर संकलन अभियानलाई पनि अघि बढाइएको छ । राजधानीमा मात्र होइन, देशका विकट र पछि परेका भू-भागहरूमा पनि यस मागप्रति जनसमर्थन बढ्दैगएको पाइन्छ ।

कतिपय विश्लेषकहरू दलहरूद्वारा अघि सारिएको यस मागलाई अख्तियारद्वारा भ्रष्टाचारविरूद्ध थालिएको अभियानसँग गाँसेर व्याख्या गर्न पनि रूचाउँछन् । तर यसमा खासै दम देखिँदैन, बरू दलहरूप्रतिको पूर्वाग्रह नै बढी प्रतीत हुन्छ । अख्तियारद्वारा भ्रष्टाचारविरूद्ध थालिएको कारवाही राजनैतिक आग्रहदेखि मुक्त छैन । असोज १८ को घटनाको पृष्ठभूमिमा अख्तियारको कारवाहीलाई विश्लेषण र परिभाषित गरिनु आवश्यक छ । अख्तियार मुलुकलाई भ्रष्टाचारबाट मुक्त गर्ने उद्देश्यबाट कम र बढी राजनैतिक दल र तिनका नेताहरूलाई बद्नाम गर्ने उद्देश्यबाट अभिप्रेरित रहेको छ । उसका काम-कारवाहीहरूले यसै कुरालाई पुष्टि गर्छन् । बाह्र वर्षको अवधिमा कतिपय नेताहरूबाट गम्भीर त्रुटिहरू नभएका होइनन्, भ्रष्टाचार तीमध्ये एउटा हो । भ्रष्टाचारबाट अकूत सम्पत्ति आर्जन गर्ने नेता-कार्यकर्ताहरू हाम्रै वरिपरि छन्, तर अख्तियारको कारवाही विशुद्ध भ्रष्टाचार निवारणको लक्ष्यमा सीमित देखिँदैन । यो प्रतिगमनको योजनाबद्ध 'मिसन'सँगै गाँसिएको छ र भ्रष्टाचार निवारणको छद्म आवरणमा परिचालित छ । के अख्तियार ती सबै भ्रष्टलाई कारवाही गर्नसक्छ, जो प्रतिगमनका नायकहरूबाट संरक्षित छन् ? देश-दुनियाँ जान्दछ, ती यस मुलुकका पहिलो पंक्तिका भ्रष्टहरू हुन् र तिनको भ्रष्ट कारोवार अहिले पनि निर्वाध रूपमा चलिरहेछ ।

राजा र राजपरिवारको सम्पत्ति सार्वजनिक गर्नुपर्ने माग मूलतः नेपाली जनतामा विकसित हुँदैगरेको चेतना र राजा र राजनैतिक दलहरूबीच बढ्दैगएको द्वन्दको परिणाम हो । नेपालको इतिहासमा राजा र दलहरूबीच सर्वाधिक द्वन्द भएको क्षण हो यो । यस द्वन्दलाई मात्र सत्तास्वार्थसँग गाँसेर हेर्नु गम्भीर ऐतिहासिक त्रुटि हुनेछ । सामाजिक चेतनाको विकासक्रमले दलहरूलाई त्यो ठाउँ र मोडमा उभ्याइदिएको छ, जहाँबाट उनीहरूले या त अग्रगामी कदम चाल्नुपर्छ या त आफ्नो पतनको दुःखद् दृश्य हेर्न तयार हुनुपर्दछ ।

राजा सामन्तवादका नायक हुन् र राजतन्त्र त्यसको प्रतिनिधि संस्था । सामन्तवाद जनतालाई रैती ठान्छ र सम्पूर्ण शक्ति र अधिकार एउटा नायकमा केन्द्रित होस् भन्ने चाहन्छ । 'म नै राज्य हुँ' भन्ने फ्रान्सेली राजाको कथनलाई यहाँनेर सम्झन आवश्यक छ । नेपाली सामन्तवादको मूल प्रतिनिधिको चरित्र पनि योभन्दा भिन्न होइन । ७०/८० वर्ष लामो नेपालको प्रजातान्त्रिक आन्दोलनले राजा र राजतन्त्रलाई समयानुकूल हिंडाउन पर्याप्त दबाव दिएको हो, तर राजतन्त्रले आफ्नो आधारभूत चरित्रमा परिवर्तन गर्न खासै रूचि देखाएन । समयानुकूल नहुँदासम्म भित्र-भित्र षडयन्त्र गर्ने र अनुकूल हुँदा सिधै हस्तक्षेप गर्ने उसको चरित्र रह्यो । यसैको परिणाम हो, असोज १८ गतेको घटना ।




राजा र राजपरिवारको सम्पत्ति सार्वजनिक गर्नुपर्ने माग मूलतः नेपाली जनतामा विकसित हुँदैगरेको चेतना र राजा र राजनैतिक दलहरूबीच बढ्दैगएको द्वन्दको परिणाम हो

तर अब घटनाक्रमहरू त्यो बिन्दुमा पुगेका छन्, जहाँबाट राजतन्त्रलाई पछि फर्कन र आफूलाई अपारदर्शी बनाइरहन लामो समयसम्म सम्भव हुनेछैन । राजतन्त्रजस्तो संस्थाका सन्दर्भमा आठ-दश वर्ष केही होइन । तर बढ्दै गएको द्वन्दको परिणाम के हुन्छ ? यो महत्वपूर्ण प्रश्न हो । नेपाल राजतन्त्रलाई पूर्ण सम्वैधानिक बनाउने र बुर्जुवा प्रजातन्त्रलाई पूर्णता प्रदान गर्ने संघर्षको चरणमा प्रवेश गरेको छ । यो संघर्ष त्यसै समाप्त हुने लक्षण देखिँदैन र हुने पनि छैन । सम्पत्ति सार्वजनिक गर्नुपर्ने मागको मियो पनि यही हो । राजाको प्रतिबद्धता सम्वैधानिक राजतन्त्रप्रति छ, उत्तरदायित्व जनता र राज्यप्रति छ र लगाव प्रजातन्त्रप्रति छ भने राजा र राजपरिवारको सम्पत्ति सार्वजनिक किन नगर्ने ? यसका निम्ति राजसंस्था किन तयार नहुने ? प्रजातन्त्रले जनता र जनताका नायकको बीचमा सबै सामन्ती भेदहरूलाई चुँडाल्छ र चुँडाल्नु पनि पर्दछ । जनता पारदर्शी हुनुपर्छ भने जनताको नायक पनि पारदर्शी हुनुपर्छ । प्रजातान्त्रिक आदर्श र मूल्यले कुनै दैवीय वा विशिष्ट अधिकारको सिद्धान्तलाई स्वीकृत गर्दैन ।

नेपालको इतिहासमा राजतन्त्र कहिल्यै पारदर्शी रहेन । राजतन्त्र सधैं रहस्यमय संस्था बनिरह्यो । इतिहासको पाठबाट बोध भएको सत्य एकातिर छँदै थियो, तर राजा वीरेन्द्रको सवंश हत्याले यस सत्यको




श्री ५ ज्ञानेन्द्र

द्रष्टा र भोक्ता दुवै बनाइदियो जनतालाई । राजा वीरेन्द्र र उनको परिवारको हत्यापछि राजा वीरेन्द्रको सम्पत्ति सार्वजनिकमात्र होइन, राष्ट्रियकरण गरिनुपर्छ भनेर समेत आवाज उठ्यो, तर त्यस आवाजलाई कुनै महत्व दिइएन । राजाको सम्पत्ति यति हो भनेर सार्वजनिक गर्ने सामान्य औपचारिकतासम्म पुरा गरिएन । बरू केही निजी छापाहरूले आफैले खोजतलास गरेर सार्वजनिक जानकारी गराउने काम गरे । छापाहरूले सार्वजनिक गरेको तथ्य-तथ्याङ्क पनि उपलब्ध भए जति मात्र हो, तथ्याङ्कमा उपलब्ध नभएको सम्पत्ति कति छ, कसैलाई पत्तो छैन । जनताले तिरेको करबाट चल्ने एउटा संस्था र तिनका प्रतिनिधिहरूलाई कत्ति सम्पत्ति छ भनेर माग गर्ने अधिकार जनतालाई रहन्छ । ०४७ सालको संविधानले जनतालाई सार्वभौम मानेको छ र राजाले अहिलेसम्म त्यस संविधानप्रति आफ्नो प्रतिवद्धता जनाइरहेका छन् । जनता सार्वभौम हुन् र जनतालाई सार्वभौम मान्ने संविधानप्रति प्रतिबद्धता छ भने सम्पत्ति सार्वजनिक गर्नुपर्छ । चेतनाको विकास र परिवर्तनको प्रक्रियालाई सबैले स्वीकार गर्न सक्नुपर्छ । नेपाली जनताको चेतनाको स्तर, उनीहरूको राजनीतिक सोच र आकांक्षा कैयौं गुणा बढेका छन् । अब त्यो समय ढिप्किसकेको छ, जुन समयलाई अनुकूलतामा बदल्न सकिन्थ्यो । राजा महेन्द्रलाई आदर्श मानेर उनका पदचिन्हहरूलाई पछ्याउने जमाना गुज्रिसकेको छ । मनोकांक्षा राखेर कोही कहीं पुग्दैन, त्यसअनुकूलको जमिन पनि हुनुपर्छ । त्यो जमिन अब समाप्त हुँदैछ ।

राजतन्त्र जहाँ जहाँ टिकेको छ, त्यसको जमिन समयबोध रहेको छ । समयबोध गर्दै परिवर्तनका निम्ति तयार रहन नसक्ने राजतन्त्र कहीं टिकेको छैन । इतिहासको अपवाद नेपाल हुनसक्तैन । सम्पत्ति सार्वजनिक गर्नका निम्ति दिइएको दबाव र त्यसप्रति बढ्दै गरेको जनसमर्थनले पुष्टि गर्ने सत्य यही हो । दलहरूले अगाडि सारेको यस मागमा जनआकांक्षा प्रतिविम्बित छ । न त यो प्रतिशोधको भावनाले अगाडि सारिएको माग हो, न त यो कुनै हत्पत्को निर्णय हो । राजा र जनता आम्ने साम्ने भइरहेको यो ऐतिहासिक घडीमा जनताले 'सम्पत्ति सार्वजनिक गर' भनेर माग गर्नु स्वाभाविक छ । यो एउटा यस्तो लाक्षणिक माग हो, जसले प्रतीकात्मक रूपमा राजालाई पूर्ण सम्वैधानिक भएर आफ्नो अस्तित्वलाई सुरक्षित राख्न संकेत गर्दछ । राजतन्त्रले सार्वजनिक नगरे पनि आज त्यस संस्थासँग यति सम्पत्ति छ, जो नेपालजस्तो गरीब मुलुकको राजतन्त्रका निम्ति अशोभनीय कुरा हो । एउटा ऐतिहासिक संस्थाको गरिमाप्रति जनता सम्वेदनशील छन्, तर उनीहरू त्यसलाई बेलगाम छोड्न र अपारदर्शी बनिरहन दिन चाहँदैनन् । पूर्ण सम्वैधानिक राजतन्त्रको कुरा प्रासंगिक बनिराख्नुको कारण पनि यही हो । होइन भने योभन्दा अर्को बाटो पनि छ, जसले सम्वैधानिक राजतन्त्रको कुरालाई अप्रासंगिक बनाइदिन्छ । ऐतिहासिक घडीमा कस्तो निर्णय लिने, सोच्ने र निर्णय गर्ने राजसंस्थाले हो । ❑


नेपालको एकमात्र केबुलकार
मनकामना जाने सपना साकार




## मनकामना केबुलकार

मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कंपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।

**मनकामना दर्शन (प्रा) लि.**
**MANAKAMANA DARSHAN (P.) LTD.**
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५
Email: mdpl@chitawoncoe.com, mc,lstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana

DPi/mdpl/010714b



# नेपाली चलचित्र चरम निराशातिर

■ नारायण अमृत

निर्माताहरूको आन्दोलनपछि चलचित्र क्षेत्र स्थिर बनेको छ । पूर्ववत् ढंगमा चलचित्रहरूको प्रदर्शन प्रारम्भ गरिएको छ । खासगरी राजधानीको चलचित्र व्यवसायलाई प्रभावित गर्न खोजिएको आन्दोलनको लेखाजोखा गर्नुपर्ने सान्दर्भिकता अझै पनि छ । निर्माताहरूले आन्दोलन किन गरे ? यसको उपलब्धि के हो ? आफैंमा यो अन्दोलनजस्तो थियो कि थिएन अथवा राज्यले यो आन्दोलनलाई कसरी हेर्‍यो र नागरिक समाजसँग कुन रूपको सम्बन्ध छ, यो आन्दोलनको ? - चलचित्र क्षेत्रमा मात्र नभएर इतर चलचित्रकर्मीहरूमाझ पनि यी जिज्ञासाहरूको जवाफ स्पष्ट हुनुपर्छ ।

नेपाली चलचित्र परिवृत्तमा आन्दोलनलाई अलिक फरक रूपमा प्रयोग गरिँदै आएको छ । हालै चलचित्र निर्माताहरूले हलवालासंग खनिएर आफ्नो आन्दोलनको शुरूवात गरेका थिए र त्यसको अनौपचारिक ढंगको अन्त्य पनि हलवालासँगै बसेर गरियो । तर निर्माताहरू जुन समस्या महसूस गरेर आन्दोलित भएका थिए, त्यो समस्या अझै पनि सुल्झेको छैन । र, यस्तो रवैयाले सुल्झिन पनि सक्दैन ।

चलचित्र व्यवसायको प्रतिफलमा लाग्ने हक र अधिकारको विषयलाई केन्द्रविन्दु मानेर राजधानीमा नेपाली चलचित्र नै नचलाउने हठमा पुगेका निर्माताहरूले पछिल्लो चरणमा आएर आफ्नो माग पूरा भएको दावी गरेका छन् । यसअघि चलचित्र व्यवसायका झण्डै ५० प्रतिशत प्रतिफल पाउने निर्माताहरूले आन्दोलनपश्चात् ५५ देखि ६० प्रतिशतसम्म प्रतिफलमा हक जमाउने प्रावधान तय भएको बताएका छन् । तर जुन संयन्त्रसँग उनीहरूको सम्झौता भएको छ, त्यसमा ढुक्क हुने अवस्था भने पटक्कै छैन । अबको एक वर्षभित्रै यो सम्झौता तोडिएको खबर प्राप्त भयो भने आश्चर्य मान्ने ठाउँ छैन । किनभने चलचित्र हलवालाहरूको तत्कालीन नेतृत्वसँग अर्थात् चलचित्र संघसँग निर्माताहरूले राज्यको कुनै खाले पनि उपस्थितिविना यो उपाय अवलम्बन गरेका हुन् । यो परिदृश्यलाई विहंगम दृष्टिमात्र लगाउने हो भने पनि बुझ्न सकिन्छ- बाध्यात्मक अवस्थामा चलचित्र निर्माताहरूले हलवालासँग सम्झौतारूपी विकल्पको खोजी गर्दा यहाँभन्दा माथि जाने अवस्था छैन ।

आन्दोलनको सेरोफेरोमा हलवालाहरूले निर्माताहरूलाई गरेका यावत् शोषणका कुराहरू उठे । भ्रष्टाचार र घुस खाने अनि खुवाउने कुराहरू उठे । चलचित्र व्यवसायमा रहेको एकाधिकारको कुरा उठ्यो । र, त्योभन्दा अगाडि बढेर चलचित्र हलहरूले कर छल्ने गरेका प्रसंगहरू पनि आए । तर हलवालाहरूको सबैखाले 'हर्कत्' थाहा पाएको चलचित्र निर्माता संघले राज्यसँग किन पारदर्शिताको माग गरेन र उल्टै हलवालाहरूसँग दिनरात कुरा मिलाउन अल्झिरह्यो ? यो प्रश्नको चित्तबुझ्दो जवाफ चलचित्र निर्माताहरूसँग छैन पनि । यसको पछाडि एउटा स्वार्थले काम गरेको छ । नेपाली चलचित्रका कुनै पनि संघ-संगठनहरू चलचित्र क्षेत्रमा राज्यको उपस्थिति चाहनुभन्दा आफ्नै खाले नियमहरू लाद्न चाहन्छन् । निर्माता र हलवालामात्र नभएर कलाकार संघ र द्वन्द निर्देशक संघले बनाएका नियमहरू हेर्‍यो भने पनि यो कुराको पुष्टि हुन्छ ।

निर्माताहरू र हलवालाबीच देखिएको असमझदारी पहिले पनि थियो । जब वि.सं. ४० को दशकान्ततिर नेपाली चलचित्र व्यवसायमा वितरकहरूको उपस्थिति बाक्लियो, त्यस बेलादेखि चलचित्र निर्माणको संख्या ह्वात्तै बढ्यो । मध्य पचासतिर त चलचित्र व्यवसाय थामिनसक्नु भइसकेको थियो । कुनै निर्मातासँग चार, पाँच लाख रूपियाँ भयो कि त चलचित्र निर्माण प्रारम्भ गरिहाल्ने । हिन्दी चलचित्रहरूको प्रभाव रहेको बजारमा मनग्य नेपाली चलचित्रहरू पनि थपिंदा हलवालाहरूको भाउ बढ्नु स्वभाविक थियो । राजधानीको विश्वज्योति हललाई नेपाली चलचित्र चलाउने 'पपुलर स्टेशन' बनाएको पनि नेपाली चलचित्रका निर्माताहरूले नै हो । देशभरि रहेका झण्डै तीन सय चलचित्र हलहरूमध्ये अधिकांश हलहरूमा चलचित्र चलाउनुको सट्टा केही चलचित्र हलहरूलाई मात्र आफ्नो 'टार्गेट' बनाउने परिपाटी यही बेलामा चलेको हो । यसले गर्दा भाउ पाएका चलचित्र हलहरूले जथाभावी गर्न थाले । टेबुलमुनिबाट निर्मातासँग पैसा असुल्ने, कर छल्ने र चलचित्र व्यवसायको प्रतिफलमा बढी हक जमाउने प्रवृत्तिका लागि हलवालाहरू जति जिम्मेवार छन्, त्यत्ति नै जिम्मेदार छन्, चलचित्र निर्माताहरू पनि । अहिले पनि नेपाली चलचित्रको बजार विस्तार गर्ने रणनीतिमा भन्दा अव्यस्थित तरिकाले चलचित्र प्रदर्शन गर्ने परिपाटी रहेको छ । वार्षिक रूपमा ४० वटाभन्दा बढी चलचित्रहरू प्रदर्शन गर्ने यो क्षेत्रले अहिलेसम्म पनि मुश्किलले १ सय १० वटाभन्दा बढी चलचित्र हलहरूमा नेपाली चलचित्र प्रदर्शन गर्न सक्दैन । यो अवस्थाले के देखाएको छ भने, चलचित्र निर्माताहरू बजार रणनीतिमाभन्दा बढी कोरा ढंगमा चलचित्र उत्पादन गरिरहेका छन् । चलचित्र व्यवसायका लागि गतिलो बजार संयन्त्र

*उही धनी र गरीब केटी, माया, ममता, बाबु आमाको बाधा र अन्त्यमा एकजनाले दर्जनौं बाधालाई पन्छाउने जादूमय समाधान रहेका चलचित्रले अबको बाटो पहिल्याउन सक्दैन ।*

**जब समाज र राज्यको परिकल्पनाअनुरुपका चलचित्रहरु बन्दैनन् भने ती चलचित्रहरुलाई किन छुट दिने ?**

बनाउन न त चलचित्र उत्पादकहरूले पहल गरेका छन् न त सरकारले नै । निर्माताहरूको आन्दोलन पनि त्यो भरपर्दो संयन्त्रका लागि हुनुपर्दथ्यो । आखिर हलवालाले मात्र नीति-नियम बनाएर चलचित्रकर्मीको कल्याण हुने भए ( यहाँका अधिकांश हलवालाहरू चलचित्र उत्पादनको काम पनि गर्दछन्) अवश्य पनि यो क्षेत्रमा जरैदेखि समस्याहरू देखिने थिएनन् । यो उनीहरूको आफ्नै कमजोरी हो ।

चलचित्र निर्माताहरूले राजधानीलाई नै प्रभावित गर्ने खालको आन्दोलन किन गरे ? यसका पछाडि पनि विभिन्न स्वार्थले काम गरेका छन् । चलचित्र व्यवसायका लागि मूलतः काठमाण्डौ उपत्यका सबैभन्दा अब्बल स्थान मानिन्छ । चलचित्र प्रदर्शनबाट उठ्ने कूल प्रतिफलको ३५ प्रतिशत रकम उपत्यकाबाटै जम्मा हुने गरेको छ । तर पछिल्ला दिनहरूमा उपत्यकामा समेत नेपाली चलचित्रको बजार स्वात्तै घटेको छ । व्यावसायीहरूका अनुसार, अहिले उपत्यकाको बजार १५ देखि २० प्रतिशतसम्मको हाराहारीमा झरेको छ । निश्चित रूपमा यो अवस्थाले चलचित्र निर्माताहरूलाई अप्ठ्यारोमा पारिरहेको छ । यो आलेख तयार पारून्जेलसम्म उपत्यकामा प्रदर्शनको पालो कुरेर बसेका ७५ वटाभन्दा बढी चलचित्रहरूको लाममा खासै आशा राखिएका चलचित्रहरू छैनन् । उही पुरानै शैलीमा बनाइएका बम्बईया शैलीका चलचित्रहरूले दर्शकहरूलाई बढी आकर्षित गर्लान् भन्ने आश पनि छैन । यसरी उपत्यकाको चलचित्र बजार ओरालो लागेपछि चलचित्र निर्माताहरूले आन्दोलनको लहर चलाएका थिए ।

चलचित्रहरू व्यावसायिक रूपमा किन ओरालोतिर लागे भन्ने बारेमा समीक्षा गर्नुभन्दा पनि निर्माताहरूले आन्दोलनलाई महत्वपूर्ण सम्झे । आन्दोलनका पछाडि निरन्तर चलचित्र बनाइरहने निर्माताहरूले अर्को फाइदा पनि देखे । त्यो थियो- नयाँ निर्माताहरूलाई पाखा लगाउने प्रयास । अशोक शर्मा र युवराज लामाको लहडले निम्त्याएको अर्थहीन आन्दोलन भनेर नयाँ निर्माताहरूले टिप्पणी गर्दै आएका छन् । पुरानाहरूले वर्चश्व जोगाउनुपर्ने र नयाँहरू पन्छिनुपर्ने अवस्था बनाइदिएको छ, अहिलेको निर्माता संघले नै । आन्दोलनका अगुवाहरूले हलहरूलाई आफ्नो बशमा पार्न सकेको खण्डमा 'क्यू सिस्टम' मिचेर नयाँ निर्माताहरूलाई सधैं तह लगाउने घुमाउरो रणनीति बनाएको थियो, यो आन्दोलनले ।

अधिकांश चलचित्र निर्माताहरू आफ्ना उत्पादनप्रति जिम्मेदार र इमान्दार बन्न नसकेका कारण चलचित्र व्यवसायको पछिल्लो चरण संकटमा फस्दै गएको छ । ९७ प्रतिशतभन्दा बढी चलचित्रहरूले घाटा खानुमा निर्माताहरूले देशको वर्तमान अवस्थालाई दोष दिँदै आएका छन् । अझ एक कदम अगाडि बढेर उनीहरूले 'नेपाली दर्शक नै राम्रा चलचित्र चाहदैनन्' भन्ने खालको गैरजिम्मेवारीपूर्ण तर्क अगाडि सार्ने गरेका छन् । आफ्नो उत्पादनको गुणस्तर कायम नगर्ने र मनोगत रूपमा दर्शक र देशको अवस्थालाई दोष दिने गलत समीक्षाले गर्दा पनि निर्माताहरू चलचित्रको व्यवसायिक रणनीतिमा असफल सावित भएका हुन् ।

सरकारले पनि अर्थहीन चलचित्रहरूलाई मनोरंजन करमा शतप्रतिशत छुट दिएर गल्ती गरेको छ । जब समाज र राज्यको परिकल्पनाअनुरूपका चलचित्रहरू बन्दैनन् भने ती चलचित्रहरूलाई किन छुट दिने ? सरकारी नीतिको बढ्दो नरमीपनले पनि निर्माताहरूलाई घिसीपीटी चलचित्र बनाइरहन प्रेरित गरेको छ ।

पछिल्लो जानकारीअनुसार, नेपाल विश्वव्यापार संगठन (डब्ल्यू.टि.ओ.)को सदस्य बन्ने अन्तिम तयारीमा छ । विश्वव्यापार संगठनको शर्त नेपालमा पनि लागु भएपछि निश्चित रूपमा नेपालले हरेक विषयमा भारतसँग व्यापारिक सम्बन्धलाई नवीकरण गर्नेछ । त्यो अवस्थामा चलचित्र व्यवसायको कुरा पनि नउठ्ला भन्न सकिँदैन । त्यसका लागि नेपाली चलचित्र व्यवसायीहरूले कुनै खाले तयारी गरिरहेका छैनन् । भोलिको अवस्थामा फेरि भारतीय चलचित्रको थप दवाव नेपालमा नपर्ला भन्न सकिँदैन । त्यो बेला नेपाली चलचित्रकर्मीले यस्तै खाले अर्थहीन आन्दोलन तय गरे भने त्यसको प्रतिफलस्वरूप फेरि नेपाली चलचित्र व्यवसाय नमज्जाले पछि धकेलिने निश्चित छ । त्यसैले पनि चलचित्र निर्माताहरूले अबका दिनहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई हृदयंगम गरी चलचित्र निर्माणमा लाग्नुपर्ने देखिन्छ । त्यसका निमित्त मौलिक र नेपाली पहिचान बोकेका चलचित्र रचनाहरूको उत्पादन तथा तिनको उचित बजारको खोजीका लागि सक्रियताको आवश्यकता खड्कदै गइरहेको छ ।

उही धनी र गरीब केटी, माया, ममता, बाबु आमाको बाधा र अन्त्यमा एकजनाले दर्जनौं बाधालाई पन्छाउने जादूमय समाधान रहेका चलचित्रले अबको बाटो पहिल्याउन सक्दैन । कुनै बेला स्पटमा सिरक ओढेर वाइल्ड डवीङ्ग गर्नुपर्ने प्रविधि कम्प्युटरको एमीड प्रणालीमा पुगिसक्दा पनि नेपाली चलचित्रको वास्तविक तस्वीर त्यत्तिकै दयनीय रहेको हुनाले समेत यो क्षेत्रमा दिनप्रतिदिन समस्याहरू थपिंदै गइरहेका छन् । यस्तै हो भने अबको एक दशकभित्रै नेपाली चलचित्रको अवस्था चरम निराशामा परिणत हुनेछ । ❑

अन्धविश्वास र कुरीतिहरुले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरुतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरुले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरुले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

# सामाजिक अनुसन्धानलाई कसरी धान्ने ?

## महेशचन्द्र रेग्मी : सिक्नुपर्ने पाठ



प्रत्यूष वन्त ●



महेशचन्द्र रेग्मीको हालै निधन भयो । उहाँको कामको सहाहना गर्दै छापिएका लेखोटहरु पढ्दा मलाई लाग्यो- हाम्रो समाज सामाजिक अनुसन्धानलाई कसरी धान्ने भन्ने मामिलामा बहसशून्य छ । छापिएका सामग्रीहरु पढ्दा रेग्मीले नेपाली समाजको आधुनिक कालको आर्थिक इतिहासमा अभूतपूर्व योगदान दिने काम कसरी धान्नुभयो होला भन्ने चिन्ता कसैले गरेको पाइएन । यो प्रश्नको छोटकरी उत्तर खोज्ने र त्यसको महत्व आँकलन गर्ने नै यो टिप्पणीको प्रमुख विषय हो ।

२००७ को राजनीतिक परिवर्तनपछि नेपालमा इतिहासका विभिन्न फाँटमा काम गर्ने व्यक्तिहरु देखा परेका थिए । महेशचन्द्र रेग्मीले करिब २०१४ सालतिर इतिहासमा अनुसन्धान गर्न थाल्नुभयो । उहाँको त्यो पारिवारिक पेशा थिएन । पैत्रिक सम्पत्तिको थाक थिएन । यस्तो अनुसन्धानका लागि विशेष औपचारिक शिक्षा पनि उहाँले हासिल गर्नुभएको थिएन । तसर्थ त्यतिबेला निजी स्तरको अनुसन्धान केन्द्र खोलेर नेपाली इतिहासको नयाँ फाँटको रुपमा आर्थिक पक्षबारे अनुसन्धान गर्न खोज्नु एउटा साहसिक निर्णय थियो । उक्त केन्द्रलाई सञ्चालन गर्न आर्थिक रुपले सक्षम तुल्याउनु उत्तिकै चुनौतीपूर्ण काम थियो । यो चुनौतीको सामना उहाँले कसरी गर्नुभयो त ?

उहाँले मुख्यतः दुई उपाय अपनाउनु भएको देखिन्छ । पहिलो : विभिन्न थरीका सेवा उपलब्ध गराई त्यसको शुल्क लिने । यो उपायअन्तर्गत उहाँको सम्पादनमा प्रकाशित विभिन्न 'पत्रिकामार्का' सामग्री पर्छन्, जसमध्ये *नेपाल प्रेस डाइजेष्ट* को नाम धेरैले सुनेका छन् । तिनमध्ये केहीमा नेपाली प्रेसका महत्वपूर्ण अंशहरु, नेपाली कानून र ऐतिहासिक सामग्रीको अनुवाद छापिन्थ्यो । त्यस्ता सामग्री आवश्यक पर्ने व्यक्ति तथा संस्थाहरु रेग्मीका पत्रिकाहरुका ग्राहक बनेका थिए । ती पत्रिकाहरु किनेर उनीहरुले रेग्मीको कामलाई टेवा पुऱ्याएका थिए । ती पत्रिकाहरु निकालेर रेग्मीलाई के कति आर्थिक स्रोत जुट्थ्यो, त्यसको लागत त मलाई थाहा भएन । के अनुमान गर्न सकिन्छ भने तिनको प्रकाशनमा संलग्न व्यक्तिहरुलाई दिनुपर्ने पारिश्रमिक र अन्य खर्चको केही भागचाहिँ उठ्थ्यो । तर ती पत्रिकाहरु आफैलाई धान्न सक्षम थिएनन् । त्यसकारण ती प्रायः उहाँकै जीवनकालमा बन्द भएका थिए । तिनमा संलग्न व्यक्तिहरुबाट रेग्मीलाई आफ्नो अनुसन्धानमा चाहिँ अवश्य सहयोग मिलेको थियो । *रेग्मी रिसर्च सिरिज* भन्ने पत्रिकामा उहाँले आफ्नो अनुसन्धानलाई चाहिने स्रोतहरुको पहिचान, अनुवाद र टिप्पणी गर्ने अभ्यास पनि गर्नुभएको थियो ।

रेग्मीले आफ्नो काम धान्न अपनाएको दोस्रो उपायचाहिँ अनुसन्धानवृत्ति हो । नेपालमा भूस्वामित्वबारे उहाँले सन् १९६० को दशकमा गर्नुभएको अनुसन्धान अमेरिकाको बर्कलीस्थित क्यालिफोर्निया विश्वविद्यालयले आफ्नो अन्तर्राष्ट्रिय अध्ययन संस्थानअन्तर्गत दिएको अनुसन्धानवृत्तिबाट संभव भएको हो । यो विषयमा उहाँले लेख्नुभएका चारवटा पुस्तक पनि शुरुमा उक्त संस्थानले नै सन् १९६३ देखि १९६८ सम्ममा प्रकाशित गरेको थियो । पछि ती एउटा एकीकृत पुस्तकको रुपमा सन् १९७८ मा काठमाडौंबाट प्रकाशित भएका थिए । सन् १९७० को दशकमा अमेरिकास्थित *नेपाल स्टडिज एसोसियशन*ले दिएको अर्को अनुसन्धानवृत्तिको फाइदा उठाई उहाँले एउटा पुस्तक लेख्नुभयो, जुन सन् १९७८ मा *स्टुको प्लालेसेस* एण्ड *थ्याच्ड हट्स* शिर्षकमा प्रकाशित भएको थियो । सन् १९६० को दशकमा उहाँले पाएको वृत्ति अमेरिकी रक्षा मन्त्रालय-पेन्टागनअन्तर्गतको एउटा इकाईमार्फत् आएको रकम हो भन्ने थाहा भएपछि


केही विवाद उठेको थियो । उहाँले त्यसको प्रतिवाद गर्दै भन्नुभएको थियो- 'मलाई अनुसन्धानवृत्ति दिइयो, तर के गर भनिएन । मलाई नेपाली भूस्वामित्वको इतिहासमा काम गर्ने इच्छा छ भनें र त्यो काम शुरुमा एउटा, त्यसपछि दुईवटा, त्यसपछि तीनवटा हुँदै अन्त्यमा चारवटा पुस्तक भएर सकियो । उनीहरुले त्यसलाई सम्पूर्ण रुपमा आर्थिक हिसाबले धाने ।'

दोस्रो उपायअन्तर्गत रेग्मीको योजनाबाहिरको आर्थिक अनुदान र सहयोग पनि पर्दछ । रेग्मीको कामको उच्च मूल्यांकन भई सन् १९७७ मा उहाँले रामोन म्यागसेसे पुरस्कार पाउनुभएको थियो । उक्त पुरस्कारसँगसँगै प्राप्त बीसहजार अमेरिकी डलरले उहाँलाई आफ्नै किसिमको अनुसन्धानमा जुटिरहन केही वर्षका लागि मात्र भए पनि आर्थिक सुरक्षा प्रदान गरेको थियो । आफ्ना पत्रिकाहरु चलाउन केही समयका लागि मद्दत मिलेको थियो ।

शुल्कसहित सेवा प्रदान गरेर अनुसन्धानवृत्तिमार्फत् र अप्रत्याशित रुपमा प्राप्त पुरस्कारको रकमले महेशचन्द्र रेग्मीले आफ्नो अनुसन्धान कार्यलाई धान्नुभएको थियो । आफ्ना पुस्तकहरुबाट लेखकस्व पनि उहाँले पाउनुभयो होला तर त्यसको मात्रा खासै उल्लेखनीय थिएन भन्ने अनुमान लगाउन सकिन्छ ।

रेग्मीले आफ्नो अनुसन्धानलाई कसरी धान्नुभयो होला भन्ने प्रश्नको छोटो उत्तर हाम्रो समाजमा सामाजिक अनुसन्धानलाई कसरी आर्थिक रुपमा धान्नुपर्छ भन्ने बहसका लागि उपयोगी हुन्छ भनेर यहाँ चर्चा गरिएको हो । सरकारी, निजी र गैरसरकारी क्षेत्रबाट प्राप्त हुने अनुसन्धान र वृत्ति तथा आआफ्नो क्षमताअनुसार प्रदान गरिने सेवा र वस्तु ( उदाहरणका लागि पुस्तक) को शुल्क उठाएरमात्र सामाजिक अनुसन्धान संभव हुन्छ । सामाजिक अनुसन्धानकर्ताहरुलाई 'समाज उपयोगी अनुसन्धान गर्नुपर्छ' वा 'प्रगतिशील परिवर्तनका लागि चाहिने अनुसन्धान गर्नुपर्छ' भनेर भाषण दिनसकिन्छ । तर भाषणले मात्र तिनको पेट भरिन्न, तिनको परिवारको आर्थिक समस्या टर्दैन, तिनको अनुसन्धानलाई आवश्यक पुस्तक र अन्य सामग्री खर्च जुट्दैन । अनुसन्धान धान्न नेपालबाहिर र भित्र अरुले गरेका प्रयासहरुबाट सिक्दै, आउँदा दिनहरुमा राम्रा अनुसन्धानकर्ताहरुलाई सुबिस्ता हुनेखालको व्यवस्था कसरी मिलाउने होला भन्ने कुरा समाजको साझा चिन्ता हुनुपर्छ । यसका विभिन्न पाटाहरुलाई मिहिन रुपले विश्लेषण गर्ने बानी बसाल्नुपर्छ । यो सार्वजनिक बहसको विषय बन्नुपर्छ । ❑

# नरसंहारकारी राष्ट्रपति इदि अमिनको मृत्यु




नरसंहारकारी प्रवृत्तिको कारणले 'मान्छेको मासु खाने राष्ट्रपति'का रूपमा समेत कुख्यात इदि अमिनजस्ता अफ्रिकी तानाशाहको मृत्यु पनि चर्चित भएको छ, उनको हिंस्रक जीवनजस्तै ।

वास्तवमा ८० वर्षको उमेरमा गत महिना मृत्यु भएका इदि अमिनको ८ वर्ष लामो खुँखार तानाशाही शासन मानव इतिहासकै निकृष्टतम धब्बा थियो । त्यसैले उनको मृत्युमा आँसु झार्नेहरूको घेरो परिवारजनभन्दा फराकिलो देखिएन ।

हत्या-हिंसाले ग्रस्त हुनथालेको नेपालमा पनि व्यापक रूपमा तानाशाही शासन चलाउन थालेका प्रतिगामीहरूका लागि इदि अमिनको भुस्याहा कुकुरको जस्तो अनाम मृत्यु ठूलो पाठ हुने देखेर केहीले उनको मृत्युको बारेमा चर्चा चलाएका छन् । यसरी चर्चा गर्दा सैनिकीकरणद्वारा खुँखार तानाशाही शासन चलाउने इदि अमिनको हिंस्रक जीवन, नरभक्षी शासन र उनलाई महाशक्ति राष्ट्रहरूद्वारा दिइएको भरपूर सहयोगजस्ता पक्षहरूको बारेमा पनि छलफल हुनु जरूरी छ, जसबाट नेपालका प्रतिगामी शक्तिहरूले अचेल सकारात्मक पाठ प्राप्त गर्न खोजिरहेका छन् ।

इदि अमिनजस्ता तानाशाहहरूको जीवन र मृत्युको आँकलन गर्दा त्यस्ता व्यक्तिहरूको राजनीतिक नृशंसताको बखान त डरलाग्दो ढंगले गरिन्छ तर त्यस्तो नृशंसतालाई फलाउने-फुलाउने राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति संरचनाको बारेमा केही शोधखोज नै गरिँदैन । इदि अमिनको सन्दर्भमा पनि उनी अपठित हेभिवेट बक्सिङ्ग च्याम्पियन र भान्छे-सिपाहीबाट नरभक्षी राष्ट्रपतिसम्म कसरी बन्नसके भन्ने विषयमा व्यक्तिगत तथ्यांकहरूमात्रै दिइएको पाइयो । तर उनलाई आठ-आठ वर्षसम्म नृशंसतापूर्वक शासन चलाउन र साउदी अरबमा सोखशयलले भरिपूर्ण निर्वासित जीवन बाँच्न भरपूर टेवा दिने महाशक्तिहरू, विशेषतः ब्रिटेन र अमेरिकाको भूमिका कहींकतै उल्लेखसम्म पनि भएको देखिएन ।

निःसन्देह, सन् १९४६ मा ब्रिटिश साम्राज्यको 'किङ्स अफ्रिकन राइफल्स'मा भान्छे सिपाहीको रूपमा जागिर खाएका भुसतिघ्रे अमिनले साम्राज्यवादविरूद्ध भएको 'माउ माउ विद्रोह'लगायत पूर्वी अफ्रिकाका अन्य जनविद्रोहहरू निर्ममतापूर्वक दबाउन आफ्नो हिंस्रक प्रवृत्ति र दमनकारी कौशल प्रदर्शन गरेर ब्रिटिश साम्राज्यको सेवा गरेका थिए ।

त्यही सेवाको फलको रूपमा उनले 'ब्रिटिश इन्टेलिजेन्स सर्भिस'को सहयोगमा ब्रिटिश उपनिवेशविरोधी संघर्षका एक नेता तथा राष्ट्रपति मिल्टन ओबोटेविरूद्ध सन् १९७१ मा गरिएको सैनिक विद्रोहको सफलतापछि आजीवन राष्ट्रपति पद पाएका थिए । युगान्डामा रहेका ब्रिटिश पूँजीपतिहरूका उद्योग र कम्पनीहरू राष्ट्रियकरण गर्न लागिएको र अरब जनताको पक्ष लिन थालिएको देखेर मिल्टन ओबोटेलाई सत्ताच्यूत् गरिएको थियो । र, इदि अमिनलाई सत्तासीन गरी आफ्नो स्वार्थसिद्धि गर्न सजिलो हुने ठहरसहित ब्रिटिश इन्टेलिजेन्स सर्भिसले निर्वाचित सरकारविरूद्ध अमिनको सैनिक विद्रोहको नीति-निर्देशन गरेको थियो, जुन तथ्य ब्रिटिश सरकारका दस्तावेजहरूमै उल्लेख छ । युगान्डामा आफ्नो उपनिवेश हटे पनि शासन गरिराख्ने साम्राज्यवादी चाहनाले निर्देशित भएरै ब्रिटिश प्रधानमन्त्री टेड हीथले सबैभन्दा पहिले समाजवादका कट्टरविरोधी अमिनको सैनिक विद्रोहलाई आशिर्वाद दिने, उनको सरकारलाई मान्यता दिने र सैनिक बाहनहरूका साथ एक करोड डलर सहयोग दिने कार्य गरेका थिए ।

ब्रिटेनले जस्तै सैनिक विद्रोहमा भरपूर सहयोग गर्ने राष्ट्र इजरायलले सातसय जना सैनिक सल्लाहकार युगाण्डामा तैनाथ गरिराखेको थियो । आफूले मागेका युद्धक विमान, लडाकू हेलिकाप्टर र सैनिक हार्डवेयरहरूको माग पूरा नभएपछि इदि अमिनले लिबिया र सोभियत संघजस्ता ब्रिटेन र इजरायलका विरोधीहरूको सैन्य सहयोग प्राप्त गरेका थिए । र, विश्वको अर्को महाशक्ति राष्ट्र अमेरिकाले भने मुखले अमिनको तानाशाही शासन र नृशंस व्यवहारको आलोचना गरी १९७३ मा राजधानी कम्पालास्थित आफ्नो दूतावास बन्द गर्ने र आर्थिक सहायता रोक्ने घोषणा गरेको थियो । तर व्यवहारमा भने उसले अमिनको सेना र प्रहरीलाई सैनिक हेलिकोप्टरसँगै उच्च अधिकारीहरूलाई 'स्पेशल पोलिस ट्रेनिङ्ग' दिइरहेको थियो । डिसेम्बर १९८६ मा 'न्यूयोर्क टाइम्स'ले प्रकाशित गरेको रिपोर्टअनुसार अमेरिकाको जासूसी विभाग सीआईएले सन् १९७५ मा अमिनको सरकारलाई बम, सैन्य सामग्री र युद्धको प्रशिक्षण दिएको थियो । जुलाई १९७९ को 'वाशिंगटन पोष्ट'मा प्रकाशित सीआईएको आधिकारिक भनाइअनुसार यस्तो सहयोग र प्रशिक्षण दिइनुको भित्री लक्ष्य थियो- अमिनको शासनलाई नियन्त्रण गर्ने र पछि आफ्नो स्वार्थसिद्धिका लागि गरिने जासूसी अपरेशनमा उपयोग गर्ने रणनीति पूरा गर्नु ।

सबैजसो महाशक्ति राष्ट्रहरूको सहयोग पाएर मात्तिएका इदि अमिनले देशभित्र र बाहिर ताण्डव नृत्य मच्चाउन थालेपछि सन् १९७९ मा सत्ता र राष्ट्रसमेत त्यागेर पहिले लिबिया र पछि साउदी अरबमा शरण लिनुपरेको थियो । आफ्नो शासनकालमा पाँचलाख व्यक्तिको संहार, निरंकुश तानाशाही शासन तथा ताञ्जानिया र सुडानमाथिको सैनिक आक्रमणका बावजूद खुँखार तानाशाह इदि अमिनले साउदी अरबमा विलासितापूर्ण जीवन बाँच्ने सौभाग्य पाउनुको कारण पनि तिनै महाशक्ति राष्ट्रहरूको क्षुद्र स्वार्थजन्य सैन्य सहयोग हो भन्दा अत्युक्ति नहोला ।

मानवताविरूद्ध जघन्य अपराध गरेको आरोपमा अन्तर्राष्ट्रिय अदालतको कठघरामा उभ्याएर कठोरतम सजाय दिइनुपर्ने खुँखार तानाशाहलाई साउदी अरबको राजतन्त्रले विलासितापूर्ण महल, कारहरू, ड्राइबरहरू, भान्छेहरू र नोकर्नीहरूको दलबलसहित मासिक ४ हजार डलर भत्ता दिई ज्वाइँ पालेभन्दा बेसी शानशौकतका साथ पाल्नुको पृष्ठभूमिमा ब्रिटेन, अमेरिका र इजरायलको भरथेग रहेको छ भन्दा पटक्कै अवस्तुवादी हुने छैन ।

तिनै महाशक्ति राष्ट्रहरूको पोष्यपुत्र भएकै कारणले मानवताविरोधी अपराधजन्य सजायँ भोग्नबाट समेत बचेका तानाशाह इदि अमिनको जीवन देखेर महाशक्ति राष्ट्र अमेरिका र उसको पिछलग्गू ब्रिटेनको दबदबा चलिरहेको यतिबेला यहाँका प्रतिगामी शासकहरूको मनमा पनि इदि अमिनकै जस्तो लालसा पैदा भएको हुनसक्छ । तर त्यस्तो लालसा पाल्नेहरूले याद नगरी नहुने पक्ष के हो भने जीवनको अन्त्यमा समाधीस्थ गर्न राष्ट्रको सानो भूमि पनि नपाइने मृत्यु र मृत्युपछि एकजना मान्छेले पनि आँसु नबगाउने जीवनको भयावह नियति प्रत्येक तानाशाहहरूले भोग्नैपर्ने हुन्छ, चाहे ती मार्कोस, पिनोशे, इदि अमिन या जो कोही नै किन नहोऊन् ।

❑ *राजेन्द्र महर्जन*



नयाँ लोकतान्त्रिक दक्षिण अफ्रिकाको रचनाका लागि आयोजना गरिएको कोडेसाको सम्मेलन

## दक्षिण अफ्रिकाको वार्ताको अनुभव

# बहुदलीय वार्ता

जब हतियारद्वारा युद्धमा एकले अर्कोलाई जित्नसक्ने स्थिति देखिँदैन, तब वार्ता जरूरी हुन्छ । सैनिक र राजनीतिक शक्ति सन्तुलनको अवस्थामा युद्धलाई अन्य माध्यमबाट विस्तार गरिन्छ, जुन कूटनीतिक युद्धको रूपमा वार्ताको टेबुलमा जारी रहन्छ । वार्ता युद्ध-वार्ता (War Talk) हुने कि शान्ति-वार्ता (Peace Talk) हुने भन्ने कुराको निर्क्योल गर्ने काम घोषित उद्देश्यले मात्रै गर्नसक्दैन, उद्देश्यअनुरूपको आचरणले गर्न सक्छ ।

युद्ध-वार्ता वा शान्ति-वार्ता हुनुका पछाडि पनि वस्तुगत र आत्मगत कारणहरूले आ-आफ्नो भूमिका खेलिरहेका हुन्छन् । वस्तुगत कारणहरूमा शासक वर्गमा पुरानै ढर्राले यथावत् रूपमा शासन गर्ने क्षमता, विश्वास र हैसियत घट्नु, शासक वर्गलाई विद्रोहीहरूले संघर्षमा पूरै परास्त गर्न नसक्नु वा बाह्य हस्तक्षेप हुनुजस्ता पक्षहरू आउँछन् । तर वार्ताका लागि वस्तुगत कारण परिपक्व हुँदैमा मात्र पनि वार्ता भइहाल्छ भन्ने ग्यारेन्टी हुँदैन । यसका लागि जरूरी हुन्छन्- वार्ता गर्ने आत्मगत चाहना र तार्किक निष्कर्षमा पुऱ्याउने पहलकदमी । युद्धरत पक्षहरूको नेतृत्वमा आ-आफ्ना शत्रुसँग वार्ता गर्ने जोखिम मोल्ने र संवादद्वारा सार्थक परिणाम निकाल्ने आत्मविश्वास आवश्यक हुन्छ, जुन वार्ताका आत्मगत पक्षहरू हुन् ।

एक-अर्काका ज्यानी दुश्मनहरूबीच हुने वार्ता भनेको मूलतः लेनदेनको मामिला हो । यसमा एकले केवल जित्ने, अर्कोले केवल हार्ने कुरा स्वीकार्य हुँदैन । अतः वार्ता भनेको अलिअलि जित हो, अलिअलि हार हो । युद्धरत दुवै पक्षले अलिअलि जित्ने, अलिअलि हार्ने खेल हो- वार्ता, जसमा अग्रगामी पक्षको प्राप्ति अलि बेसी नै हुनुलाई अस्वाभाविक मान्न सकिँदैन ।

### गोरा शासनविरूद्ध वार्ता

यस्तै वार्ताका खेलहरूमध्येको खेल अर्थात् महाखेल भएको थियो- दक्षिण अफ्रिकामा । ३४० वर्ष लामो औपनिवेशिक शासनको विरासतको रूपमा स्थापित गोरा शासनबाट मुक्तिका लागि भएको अथक संग्रामको क्रममा यस्तो महाखेल भएको थियो । रंग, जाति, नस्लको आधारमा मध्ययुगीन शोषण र शासन गरिरहेका अल्पसंख्यक गोराहरूको उत्पीडन र दासताबाट मुक्तिका लागि दक्षिण अफ्रिकी जनताले नेल्सन मण्डेलाको नेतृत्वमा क्रियाशील अफ्रिकी नेशनल कंग्रेस (ANC) को झण्डामुनि एकताबद्ध भएर गरेको संग्रामको टुंगो युद्धमार्फत् होइन, वार्तामार्फत् गरिएको थियो । निक्कै लामो समयसम्म, चरण चरणमा, विषय विषयमा विभाजन गरी निक्कै व्यवस्थित र वैज्ञानिक ढंगले गरिएको सो वार्ता हाल युद्धग्रस्त नेपालको राजनीतिक संकटको निकास खोज्नका लागि चलिरहेको वार्ता-प्रक्रियाका लागि पनि गहन अध्ययनको सन्दर्भ हुने देखिन्छ ।

रंग, नस्ल र जातिवादी गोरा शासनविरूद्ध अफ्रिकी नेशनल कंग्रेसले सन् १९२३ देखि संघर्ष चलाएको थियो । कहिले शान्तिपूर्ण विद्रोह, कहिले सशस्त्र संघर्ष गर्दै आएको कंग्रेसले सन् १९८० को दशकमा आइपुग्दा जित-हार दुवै नहुने शक्ति सन्तुलनको स्तरसम्म विकास गरिसकेको थियो । र, गोरा शासन पनि जनसंघर्ष, विदेशी नाकाबन्दी र आन्तरिक कलहको कारणले पछि हट्न बाध्य भइसकेको थियो ।

यसरी ५-६ दशकदेखि द्वन्द्वरत् सत्तापक्ष र विद्रोही पक्षबीच वार्ताको प्रक्रिया चलाई द्वन्द्व समाधान गर्ने उद्देश्यसहित नागरिक समाजका प्रबुद्ध व्यक्तिहरूले १९८० को दशकको शुरूवाततिर पहलकदमी गरेका थिए । 'वार्ताको बारेमा वार्ता'को क्रम अगाडि बढाउन थुप्रै पटक

## नागरिक समाजद्वारा गोलमेच सम्मेलनमार्फत् नयाँ बाटोको निर्माण

गोप्य रूपमा गोरा शासन र कंग्रेसका प्रतिनिधिहरूसँग कुरा गर्ने र वार्ताको वातावरण बनाउने काम गरिएको थियो । गोप्य रूपमा थुप्रै पटक वार्ताका लागि प्रस्तावहरू आदान-प्रदान भइरहेकै बेला सन् १९८८ को चुनावमा नेशनल पार्टी (NP) का एफ. डब्ल्यू. डी क्लार्क राष्ट्रपति पदमा निर्वाचित भएका थिए । र, कंग्रेसको नेतृत्वमा गरिएको मोर्चाबन्दीकै प्रक्रियाअन्तर्गत १९८९ मा 'मास डेमोक्रेटिक मुभमेन्ट'को विशाल भेला बोलाई वार्ताको पूर्वशर्त प्रस्तुत गरिएको थियो ।

यसै सिलसिलामा राष्ट्रपति डी क्लार्कले सन् १९९० मा नेल्सन मण्डेलालगायत सबैजसो विपक्षी नेताहरूलाई रिहा गर्ने, राजनीतिक पार्टीहरूमाथिको प्रतिबन्ध फुकुवा गर्ने र वार्ताको आह्वान गर्ने काम गरेका थिए । कंग्रेसले आफूभित्र र बाहिरका थुप्रै घटकहरूसँग परामर्श गरी वार्ताको प्रक्रिया र पद्धति तय गर्ने क्रममा अन्तर्राष्ट्रिय मध्यस्थताको व्यवस्था नगर्ने प्रस्ताव अगाडि सारेको थियो । जिम्बावेमा भएको वार्तामा अन्तर्राष्ट्रिय मध्यस्थताकै फलस्वरूप जिम्बावे अफ्रिकन नेशलन यूनियन (ZANU) का मुख्य उद्देश्यसमेत छिन्नभिन्न भएको र नामिबियामा साउथ वेष्ट अफ्रिकन पिपुल्स अर्गनाइजेशन (SWAPO) ले वार्ता नै छोडेर जानु परेको दृष्टान्तबाट पाठ सिकेर यस्तो प्रस्ताव राखिएको थियो । यसको सट्टा सत्तापक्ष र विद्रोही पक्षका नेताहरूले देशभित्र र बाहिर रहेको नागरिक समाजकै शान्तिकर्मीहरू, द्वन्द्व-व्यवस्थापनका ज्ञाताहरू र प्राविधिक विशेषज्ञहरूको सहयोग लिएर सबैलाई समेट्ने लोकतान्त्रिक र वैज्ञानिक प्रक्रिया निर्माण गर्ने पक्षमा सहमति कायम गरेका थिए । नेशनल पार्टीको सरकार र कंग्रेसका प्रतिनिधिहरूबीच पटक पटक भएका प्रारम्भिक गोप्य कुराकानीहरूको क्रममा यस विषयमा सहमति कायम भएपछि सन् १९९० को फेब्रुअरीको लगत्तै मुख्य पार्टीहरूसँग वार्तापूर्वको कुराकानी गर्ने, रंगभेदवादी राज्य (Apartheid state) बाट संक्रमण गर्न सत्ता साझेदारीको नीतिअन्तर्गत संक्रमकालीन सरकार गठन गर्ने र अन्ततः संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी रंग, नस्ल, जातिभेदरहित संविधान भएको नयाँ राज्यको संरचना सिर्जना गर्ने तय गरिएको थियो ।

### नागरिक समाजद्वारा शान्ति संझौता सम्मेलन

निक्कै हिंसात्मक, कठिन र दीर्घकालीन प्रक्रिया साबित भएको दक्षिण अफ्रिकाको लोकतान्त्रीकरणको प्रक्रियामा शान्तिवार्ताको एउटा कोसेढुंगा थियो- सन् १९९१ मा भएको राष्ट्रिय शान्ति सम्झौता (NPA) । निक्कै हिंसात्मक चरणबाट गुज्रिरहेको राष्ट्रलाई न्यायपूर्ण शान्तितर्फ डोऱ्याउन सशक्त हस्तक्षेप गर्न सफल यस सम्झौता सत्तापक्ष वा विपक्षी पार्टीहरूकी पहलकदमीमा होइन, नागरिक समाजको अगुवाइमा सम्पन्न भएको थियो । सन् १९९० मा हिंसाबाट वाक्क भएका नागरिक समाजका सदस्यहरूले हिंसाकर्म रोक्न र नयाँ संविधान निर्माणका लागि हुने वार्तालाई दिगो बनाउन सर्वप्रथम दुईवटा इसाई धर्मावलम्बीहरूका चर्चहरूले अगुवाइ गरेका थिए । सत्तासीन नेशनल पार्टीका लागि प्रार्थना गर्ने धार्मिक संस्थाका रूपमा बदनाम डच रिफर्म्ड चर्चले नोभेम्बर १९९० मा नस्लवादी शासनमा आफ्नो सहभागिताको तथ्य स्वीकार्ने र आत्मालोचना गर्ने क्रममा नस्लवादी शासनको भर्त्सना गर्ने, लोकतान्त्रिक संविधान निर्माणको माग गर्ने र समतामूलक ढंगले सम्पत्ति वितरण गर्नुपर्ने माग गर्दै हिंसाको भर्त्सना गर्ने र शान्ति सम्मेलन गर्ने पहल गरेको थियो ।

सो चर्चलगायत साउथ अफ्रिकन काउन्सिल अफ चर्चेज (SACC) र उद्योग र वाणिज्य क्षेत्रका पूँजीपतिहरूको कन्सल्टेटिभ बिजीनेस मुभमेन्ट (CBM) जस्तो सुधारवादी समूहले थुप्रै औद्योगिक-व्यापारिक प्रतिष्ठानहरू, कंग्रेस अफ साउथ अफ्रिकन ट्रेड यूनियन्स (COSATU) र राजनीतिक पार्टीहरूसँग अनौपचारिक वार्ताहरूको श्रृंखला नै अगाडि बढाएर शान्ति सम्झौताको प्रारूप तयार गरेका थिए ।

### अप्रत्यक्ष वार्ताको मार्ग

यसै क्रममा १९९१ को मे महिनामा सबै पार्टी र नागरिक संगठनहरूको बृहत् शान्ति सम्मेलनको आयोजना गरी हिंसाका कारणहरू खोतल्ने र तिनको अन्त्यका उपायहरूको प्रस्ताव अगाडि राख्ने काम गरिएको थियो । त्यसै सम्मेलनले निर्माण गरेको सहजकर्ता समितिले द्वन्द्वरत् पक्षहरूलाई प्रत्यक्ष वार्तामा उतार्नुको सट्टा अप्रत्यक्ष वार्ताको क्रम शुरू गरेको थियो । प्रत्यक्ष वार्तामा आफ्नो स्थिति, आफ्नो माग र हैसियतको बारेमा बेसी होशियार भई मोलतोल गर्ने र हिंसाकर्मको अन्त्यको बाटो खोज्नका लागि सहमति निर्माण गर्नमा भन्दा भनाभन गर्नमा समय खर्च गर्ने प्रवृत्ति देखिइने भएकोले अप्रत्यक्ष वार्ता गरिएको थियो । ती सहजकर्ताहरूले पार्टीहरूसँग परामर्श गर्ने, उनीहरू सबैका लक्ष्य र कार्यक्रममा मिल्ने-नमिल्ने पक्षहरू छान्ने, मिल्ने-मिल्ने कुराहरू छानेर सबैलाई स्वीकार्य हुने प्रस्ताव तयार गर्ने कार्य सम्पन्न गरेका थिए ।

यी सबैका आधारमा सबैजसो पार्टीको प्रतिनिधित्व भएको अर्को शान्ति सम्मेलन जून महिनाको अन्त्यनिर सम्पन्न गरिएको थियो । त्यस सम्मेलनले सबै पार्टीहरूको सहभागितामा निर्मित आयोजक समितिअन्तर्गत ५ वटा कार्यदलहरू गठन गरी मुख्य विषयहरूमा आमसहमतिका प्रस्तावहरू तयार गर्ने जिम्मा दिएको थियो । सत्तापक्ष, कंग्रेस र इन्काथा फ्रिडम पार्टीका तीन-तीनजनाको प्रतिनिधित्व पनि भएका ती समूहहरूले (१) राजनीतिक पार्टीहरूका लागि आचारसंहिता (२) सुरक्षा फौजहरूका लागि आचारसंहिता (३) सामाजिक-आर्थिक विकास (४) आचारसंहिताको पालना र अनुगमन तथा (५) प्रक्रिया, सेक्रेटारियट र मिडियाका सवालहरूलाई सम्बोधन गर्ने खालका निर्णायक प्रस्तावहरू तयार गर्ने काम गरेका थिए ।

ती प्रस्तावहरूमाथि चिन्तन-मनन, संवाद, पुनर्विचार एवं परिमार्जनको लामो श्रृंखलापछि १४ सेप्टेम्बर १९९१ मा उच्चस्तरीय राष्ट्रिय शान्ति सम्मेलन (NPC) भव्यताका साथ आयोजना गरिएको थियो । सम्मेलनमा राष्ट्रिय शान्ति सम्झौता (NPA) पारित गर्ने सिलसिलामा सबैजसो



*राष्ट्रपति डी क्लार्क र नेल्सन मण्डेला राष्ट्रिय शान्ति सम्मेलनमा*



*केप टाउन शहरमा भएको एउटा र्‍यालीमा सहभागी विभिन्न रंग, जाति र नश्लका द. अफ्रिकीहरु*

द्वन्दरत् पक्षहरू, सत्तापक्ष, विपक्षी राजनीतिक पार्टीहरूदेखि लिएर नागरिक समाजका प्रतिनिधिहरूले इतिहासमैं पहिलो पटक एक्कैठाउँमा बसेर बहस र निर्णय गरेका थिए । र, अन्त्यमा गहिरा मतभेद र तीक्त खालका द्वन्द्वहरू हुँदाहुँदै पनि सार्वजनिक सरोकारका विषयमा सहमति कायम गर्न सत्तापक्ष र पार्टीहरूलाई नछेकिने प्रक्रिया निर्माण गर्न सकिँदोरहेछ भन्ने कुरा पुष्टि भएको थियो ।

उग्रवाम र उग्र दक्षिण खेमामा रहेका पक्षहरूका रूपमा मानिएका पार्टीहरूले त्यस [illegible] गर्न अस्वीकार गरेको सम्झौतामाथि हस्ताक्षर [illegible] पक्ष यहाँ उल्लेखनीय छ । अजानियन [illegible] अर्गनाइजेशन (AZAPO) र प्यान-अफ्रिकानिष्ट कंग्रेस (PAC) जस्ता आमूल परिवर्तनवादीहरूले नस्लवादी शासन चलाइरहेको सरकार र पार्टीहरू संलग्न रहेका कुनै पनि संरचनाहरूको अंग नहुने घोषणा गर्दागर्दै पनि पारित शान्ति सम्झौताका उद्देश्य र स्पिरिटप्रति समर्थन व्यक्त गरेका थिए ।

## शान्तिका लागि आवश्यक संरचना

हिंसाकर्ममा प्रमुख रूपमा सहभागी भइरहेको सत्तापक्ष र त्यसको सशस्त्र प्रतिरोध गरिरहेका कंग्रेससम्मले हत्या-हिंसाविरूद्ध खुलेआम रूपमा प्रतिबद्धता व्यक्त गरेको कार्यकारी दस्तावेजको रूपमा पारित राष्ट्रिय शान्ति सम्झौता यथार्थमै दक्षिण अफ्रिकाको लोकतान्त्रीकरण र शान्ति वार्ताको प्रक्रियाको कोसेढुंगा साबित भएको थियो । सबै पार्टी र नागरिक समाजको प्रतिनिधित्व भएका राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका संरचनाहरू निर्माण गरी हिंसाकर्म रोक्ने र लोकतान्त्रीकरणको प्रक्रिया अगाडि बढाउने कामसँगै वार्ता-प्रक्रियालाई तीव्र पार्ने काम गरिएको कारणले दक्षिण अफ्रिकामा नस्लवादी शासनबाट नयाँ समाजतिरको संक्रमण सहज भएको थियो ।

यी सबै प्रक्रियाहरूको संश्लेषण गर्दै 'सेन्टर फर कन्फ्लिक्ट रिजलुशन'का क्रिस स्पाइसले लेखेका छन्- 'हिंसाकर्म रोक्नका लागि राष्ट्रिय शान्ति सम्झौताले राजनीतिक पार्टी र सुरक्षा फौजका व्यवहारहरूको अनुगमन गर्न, राष्ट्रिय र क्षेत्रीय स्तरमा अनुगमनको संयोजन गर्ने र स्थानीय स्तरमा अनुगमन र मध्यस्थता गर्ने सहभागितामूलक प्रक्रियाको माध्यमबाट द्वन्द्व र न्यायसँग सम्बन्धित सवालहरूको व्यवस्थापन गर्ने देशव्यापी संजाल अभूतपूर्व रूपमा सिर्जना गरेको थियो । [illegible] सिद्धान्त, उद्देश्य र संरचनाहरूले राष्ट्रिय स्तरका वार्ताहरूका लागि 'सेफ्टी नेट' (जीवन रक्षक जाली) को जस्तो महत्वपूर्ण भूमिका खेलेका थिए । नयाँ संविधान निर्माण र संक्रमणकालीन सरकारको गठनको प्रश्नमा विवाद बढ्दै गएपछि वार्ता बहिष्कार गर्ने कार्य हुँदा पनि यसका संरचनाहरूमा बहिष्कार गर्ने पक्षहरू समेत सम्झौतामा हस्ताक्षर गर्ने र सम्झौता लागू गर्ने पक्षका रूपमा सहभागी भइरहेका थिए, जसले संवादको सूत्र नै टुट्ने, सबै संरचनाहरू भंग हुने र सम्पूर्ण वार्ता प्रक्रिया तथा लोकतान्त्रीकरणको प्रयास नै ध्वस्त हुने स्थिति आउँदै आएको देखिएन ।'

## नयाँ संविधानको निर्माण गर्न बहुदलीय वार्ता

राष्ट्रिय शान्ति सम्झौताको निर्माणपछि वार्ताको अर्को मार्गमा सत्तापक्ष र राजनीतिक पार्टीहरूको बहुदलीय वार्ता शुरू भएको थियो । सो बहुदलीय वार्ताको मुख्य सरोकारका बिन्दुहरू थिए-

(१) संक्रमणकालीन सरकारका नीतिहरूको निर्माण, (२) नयाँ संविधानको सिद्धान्त र अपरिहार्य तत्वहरूबारे समझदारी र, (३) संविधानसभाको चुनाव गरी व्यापक जन-सुनुवाईमार्फत् नयाँ लोकतान्त्रिक संविधानको लेखन ।

यसरी हेर्दा दक्षिण अफ्रिकाको बहुदलीय वार्ताका दुईवटा पक्षहरू देखिन्छन् । एक, हिंसाकर्मका जरो कारणहरूको अन्त्यका लागि नागरिक समाजको अगुवाइमा भएको बहुदलीय गोलमेच सम्मेलनमार्फत् राष्ट्रिय शान्ति सम्झौताको निर्माण र क्रियान्वयन । दुई, संक्रमणकालीन सरकार, अन्तरिम विधान र नयाँ लोकतान्त्रिक संविधान निर्माणका लागि नीति-नियमको निर्माण र बाँडफाँडको व्यवस्था । यी दुवै पक्षहरूमा राष्ट्रिय शान्ति सम्झौतासम्बन्धी वार्ताका लागि पार्टीहरूको प्रतिनिधित्व गरेका नेताहरू नै सहभागी भएका थिए । यसले गर्दा वार्ताको शिल्प र विधिमा एकरूपता आउनुका साथै उन्नत स्तर कायम भएको थियो । शुरूमा वार्ताका अधिकांश पक्षहरू मिडिया र जनतासमक्ष पारदर्शीता बनाइएको थियो, ताकि जनताको निगरानी र सहभागितामा नयाँ दक्षिण अफ्रिकाको निर्माण गर्न सकियोस् ।

वार्ताको क्रममा वार्ताको प्रक्रियाको सिद्धान्त र संरचना निर्माणको सवालमा व्यापक बहस भएको थियो । अफ्रिकी नेशनल कंग्रेसले नयाँ संविधान निर्माणका लागि निर्वाचित संसद् र संसद्मा बहुमत प्राप्त पार्टीको सरकारको माग गरेको थियो । तर संसदीय चुनावबाट बढारिने डर भएका सत्तासीन पार्टी र अन्य स-साना पार्टीहरूले बहुमतको शासनमा अल्पमतको केही डेग नचल्ने देखेर बहुदलीय गोलमेच सम्मेलनको प्रस्ताव राखेका थिए । र, अन्ततः दुवै पक्षका प्रस्तावहरूको मिलन विन्दुको रूपमा बहुदलीय सम्वैधानिक सम्मेलन गर्ने टुंगो लगाइएको थियो, जसमा सानो-ठूलो आकारलाई ध्यानमा नराखी सबै पार्टीहरू समान हैसियतका साथ संविधानको सिद्धान्त र संक्रमणकालीन सरकारको संरचनाका प्रमुख सवालहरू तय गर्न सहभागी हुन पाउने व्यवस्था गरिएको थियो ।

पटक पटकको स्थगन र अवरोधका बावजूद सन् १९९१ को नोभेम्बर महिनामा बहुदलीय सम्वैधानिक सम्मेलन भएको थियो । यसलाई पहिले Convention for a Democratic South Africa (CODESA) भनिएको थियो र यो भंग भएपछि Multi-Party Negotiating Process (MPNP) नामाकरण गरिएको थियो ।

## बहुदलीय वार्ताको प्रक्रिया

औपचारिक वार्ताको तयारी वार्ताको चरणमा कोडेसाको संरचना र कार्यविधिमाथि समझदारी कायम गर्ने सिलसिलामा सकेसम्म पर्याप्त मात्रामा सबै पार्टीको सहमति कायम गर्ने तथा सरकार र अफ्रिकी नेशनल कंग्रेसको सम्मतिविना निर्णय नगर्ने कार्यविधि अपनाइएको थियो । यस विधिले गर्दा स-साना पार्टीहरूको मत र सहमतिको पनि अर्थ रहने र वार्ता इन्काथा फ्रिडम पार्टीजस्ता उग्रपक्षको असहमतिको बन्दी पनि नहुने स्थिति बनेको थियो ।

अन्ततः २० डिसेम्बर १९९१ मा १९ वटा

पार्टीहरूका २३८ जना प्रतिनिधिहरूसँगै एकहजार जना राष्ट्रिय-अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू कोडेसाको औपचारिक सम्मेलनमा सहभागी भएका थिए । केही पार्टीहरूको बहिष्कारका बावजूद भएको त्यस सम्मेलनले आन्तरिक समभ्रदारीलाई औपचारिक रूपमा घोषणा गर्ने सिलसिलामा वार्ताद्वारा द्वन्द्वको शान्तिपूर्ण निकास खोज्ने प्रतिबद्धता व्यक्त गरेको थियो । घोषणामा सबै प्रतिनिधिहरूले एकसाथ एकीकृत, रंगभेदविहीन, लिंगभेदविहीन बहुदलीय लोकतन्त्रका लागि शान्तिवार्ता सार्थक र परिणाममुखी बनाउने उद्घोष गरेका थिए ।

उनीहरूले कोडेसालाई वार्ता प्रक्रिया सहज र सुव्यवस्थित पार्ने उपयुक्त स्थायी संरचनाको रूपमा घोषणा गर्दै त्यसलाई मुख्य सवालहरूलाई सम्बोधन गर्नेगरी पाँचवटा कार्यदलमा विभाजित गरेका थिए र एउटा व्यवस्थापन समिति गठन गरेका थिए ।

प्रत्येक पार्टीका एक प्रतिनिधि र एक सल्लाहकार रहने व्यवस्थापन समितिमाथि वार्ता प्रक्रियाको जिम्मेवारी सुम्पिएको थियो । सबै कार्यदलहरूमा पनि प्रत्येक पार्टीका दुईजना प्रतिनिधि र दुईजना सल्लाहकारहरू रहने व्यवस्था गरिएको थियो । पाँचवटा कार्यदलहरूको कार्यक्षेत्र निम्नअनुसार थियो- (१) राजनीतिक गतिविधि स्वतन्त्र रूपमा संचालन गर्न पाउने वातावरणको सिर्जना (२) संविधानका सिद्धान्तहरूको निर्माण (३) संक्रमणकालीन व्यवस्थापन (४) 'स्वतन्त्र होमल्याण्ड' राज्यहरूको भविष्य (५) समय-सीमा र क्रियान्वयन ।

कार्यदलको आफ्नो गहन गृहकार्यको क्रममा तयार भएका अन्तरिम प्रस्तावहरू कोडेसाको बैठकमा स्वीकृति र निर्णयका लागि प्रस्तुत गर्ने लामो अभ्यासले वार्ताको एउटा नौलो ट्र्याक निर्माण गऱ्यो र सहमति-समभ्रदारी निर्माण गर्ने नवीन अभ्यास पनि सिर्जना गऱ्यो । कोडेसाले नयाँ संविधानमा पर्नै पर्ने पक्षहरू सुभ्राव दिन जनतालाई आह्वान गरे पनि वार्ताको प्रक्रियाद्वारा द्वन्द्वको शान्तिपूर्ण निकास र नयाँ संविधानको निर्माणबारे जनतालाई दीक्षित गर्ने काममा कममात्रै ध्यान दिएको थियो । यस्तो महत्वपूर्ण राष्ट्रिय कार्यमा जनतामाथि भन्दा पनि पार्टी-प्रतिनिधि र सल्लाहकारहरूमाथि भर परेको र उनीहरूका ज्ञान र अनुभवलाई सर्वोपरि ठानेको आरोप पनि कोडेसामाथि लगाइएको थियो । जनता र मिडियाको निगरानी घटाइएपछि कोडेसाको कार्यविधिमा पारदर्शिता र जनसहभागिताको अभाव देखेर दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टीका महासचिव जोय स्लोभोले कोडेसा भनेको जनताको मतमा 'रहस्यमय षड्यन्त्रकारीहरूको समूह' हो कि भन्ने धारणामा बसेको टिप्पणी पनि गरेका थिए ।

सन् १९९२ को मार्चसम्म पुग्दा कोडेसामाथि चौतर्फी आलोचना शुरू भएको थियो । र, वार्ता प्रक्रिया रोकिन पुगेको थियो । दक्षिणपन्थी पार्टीहरूले सत्तासीन नेशनल पार्टी एक्लैले गोरा मतदाताहरूको प्रतिनिधित्व गर्न नसक्ने कडा आलोचना गरेका थिए । त्यसैले राष्ट्रपति डी क्लार्कले गोराहरूबीच जोखिमपूर्ण जनमत संग्रह गरी आफ्नो बलियो प्रभाव र प्रभुत्व देखाई पुनः वार्ता प्रक्रियामा सहभागिता देखाएका थिए । उनले अफ्रिकी नेशनल कंग्रेसको मागअनुसार अन्तरिम सरकार निकट भविष्यमा गठन गर्ने सहमति व्यक्त गर्ने संभावनायुक्त संकेत दिएका थिए । तर कोडेसाभित्र विवाद भ्रन्भ्रन् बढ्दै गएको कारणले वार्ता प्रक्रियामा सहमतिको संभावना क्षीण हुनथालेको थियो ।

अप्रिलको शुरूमा अन्तरिम सरकारको गठन र नयाँ राज्यको राजनीतिक संरचनाबारे सहमतिको फर्मूला निकाल्न निक्कै धेरै कठिनाइहरू देखापरेका थिए । अन्ततः संक्रमणकालीन सरकार र अन्तरिम संविधान निर्माणका लागि संसदको स्थापनासम्बन्धी सहमति कायम गरिएको थियो । तर संविधानको अनुमोदनका लागि चाहिने मतहरूको प्रतिशतको बारेमा भने सहमति कायम हुनसकेन ।

१५-१६ मेमा कोडेसाको दोस्रो सम्मेलन घोषित भइसकेको सन्दर्भमै सत्तासीन नेशनल पार्टीले अन्तरिम संविधानमा आफूलाई प्रभावकारी भिटोको अधिकार हुनुपर्ने र राजनैतिक शक्तिको रूपमा स्वीकार्नुपर्ने व्यवस्थाको माग गरेको थियो । गोराहरूको जनमत संग्रहबाट प्राप्त अत्यधिक बहुमतबाट मातिएको सत्तासीन पार्टीको यस्तो माग देखेर अफ्रिकी नेशनल कंग्रेस अन्तरिम संविधान पंगु हुने र यसको चरित्र अन्तरिमबाट स्थायी हुने आशंकाले ग्रस्त भएको थियो ।

सम्मेलन शुरू हुनुभन्दा एकदिन अगाडिसम्ममा पहिलो, तेस्रो र पाँचौं कार्यदलमा सहमति कायम भइसक्दा पनि दोस्रो कार्यदलमा सम्वैधानिक सिद्धान्तबारे सहमति कायम नहुनाले गतिरोधको स्थिति देखापरेको थियो । सत्तासीन पार्टीले अर्को प्रस्ताव राखेर विवाद बढाएपछि अफ्रिकी नेशनल कंग्रेसले मास डेमोक्रेटिक मुभमेन्टका घटकहरूसँग सरसल्लाह गरेरमात्रै आफ्नो स्थिति छर्लङ्ग पार्न सकिने मत अगाडि सारेको थियो । सम्मेलनमा पनि दोस्रो कार्यदलमा कुनै सहमति कायम नभएपछि विवाद डरलाग्दो ढंगले चर्किंदै गएको थियो । परिणामस्वरूप कोडेसाको दोस्रो सम्मेलन असफलतामा गएर टुंगिएको थियो ।

कोडेसाको दोस्रो सम्मेलनको असफलतापछि अफ्रिकी नेशनल कंग्रेसले आफ्ना ८५ वटा यूनियनहरू, राजनीतिक, धार्मिक र विद्यार्थी संगठनहरूसँगको सरसल्लाह गर्ने क्रमसँगै जनशक्ति प्रदर्शन गर्ने कार्यनीति अपनाएको थियो । संयोजित रूपमा आमहड्ताल र सडक आन्दोलनले युक्त 'रोलिङ्ग मास एक्शन'मार्फत् सरकारलाई अन्तरिम सरकारको माग स्वीकार्न बाध्य पार्ने कार्यनीति अपनाइएपछि हिंसाकर्ममा फेरि एकपटक ह्वात्तै वृद्धि भएको थियो । जूनको महिना आधाआधीतिर आफ्नो पकडको क्षेत्र बाइपातोङ्ग क्षेत्रमा ४९ जनाको हत्या भएपछि नेल्सन मण्डेलाले यस्तो हिंसाकर्मका लागि राष्ट्रपति डी क्लार्क स्वयंलाई अपराधी ठहऱ्याउँदै वार्ता प्रक्रिया स्थगित गरेका थिए ।


मण्डेलाले सरकारसंगको द्विपक्षीय वार्ता र कोडेसामार्फत् चलिरहेको बहुपक्षीय वार्ताको प्रक्रिया स्थगित गरेको घोषणा गरेलगत्तै वार्ता प्रक्रिया रोक्न नदिन नागरिक समाजको सक्रियता चौतर्फी रूपमा वृद्धि भएको थियो । त्यसैको फलस्वरूप संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले दुई दिन लामो आपतकालीन बैठकपछि साइरस भान्सलाई राष्ट्रसंघीय महासचिवका विशेषदूतका रूपमा त्यहाँ पठाएको थियो । उनले हिंसाकर्मका कारणहरूमाथि छानविन गर्ने र वार्ता प्रक्रिया पुनः शुरू गर्न सुभ्राव दिने काम गरेका थिए । परिणामस्वरूप ५० सदस्यीय राष्ट्रसंघीय पर्यवेक्षण टोलीको निर्माण गर्ने र 'राष्ट्रिय शान्ति सम्भ्रौता'को समर्थन गर्ने काम भएको थियो । त्यतिखेरसम्म यही सम्भ्रौता क्रियान्वयन गर्ने संरचनामात्रै क्रियाशील रहेको थियो, जसमा सबैजसो पार्टीका प्रतिनिधिहरू सम्पर्कमा थिए, संवादमा थिए अनि सम्भ्रौताको क्रियान्वयनमा क्रियाशील थिए । अरू सबै बाटाहरू अवरूद्ध भएको र द्विपक्षीय एवं बहुपक्षीय वार्ता प्रक्रिया स्थगित भएको जटिल स्थितिमा नागरिक समाजको अगुवाइमा स्थापित राष्ट्रिय शान्ति सम्भ्रौताको संरचनाले बहुदलीय सम्पर्क, संवाद र सहकार्यलाई निरन्तरता दिइरहेको थियो ।

अन्ततः कोडेसाको विघटन भएपछि राष्ट्रपति डी. क्लार्क र नेल्सन मण्डेलाबीच पटक पटक स्मृतिपत्र हस्तान्तरण एवं सत्तासीन पार्टीका मागहरू र अडानमा आएको लचकताको परिणामस्वरूप द्विपक्षीय सम्पर्क र संवादको क्रम शुरू भएको थियो । अगष्ट १९९२ मा 'द्विपक्षीय च्यानल' स्थापना गर्ने सहमति देखाएपछि संवाद पुनः शुरू भएको थियो । कंग्रेसको तर्फबाट सिरिल रामाफोसा र सत्तासीन पार्टीको तर्फबाट रोयल्फ मेयरबीच भएको यो संवादले निक्कै राम्ररी प्रगति गरेपछि अन्ततः २६ सेप्टेम्बरमा मण्डेला र डी क्लार्कबीच शिखर सम्मेलन गरी 'रिकर्ड अफ अण्डरस्ट्याण्डिङ्ग'मा हस्ताक्षर गर्ने महत्वपूर्ण कार्य भएको थियो । यसैको परिणामस्वरूप नयाँ लोकतान्त्रिक राज्य निर्माणका लागि बहुदलीय वार्ता गर्ने सहमति भएको थियो । र, अन्ततः लामो, जटिल र कठिन वैचारिक, कूटनीतिक द्वन्द्वपछि लोकतान्त्रिक दक्षिण अफ्रिकाको निर्माण शुरू भएको थियो ।

❑ **राजेन्द्र महर्जन**

सन्दर्भ सामग्रीहरु

- Eldred De Klerk, South Africa's Negotiated Transition: Context, Analysis and Evaluation, Accord 13, Issue No. 1, 2002
- Chris Spies, South Africa's National Peace Accord: its structures and functions, Accord 13, issue No. 1, 2002
- Catherine Barnes and Eldred De Klerk, South Africa's Multy-Party Constitutional Negotiation Process, Accord 13, Issue No. 1, 2002
- South Africa Key Texts, National peace Accord, Accord 13, issue No. 1, 2002
- Elizabeth Nissan, The South African Experience, Track two, vol.11, No. 3, May 2002



दौडिरहेको बेला, कसैसँग झगडा परेको बेला वा टेन्सन भएको बेला मानिसहरुको रक्तचाप बढिरहेको हुन्छ

● डा. सुन्दरमणि दीक्षित

# उच्च रक्तचापबाट कसरी बच्ने ?

## रक्तचाप (ब्लड प्रेसर) भनेको के हो ?

रगतलाई मुटुबाट शरीरका विभिन्न भागमा पुऱ्याउनको लागि एउटा चाप (प्रेसर) चाहिन्छ । मुटुले पम्प गर्दा त्यो प्रेसर बन्छ । त्यो प्रेसरलाई रगतका नलीहरूले थेग्छन् । यसरी मुटुको प्रेसर, रगतका नलीहरूको थेग्ने शक्ति र रगत आफैं मिलेपछि प्रेसर बढेर आउँछ । यही प्रेसरलाई रक्तचाप भनिन्छ । यही रक्तचापले मुटुबाट शरीरका विभिन्न भागमा रगत पुऱ्याउने काम गर्छ । प्रायः गरेर रक्तचाप- ब्लडप्रेसरबाट मस्तिष्क, मिर्गौला तथा शरीरका अन्य अंगहरूमा रक्तचाप भिन्दाभिन्दै रूपमा पुग्छ । यदि कुनै बेला रक्तचाप बढ्न गएमा पनि ती अंगहरू आफैंले चाप नियन्त्रण गर्छन् र आफूलाई चाहिने मात्रै चाप लिन्छन् । डक्टरहरूले रक्तचाप लेख्दा १२०/८० वा १००/७० यस्तै लेख्छन् १२० वा १०० भनेको माथिल्लो प्रेसर हो र यसलाई डाक्टरी भाषामा सिस्टोलिक (Systolic) भनिन्छ । ८० वा ७० भनेको तल्लो प्रेसर हो । यसलाई diastolic भनिन्छ । प्रायः गरेर नर्मल ब्लडप्रेसर भनेको १२०/८० हुन्छ । तर एउटै मानिसमा पनि रक्तचाप एकैनास भइरहँदैन । मानिसहरू दौडिरहेको बेलामा, कसैसँग झगडा परेको बेलामा वा टेन्सन भएको बेलामा उनीहरूको रक्तचाप बढिरहेको हुन्छ । तर आराम गरेपछि वा तनाव कम भएपछि रक्तचाप सामान्य स्थितिमा आउँछ । यदि कोही मानिस दौडिरहेको बेलामा रक्तचाप बढेन भने त्यो मानिसको मुटुमा केही गडबडी भएको ठहरिन्छ । त्यस्तै गरेर दौडेको बेलामा बढेको रक्तचाप आराम गरिसकेपछि पनि घटेन भने त्यसलाई उच्च रक्तचाप भएको मानिन्छ ।

## कतिदेखि माथि उच्च रक्तचाप हुन्छ ?

१४०/९० सम्मको रक्तचापलाई उच्च रक्तचाप भन्न मिल्दैन, यसलाई सामान्य प्रेसरको माथिल्लो तह भन्न सकिन्छ । १६०/९५ रक्तचाप भयो भने यसलाई उच्च रक्तचाप भनिन्छ । १४०/८० र १६०/८५ को बीचको प्रेसरलाई भने अनिश्चित या "grayzone" भनिन्छ । पहिले पहिले १४०/९० सम्म रक्तचाप भएकालाई औषधि दिनुपर्दैन भनेर भनिन्थ्यो । उनीहरूलाई भोजन घटाउने, हिंड्ने, योग गर्ने, शान्त वातावरणमा बस्ने, कामको चापलाई कम गर्ने सल्लाह दिने गरिन्थ्यो । तर आजको संसारको होडबाजीमा त्यस्तो स्थिति सृजना गर्न ज्यादै कठिन छ । त्यसैले अहिले त्यति रक्तचाप भएका व्यक्तिलाई पनि औषधि दिनुपर्ने अवस्था आउनसक्छ । पछि रक्तचाप सामान्य स्थितिमा आयो भने औषधि घटाउँदै लगेर बन्द पनि गर्न सकिन्छ । अझ कसैलाई मुटुको रोग, डायबिटिज, किड्नी फेल भएको छ, तथा गर्भवती महिला हुन् भने त उनीहरूको लागि सामान्यतः नर्मल भनिने रक्तचाप १३०/८० वा १२०/८० भन्दा पनि कममा झार्नुपर्छ ।

## उच्च रक्तचाप हुने कारणहरू

उच्च रक्तचाप हुने धेरै कारणहरू छन् । तर सामान्यतया दुईवटा कारण प्रमुख रूपमा छन् । एउटा, एसेन्सियल हाइपरटेन्सन या इडियोप्याथिक : यो परिवारबाट आउने पारम्परिक रक्तचाप हो । दोस्रो, सेकण्डरी : जुन परिवारिक नभै, अन्य कुनै कारणबाट निर्धारित हुन्छ । ९० प्रतिशत मानिसहरूमा के कारणले उच्च रक्तचाप भएको हो, किटान गर्न गाह्रो हुन्छ । त्यसैले उनीहरूमा उच्च रक्तचाप परिवार वा पुस्तैनीबाट आएको भनिन्छ । तर किटानै गर्न सकिने उच्च रक्तचाप मिर्गौलाको रोग या एन्डोक्रिनल ग्ल्यान्ड र अन्य रोगको कारणले हुन्छ । कहिलेकाहीं रक्तनलीहरू साँघुरो भएर पनि रक्तचाप बढ्नसक्छ । यसको साथै तनावले पनि रक्तचाप बढ्नसक्छ ।

## रक्तचापबाट हुने समस्याहरू

रक्तचापले पम्प, ट्युब, फिल्टरलाई खराब गर्छ । पम्प भनेको मुटु, ट्युब भनेको रक्तनली र फिल्टर भनेको मिर्गौला आदि हुन् । यी तीनवटा अंगहरूलाई हानी हुने वित्तिकै शरीरका अन्य अंगहरूलाई स्वतः हानी पुग्छ । जस्तो : ब्रेनमा स्ट्रोक तथा हेमरेज हुनसक्छ । मिर्गौलाले काम नगर्ने हुनसक्छ, हृदयाघात हुनसक्छ । अकस्मात रक्तचाप क्षणिक रूपले अनियन्त्रित भयो, जस्तो अचानक रिस उठ्यो भने, डरले सतायो भने, त्यसबाट पनि खतरा हुनसक्छ । सामान्यतया १६०/९५ रक्तचाप भयो भने त्यो खतरा नै हो । कहिलेकाहीं झट्ट रक्तचाप बढ्यो भने कमजोर भएका नलीहरू प्याट्ट फुट्न सक्छन् । त्यसरी नली फुट्यो भने शरीरभरि रगत छयालब्याल हुन्छ र मान्छे मर्न पनि सक्छ । यसैले अचानक उच्च रक्तचाप भएकाहरू आवेशमा आउन, भयंकर रिसाउन या भयंकर डरको स्थितिबाट बच्नुपर्छ ।

## उच्च रक्तचापका लक्षणहरू

धेरै रक्तचाप बढ्यो भने मानिसहरूलाई टाउको दुख्ने, रिंगटा लाग्ने, स्वाँ स्वाँ आउने, कानमा घण्टी बजेको जस्तो हुने तथा कहिलेकाहीं वान्तासमेत हुने हुन्छ । आँखा धमिलो पनि

> पहिले पहिले १४०/९० सम्म रक्तचाप भएकालाई औषधि दिनुपर्दैन भनेर भनिन्थ्यो । उनीहरूलाई भोजन घटाउने, हिंड्ने, योग गर्ने, शान्त वातावरणमा बस्ने, कामको चापलाई कम गर्ने सल्लाह दिने गरिन्थ्यो । तर आजको संसारको होडबाजीमा त्यस्तो स्थिति सृजना गर्न ज्यादै कठिन छ

हुनसक्छ, या क्षणिक समयको लागि न देखिने पनि हुनसक्छ ।

### उच्च रक्तचापको उपचार

सेकन्डरी कारणले रक्तचाप बढेको हो भने ती कारणहरूको उपचार भएपछि रक्तचापको रोग पनि निको हुन्छ । तर प्राइमरी अथवा जेनेटिक यानी पारिवारिक कारणले नै रक्तचाप बढेको हो भने त्यसको उपचार जीवनभरि नै गरिरहनुपर्ने स्थिति पनि हुनसक्छ । यस्ता रोगीहरूले आफ्नो जीवनशैलीमा नै परिवर्तन गर्नुपर्दछ । यदि बाबुआमासँग उच्च रक्तचाप छ भने त्यस्ता व्यक्तिहरूका छोराछोरीले सानै उमेरदेखि नै 'जंकफुड'हरू नखाने, बढी खेलकूद गर्ने, हिंड्डूल गर्ने, बेलुका ठीक समयमा सुत्ने, विहान छिट्टै उठ्ने, योगाभ्यास गर्ने, ध्यान गर्ने, चुरोट खैनी तथा रक्सी नखाने, नुन कम खाने, सागपात बढी खाने बानी बसाल्नुपर्छ । यसो गर्दाखेरि ३०/३५ वर्षमै बढ्न प्रेसर ५०/६० वर्षमा मात्र बढ्ने पनि हुनसक्छ, या प्रेसर न बढ्न पनि सक्छ ।


### पथपहरेज

उच्च रक्तचाप भएका मानिसहरूले पोटासियम बढी भएका खानाहरू खानुपर्छ र नुन भएको खाना कम खानुपर्छ । पोटासियम बढी सागपात र फलफूलहरूमा हुन्छ । तर फलफूल पनि बढी खायो भने मोटाउन थालिन्छ । मोटाउन थाल्यो भने रक्तचाप झन् बढ्छ । त्यसैले फलफूल पनि ठीक मात्रामा मात्रै खानुपर्छ । चुरोट, खैनी खाने बानी छ भने त्यसलाई छाडी हाल्नुपर्छ । रक्सी धेरै खाने बानी छ भने त्यसलाई तुरुन्तै हटाउनुपर्छ । उमेर बढ्दै गएपछि मासुले स्वास्थ्यलाई हानी नै गर्छ । त्यसैले उच्च रक्तचाप हुनेहरूले मासु नखाएकै राम्रो हुन्छ । माछा कहिलेकाहीं एक दुई टुक्रा खानु त्यति नराम्रो हुँदैन । बनस्पति, प्रोटिन जस्तो भटमास, चना, क्वाँटी नै खानु बेस हुन्छ । मोटो मान्छेले आफ्नो मोटाइ घटाउनु अनिवार्य नै छ ।

अर्को कुरा, पुस्तैनी ब्लडप्रेसर भएकाहरूले आफ्नो उमेर ३५ वर्ष पुगेपछि बेला बेलामा रक्तचाप जँचाइराख्नुपर्छ । र, डाक्टरको सल्लाह लिइरहनुपर्दछ । आफू जहिले पनि सतर्क भइरहनुपर्दछ, तर यही कारणले तर्सिनु भने हुन्न ।

### उच्च रक्तचापबाट बच्ने उपाय

उच्च रक्तचापबाट बच्ने उपाय भनेको आफ्नो जीवनशैली सन्तुलित राख्नु, ध्यान र योगाभ्यास गर्नु र EXERCISE गर्नु नै हो । विपश्यना ध्यानमा गएका कति जना उच्च रक्तचापका रोगीहरूको त्यहाँबाट फर्केपछि प्रेसर कम भएको मैले देखेको छु । तर ध्यान गर्न र योग गर्न छोडेपछि फेरि बढ्नथाल्छ । त्यसैले यदि उच्च रक्तचापबाट बच्ने हो भने लगातार EXERCISE योगाभ्यास र ध्यान गरिरहनुपर्छ । ❑

# सोलार बिजुली प्रयोग गरौं, अँध्यारोमा नबसौं !

सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचालन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीब २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।

SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.

पोष्ट बक्स १२५११, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ,
फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

मकालु यातायात बस सेवा काठमाण्डौ, कलंकी फोन नं. २७७५५२

काठमाण्डौबाट बस जाने स्थान र बस छुट्ने समय

काठमाण्डौ - काकडभिट्टा- बिहान ५:०० बजे, भद्रपुर- ५:१० बजे, उर्लाबारी-मधुमल्ला- ५:२० बजे, विराटनगर- ५:४५ बजे, राजविराज- ६:०० बजे, सिरहा-माडर- ६:१५ बजे, मलंगवा- ६:३० बजे, विराटनगर दोस्रो- ६:४५ बजे, धरान- ७:०० बजे, जनकपुर- ७:२० बजे, गौर- ७:४० बजे, बिरगंज- ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे, कलैया- ८:०० र १०:१५ बजे, बरहथवा- ८:३० बजे, भरतपुर- ८:३०, ९:१५ र ११:४५ बजे, गितानगर- दिउँसो १:३० बजे, पर्साढाप-मेघौली- दिउँसो १:५५ बजे, नारायणगढ- विशालचोक - दिउँसो २:२० बजे, बिरगंज रात्री- बेलुका ८:१५ बजे

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !



● प्रज्ञानरत्न

# बुद्ध दर्शनका विशेषताहरु

## पदार्थ र संवेदनासम्बन्धी दृष्टिकोण

बुद्ध यो संसारका तमाम भौतिक वस्तुहरू र शरीर चार महाभूतहरूबाट बनेका छन् भन्ने धारणा राख्नुहुन्थ्यो । ती हुन्- पृथ्वी, जल, तेज र वायु । चार महाभूतसम्बन्धी उहाँको यो धारणा चार्वाक दर्शनसँग मेल खान्छ । तात्कालीन अन्य विचारकहरूले 'आकाश'लाई पनि अर्को महाभूतको रूपमा लिने गरेको पाइन्छ, जस्तो- कपिल । तर बुद्धले भने 'आकाश'लाई महाभूतको रूपमा लिएको भेटिन्न ।

विश्वका तमाम भौतिक वस्तुहरू र शरीर चार महाभूतबाट बनेका छन् भन्ने बुद्धको यो धारणा भौतिकवादी धारणा हो । यसमा आत्मा वा परमात्माले पदार्थ सृजना गऱ्यो र त्यसैले आत्मा र परमात्मा प्राथमिक कुरा हो भन्ने आदर्शवादी धारणाका निम्ति कुनै स्थान देखिँदैन, न त यसमा ईश्वरले संसार सृष्टि गऱ्यो भन्ने धारणाका निम्ति नै कुनै स्थान देखिन्छ । बुद्धले यस मामलामा स्पष्टतः भौतिक पदार्थहरू अर्थात् चार महाभूतहरू नै प्राथमिक कुराहरू हुन्, ती महाभूतबाटै विश्वका तमाम भौतिक वस्तुहरू र शरीरको सृजना भएका हुन् भन्ने भौतिकवादी सोच अघि सारेको पाइन्छ ।

बुद्धले चार महाभूतका चारवटा सम्बन्धित गुणहरूको पनि उल्लेख गर्नुभएको देखिन्छ । ती हुन् : काठिन्य अर्थात् कठोरता, ठोसपना, तरलता, ताप र दबाव । पृथ्वीको सम्बद्ध गुण कठोरता हो भने पानीको तरलता, तेजको ताप हो भने वायुको सम्बद्ध गुण दबाव हो । बुद्धका अनुसार, सम्पूर्ण बाहिरी संसार, हाम्रा इन्द्रियहरू र शरीर यिनै चार महाभूतहरूबाट बनेका छन् । त्यही कारणले यिनलाई 'भौतिक' भनिन्छ । ***(हेर्नुहोस् 'प्रारम्भिक बौद्ध धर्म', एम हिरियन्नाद्वारा लिखित भारतीय दर्शन की रुपरेखा, राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७, पृष्ठ १४८)***

'फस पचया वेदना' अर्थात् 'स्पर्श हुनासाथ सम्वेदना पैदा हुन्छ' भन्ने बुद्धको भनाई देखिन्छ । अर्थात्, हरेक मानिस वा जीवजन्तुमा सम्वेदना आफ से आफ पैदा हुँदैन, त्यो भौतिक वस्तुहरूसित इन्द्रियहरूको स्पर्शबाट पैदाहुन्छ भन्ने बुद्धको अवधारणा देखिन्छ । बुद्धको सम्वेदनासम्बन्धी यो धारणा पनि भौतिकवादी नै देखिन्छ । संवेदना नै वस्तु हो, सम्वेदनाभन्दा अलग्गै वस्तुको कुनै अस्तित्व छैन भन्ने उपनिषद्का आत्मगत आदर्शवादी सोचहरूको तुलनामा भौतिक वस्तुहरूसित इन्द्रियहरूको स्पर्श नहुँदो हो त सम्वेदना भन्ने कुरै हुने थिएन भन्ने बुद्धको विचार अत्यन्त भिन्न र विपरीत देखिन्छ । यस सवालमा बुद्धको सम्वेदनासम्बन्धी धारणा भौतिकवादी कित्तामा देखिन्छ ।

बुद्धको भनाइअनुसार इन्द्रियहरू पाँचवटा होइन, ६ वटा छन् : आंखा, कान, नाक, जिब्रो, छाला र मन । यी ६ वटा इन्द्रियहरूका ६ वटै विषयहरू छन्- रूप, शब्द, गन्ध, रस, स्पर्श र चिन्तन । जब आँखा, कान, नाक, जिब्रो र छालाले आफ्ना स्पर्शका कार्य गर्न बन्द गर्छन्, तब छैठौं इन्द्रिय मनको ढोका खुल्छ र चिन्तन

> हरेक मानिस वा जीवजन्तुमा सम्वेदना आफ से आफ पैदा हुँदैन, त्यो भौतिक वस्तुहरुसित इन्द्रियहरुको स्पर्शबाट पैदाहुन्छ भन्ने बुद्धको अवधारणा देखिन्छ

प्रारम्भ हुन्छ । ***(हेर्नुहोस्- कल्याणमित्र सत्यनारायण गोयन्काद्वारा लिखित 'जागे मंगल प्रेरणा' नामक पुस्तक, सस्ता साहित्य मण्डल प्रकाशन, नयाँ दिल्ली, १९९० पृष्ठ ३०७)*** । ६ इन्द्रिय र तिनका ६ विषयहरू बुद्धका शब्दमा आयतन हुन् । ६ इन्द्रियका ६ वटा विषयहरू र यी विषयहरूको सम्पर्कबाट पैदा हुने परिणामलाई बुद्ध 'विज्ञान' भन्नुहुन्छ, जसको तात्कालीन शब्दार्थ हो- चेतना । ६ वटा इन्द्रियहरू, ६ इन्द्रियका ६ आयतनहरू र यी इन्द्रियहरू र आयतनहरूको सम्पर्कबाट ६ वटा विज्ञान (अर्थात् चेतना) पैदा हुन्छ : आँखा र त्यसको विषयको वस्तुसितको सम्पर्कबाट चक्षु विज्ञान पैदा हुन्छ भने कानको बाट श्रोत्र विज्ञान, नाकको बाट घ्राण विज्ञान, जिब्रोको बाट जिह्वा विज्ञान, मनको बाट मन विज्ञान वा कार्य विज्ञान । बुद्धका अनुसार, इन्द्रिय ६ वटा छन्, आयतन १२ वटा छन्, ६ इन्द्रिय र ६ इन्द्रियका ६ वटा विषयहरू, धातु १८ वटा छन्, ६ इन्द्रिय, ६ इन्द्रियका ६ विषयहरू र यी इन्द्रिय र विषयहरूको सम्पर्क सम्बन्धबाट पैदा हुने ६ वटा चेतना र विज्ञानहरू ।

यी जम्मै कुराहरूको सार के हो भने बुद्ध चेतनाको वा सम्वेदनाको स्रोत भौतिक वस्तुहरूसित इन्द्रियहरूको स्पर्शलाई मान्नुहुन्छ । बुद्धका दृष्टिमा सम्वेदना र चेतना आफैं पैदा हुने कुरा होइन, ती वस्तुहरूसित इन्द्रियहरूको सम्पर्कबाट पैदा हुन्छन् । इन्द्रियहरू आफैं चार महाभूतबाट निर्मित छन् । अझ बुद्ध त इच्छाहरूको स्रोत पनि इन्द्रियहरू र इन्द्रियबाट पैदा हुने संवेदनालाई मान्नुहुन्छ । बुद्धको आफ्नै भाषा पालीमा प्रशिद्ध उक्ति छ-

**'फस्स पच्चया वेदना**
**वेदना पच्चया तण्हा'**

यसको अर्थ हो इन्द्रियहरूको भौतिक वस्तुसितको स्पर्शबाट सम्वेदना पैदाहुन्छ ।

**सम्वेदनाबाट तृष्णा वा इच्छा पैदाहुन्छ ।**

यसप्रकार बुद्धको पदार्थ, सम्वेदना, चेतना र इच्छासम्बन्धी विचार भौतिकवादी देखिन्छ । बुद्ध सम्वेदना वा चेतनाले वस्तु पैदा गर्छ भन्ने आदर्शवादी धारणा राख्नुहुन्न, बरू यसको ठीक विपरीत धारणा राख्नुहुन्छ ।

अझ बुद्ध त तमाम भौतिक वस्तुहरू, सम्वेदनाहरू र चेतनालाई अनित्यसमेत मान्नुहुन्छ । यसको तात्पर्य हो- विश्वका तमाम भौतिक वस्तुहरू, सम्वेदनाहरू र चेतनाहरू अस्थायी र अस्थिर छन्, यी लगातार उत्पन्न भइरहन्छन् र नाश पनि भइरहन्छन् । बुद्धको यो धारणा द्वन्दवादीसमेत छ ।


बुद्धको कार्य-कारण सम्बन्धसम्बन्धी धारणा पनि भौतिकवादी देखिन्छ । बुद्धका अनुसार, हरेक घटना र वस्तुको हेतु अर्थात् कारण हुन्छ । हामी कुनै पनि घटनाको कारण थाहा पाऔं, ताकि हामी त्यसको जरोमै उपचार गर्न सक्छौं । बुद्धको मौलिक प्रतीत्यसमुत्पादकको सिद्धान्तले कारण-कार्य सम्बन्धलाई निक्कै राम्ररी भौतिकवादी कोणबाट व्याख्या गरेको देखिन्छ । हामीले पहिले नै 'प्रतीत्यसमुत्पाद'को सिद्धान्तको पर्याप्त व्याख्या विश्लेषण गरिसकेकाले यहाँ त्यसको थप चर्चा गर्दै छैनौं ।

बुद्धको आत्मा र भौतिक वस्तुबीचको सम्बन्धसम्बन्धी धारणा भने प्रचलित भौतिकवादी धारणाभन्दा भिन्न देखिन्छ । बुद्ध आत्मा र भौतिक वस्तुलाई छुट्टाछुट्टै वस्तु मान्नुहुन्न । बुद्ध आत्मा केही भौतिक र मानसिक घटकहरूको संयोग हो भन्नुहुन्छ । बुद्ध मन र शरीरलाई 'नाम-रूप' भन्नुहुन्छ, र नाम-रूपलाई अलगअलग अस्तित्व मान्नुहुन्छ । सम्वेदना, विचार र भौतिक शरीर मिलेर आत्मा बन्छ भन्ने बुद्धको मौलिक धारणा देखिन्छ । ***(उही भारतीय दर्शन की रुपरेखा, पृष्ठ १४० बाट)*** बुद्धका अनुसार, आत्मा पाँच घटक अर्थात् स्कन्धहरूबाट निर्मित छ । ती स्कन्धहरू हुन्- रूप, विज्ञान, वेदना, संज्ञा र संस्कार । यीमध्ये रूप स्कन्ध आत्माको भौतिक घटक हो, अरू चार मानसिक घटक हुन् । यी ५ स्कन्धहरूभन्दा आत्माको छुट्टै अस्तित्व छैन भन्ने बुद्धको सोच देखिन्छ । बुद्धको आत्मासम्बन्धी यो धारणा विशुद्ध भौतिकवादी देखिँदैन । ❑



# तिम्रो विधानको मलामी

● नारायण ढकाल



एकाएक मरे
तिम्रो विधानका ऋचाहरू
त्यसका अक्षर
त्यसको व्याकरण
र त्यसको भावार्थ
सबै निकम्मा हुनपुगे
\+ +
मलाई राम्ररी ज्ञात छ
तिम्रो पतनको यो कथा
कुनै समय थियो
जब तिम्रा धारा-उपधाराहरू
शपथका बुँदाहरू
ती कोरा अक्षर
फोस्रा शब्द
र शिथिल वाक्यमात्र थिएनन्
ती थिए - महाकाव्यका श्लोक
- जीवनका गीत
- र लोकका महागाथा

जब मन्त्रविद्ध रूपमा
हावामा फैलिन्थे
तिनका संगीतमय ध्वनिहरू,
तब सिंगो धर्ती डगमगाउँथ्यो
यसरी प्रत्येक पटक
तिम्रो शपथको शक्तिमा
मेरो बस्तीका महान् स्रष्टाहरूको
आत्माको नवीकरण हुन्थ्यो
तर अब त्यो समयातीत क्षण
मानिसहरूले बिर्सिइसकेको कथाको
कुनै याम भइसकेको छ
\+ +
र अहिले त्यो मर्‍यो
त्यसपछि एकाएक बन्नपुग्यो
- अक्षरहरूको लाश
- र मृत संकल्पनाहरूको चिहान
त्यसैले अब तिमी
जतिसुकै जोडले मुट्ठी बटार
र वाचन गर शपथका ती हरफहरू
तिनीहरूले बारम्बार गर्भस्थ गर्नेछन्
एउटै भाव
एउटै अर्थ
अर्थात् इतिहाससँग गद्दारी !
\+ +
त्यसै भएर त हो
अचेल म
तिम्रो विधानको शवयात्राको
संख्या बढाउन
जिवित र सक्रिय छु । ❑

# प्राविधिक कविता

● रोशन शेरचन



अब प्राविधिक कविताहरू
सृजना गर्ने समय आएको छ


कविताहरूलाई सीपमूलक बनाउँदै
कविताहरूलाई उत्पादनमूलक बनाउँदै
कर्मीहरूलाई सघाउँदै
विकास निर्माण संरचनाका जग जगमा
बलिया बलिया बिम्बका छडहरूले अड्याउँदै देखिने
सामूहिक जोश, जाँगर र उत्साहमा
के कविता छैन ?
अब कविताहरू समाजसँग छलफलमा बस्नुपर्छ

कविताको कलात्मक उच्चतामा मात्र
कविताको वैचारिक गहनतामा मात्र
सन्तोष मान्ने समय छैन
कवितालाई व्यवहारउपयोगी बनाउने
समय आएको छ
कविता अब नजिक पनि बन्नुपर्छ
डोको नाम्लोको
हथौडा छिनोको
गल साबेलको
ट्याक्टर बुल्डोजरको
कविता अब औजार/मेशिनदेखि
भाग्न हुन्न
यो पलायनको यात्रा दुःखद् छ ।

अब प्राविधिक कविताहरू
सृजना गर्ने समय आएको छ
प्रत्यक्ष हस्तक्षेप अपेक्षित छ
प्रतिदिनको जीवनमा कविताको

अब समय आएको छ
कवितालाई संरक्षण र विकास कार्यमा संलग्न गराउने

कविता स्वतन्त्र छ
प्राविधिक हुन पनि ।
❑




- घनश्याम भुसाल

# मानव समाजको रूपान्तरण

सन् १९९० वरिपरिको विश्व समाजवादी धुरीमा आएको आँधीबेहरीको पछाडि लामो श्रृंखला छ । सोभियत संघको स्थापनादेखि नै समाजवादी धुरीको समाज-विज्ञान सरल रेखामा हिंड्न थालेको थियो । सन् १९६० को दशकपछि त त्यो बक्ररेखा नै बन्नपुग्यो । सामाजिक यात्राको नागवेलीपकूर्ण बाटोमा चलाइएको समाजवादी गाडीको स्टेरिङ्ग दायाँ-बायाँ जोगाउँदै बाटोअनुसारका घुम्तीहरु पार गर्दै अगाडि बढ्ने किसिमले बनाइएको थिएन । बरु जसरी गाडी गुड्छ, बाटो त्यतै जानुपर्छ भन्ने आग्रह-प्रेरित भएर अगाडि बढ्दा भयानक दुर्घटनाहरु घटे ।

भर्खर बजारमा एउटा पुस्तक आएको छ । रामराज रेग्मीद्वारा लेखिएको पुस्तक 'मानव समाजको रुपान्तरण'ले मार्क्सवादी कोणबाट मानिसको उद्‌भवदेखि मानिसको भविष्यसम्मलाई विषयवस्तु बनाएको छ । यस सन्दर्भमा सबै सामाजिक अध्येताहरुले ख्याल गर्नुपर्ने कुरा के हो भने हरेक अध्ययनले वर्तमानको ठाउँ किटान गर्नैपर्छ । आफू कहाँ छु भन्ने कुरा थाहा नभै पूर्व-पश्चिम वा उत्तर-दक्षिणको कुनै अर्थ हुँदैन । सामाजिक विज्ञानमा मार्क्सवादका प्रमुख योगदानहरुमध्ये 'वर्तमान'लाई खुट्याउनु एउटा हो । त्यसले नै पुराना सबै सामाजिक अध्ययनभन्दा मार्क्सवादलाई अलग बनाएको हो । तर पछिल्ला दिनहरुमा मार्क्स वा लेनिन वा माओका 'वर्तमान'लाई नै १५० वर्ष, १०० वर्ष वा ५० वर्षपछि पनि 'वर्तमान' नै भनिदिएपछि त्यस्तो अध्ययन मार्क्सवाद रहेन । अर्थात् अहिले प्रचलित मार्क्सवादले आजको परिस्थितिको व्याख्या गर्न नसक्ने भएको छ । तराईका कतिपय ठाउँमा कसैसँग कुनै अर्को ठाउँ पुग्न 'कति समय लाग्छ ?' भनेर सोध्यो भने 'दुई कोस' भन्ने उत्तर पाइन्छ । तपाई दुई कोस हिंडिसकेपछि फेरि कसैसँग सोध्नुभयो भने 'दुई कोस' भन्ने उत्तर नै पाउन सक्नुहुन्छ । आजकल समाजवाद/साम्यवादको दूरी पनि जहिलेसुकै 'दुई कोस'जस्तै बहुनगएको छ । हुँदाहुँदा अहिले यो त 'नास्त्रेदामसको भविष्यवाणी'जस्तो भएको छ, जसले उत्तरतिर वा पूर्वतिर भन्छ, तर कहाँबाट उत्तर वा कहाँबाट पूर्व भन्दैन ।


दशवटा मुख्य शिर्षकहरुमा बाँडिएको उक्त पुस्तकले सामाजिक प्राणीको रुपमा मानिसको उत्पत्ति र समाज विकासका विभिन्न चरणहरुको व्याख्या गरेको छ । सामाजिक रुपान्तरणको कुरा गर्दा सामाजिक युगहरुको सामान्य वर्णन गर्ने परम्पराभन्दा पृथक रहेर यो पुस्तकले नेपाली समाजको रुपान्तरणका अवस्थाहरुलाई पनि समेट्ने प्रयास गरेको छ । बीच बीचमा नेपालको इतिहासका विभिन्न सन्दर्भहरुको प्रासङ्गिकताले पुस्तकमा सार्थकता दिएका छन् । यो पक्ष पुस्तकको सबैभन्दा राम्रो पक्ष हो । त्यसबाहेक भाषामा जटिलता नहुनु, १९२ पृष्ठको सानै पुस्तकमा धेरै विषयहरुलाई अनेक उपशिर्षकहरुमा प्रस्तुत गर्नु, विभिन्न सन्दर्भ-सामग्रीहरुको प्रयोग गर्नु यसका थप विशेषता हुन् ।

तर पुस्तकमा खड्किने थुप्रै विषय छन् । अहिलेको नेपाली समाजको चरित्र 'अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक' हो भन्नका लागि लेखकले गर्नुभएको कसरत तार्किक र सान्दर्भिक देखिन्न । त्यस्तो प्रमाणित गर्ने कुनै तथ्यहरु पुस्तकमा देखिन्नन् । त्यसले हाम्रो समाजको वर्तमानलाई होइन, इतिहासलाई मात्रै अभिव्यक्ति दिन्छ । हाम्रो चिन्तनलाई अगाडि होइन, पछाडि फर्काउँछ । अर्थात् बौद्धिक प्रतिगमनलाई सघाउँछ । यो चाहिँ यस पुस्तकको सबैभन्दा ठूलो कमजोरी हो । त्यस्तै, लेखक नयाँ जनवादी पनि हुनुपर्ने, बहुदलीय जनवादलाई समर्थन गर्नैपर्ने, माओवादी जनयुद्धलाई ठीक ठहऱ्याउनुपर्ने खिचडी आग्रहबाट किन यति बढी पीडित हुनुभयो भन्ने कुरा पनि पुस्तकमा उदेकलाग्दो गरी देखिएको छ । सांस्कृतिक क्रान्तिको प्रयोग ज्यादतिपूर्ण भएको बताउने लेखकले त्यसका जिम्मेवारीबाट माओत्सेतुङ्गलाई बचाउन यति धेरै मेहनत गर्नुभएको छ कि मानौं उहाँले मात्रै माओको रक्षा गर्न सक्नुहुन्छ र त्यो उहाँको मात्रै दायित्व हो, आदि ।


बाँदरबाट मानिस बन्ने क्रममा 'खुट्टाहरु हातमा बदलिएर श्रम गर्न लायक भए' (पृ.६), 'जनसंख्या बढ्दै जाँदा समाजमा रहेको यौन स्वच्छन्दताले महिलाहरुलाई बाधा पुऱ्यायो' (पृ.२५), 'औद्योगिक क्रान्तिपूर्व उत्पादनका साधनमा मजदूरहरुको निजी स्वामित्व थियो' (पृ.८२), 'साम्यवादमा एकनिष्ठ विवाहलाई प्राथमिकता दिइन्छ' (पृ.१५७), 'लेनिनले विश्लेषण गर्नुभएको वित्तीय पूँजीको भूमिका तात्कालिक अवस्थामा राष्ट्रव्यापी थियो, विश्वव्यापी बनेको थिएन' (पृ.१६६) जस्ता अवधारणागत रुपमा त्रुटिपूर्ण र तथ्यसँग संगति नमिल्ने अरु केही तर्क र व्याख्या यसका कमजोर पक्ष हुन् । साथै, कतिपय ठाउँमा भाषिक अशुद्धि/अन्यार्थ, सन्दर्भहरुको गलत प्रयोग, कतिपय स्थानमा आवश्यक सन्दर्भहरुको कमीजस्ता कमजोरीलाई समेत हटाउने हो भने पुस्तकले उठाएको विषय महत्वपूर्ण छ । आगामी संस्करणमा ती कमजोरीहरु हटाइने छ भने आशा गर्न सकिन्छ । आजकल मूल धारका राजनीतिक पार्टीहरुमा अध्ययनको मूल्य करिब करिब सकिनै लागेको र समाजशास्त्रीय अध्ययनमा खडेरी लागेको बेला लेखक स्वयं सक्रिय राजनीतिक भएर पनि यो विषयमा गर्नुभएको मेहनतको भने प्रशंसा नै गर्नुपर्छ । ❑

पुस्तकको नाम : मानव समाजको रुपान्तरण
लेखक : रामराज रेग्मी
प्रकाशक : ग्रामीण सामुदायिक विकास प्रतिष्ठान, पोखरा
मूल्य रु. : १२५/-
पृष्ठ संख्या : १९२


उल्लेख्य




प्रतिरोध
विधा : कथा संङग्रह
लेखक : सी. पी. गजुरेल
प्रकाशक : मार्क्सवादी साहित्य अध्ययन मन्च, काठमाण्डौ
पृष्ठ : ६४
मूल्य : ने.रु. २०/-
भा.रु. १५/-




गजलामृत
विधा : गजल संग्रह
लेखक : धनराज गिरी
प्रकाशक : बाल्मिकी साहित्य सदन, रत्ननगर, चितवल
पृष्ठ :१०८+२२
मूल्य : रु. १००/-




राता मान्छेहरू
विधा : संगीतबद्ध गीतहरुको संगालो
लेखक : माइला लामा
प्रकाशक : अखिल नेपाल जनसाँस्कृतिक सङ्घ, पूर्वी क्षेत्र
पृष्ठ : ७०,
मूल्य : रु. ३०/-

# २०१७ सालको प्रतिगमन र राजा महेन्द्र



■ मुक्ता श्रेष्ठ

**नेपालमा** ३० वर्षसम्म पुस १ गतेको दिन एकथरिका लागि कालो दिन र अर्काथरिका लागि उत्सवको दिनको रूपमा रह्यो । पंचायती व्यवस्थाका पक्षधर अथवा प्रतिगमनकारीहरूको लागि यो दिन उत्सवको दिन थियो भने पंचयतइतर अथवा अग्रगमनकारीहरूको लागि कालो दिन थियो । किनभने यही दिन राजा महेन्द्रले ०७ सालमा जनताले रगत बगाएर ल्याएको प्रजातन्त्रलाई कुल्चेर फेरि एकतन्त्री शासन शुरू गरेका थिए । अथवा भनौं, संसदीय व्यवस्थाको घाँटी निमोठिएको दिन थियो त्यो । त्यसैले त्यो दिन प्रजातन्त्रप्रेमी जनताको लागि कालो दिन नै रह्यो । प्रतिगमनकारीहरूले भने यो दिनलाई करिब ३० वर्षसम्म उत्सवको दिनको रूपमा मनाए ।

२०१७ साल पुस १ गते काठमाण्डौको थापाथलीस्थित द्रोण शमशेरको दरवारको प्रांगणमा नेपाली कांग्रेसको भातृ संगठन तरूण दलको सम्मेलनको उद्घाटन समारोह थियो । त्यस समारोहको उद्घाटन तात्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले गरेका थिए । उद्घाटन समारोहको कार्यक्रमको बीचमा नै करिब १ बजेतिर सेनाको एक हूल त्यहाँ पुगेर त्यहाँ उपस्थित प्रधानमन्त्री, मन्त्रीहरू तथा अन्य नेताहरूलाई छानीछानी समात्यो । केही नेताहरू त्यहाँबाट भाग्न सफल पनि भए । सम्मेलन त्यत्तिकै बिथोलियो । प्रधानमन्त्री र मन्त्रीहरूलाई ले.ज. सुरेन्द्रबहादुर शाह र ब.ज. शमरजंग कुँवरले 'महाराजाधिराजबाट हुकुम भएको छ जानुपर्‍यो' भनेर लिएर गए । तर उनीहरूलाई राजाकहाँ नलगिकन सिधै सिंहदरवारको बिलियार्ड रूममा लगेर राखियो । त्यतिबेलासम्म मूल मूल नाकाहरूमा सैनिक तैनाथ गरिसकिएको थियो ।

त्यही दिन ३:३० बजे देशवासीको नाममा राजा महेन्द्रले एउटा घोषणा जारी गरे । त्यस घोषणामा नेपाली कांग्रेसको सरकार दलगत स्वार्थमा अल्झेको, देशमा भ्रष्टाचार बढेको, शान्ति सुरक्षा कायम गर्न नसकेको, विदेशी हस्तक्षेप बढेको आदि कारणले गर्दा देश र जनताको हितको लागि संविधानको धारा ५५ प्रयोग गरी मन्त्रीमण्डल विघटन गरेर देशको शासनभार राजाले आफ्नै हातमा लिएको कुरा उल्लेख गरिएको थियो । यसको साथै संविधानको भाग २ र ३ का सबै धाराहरू, भाग ४ को ११ बाहेक सबै धाराहरू, भाग ५ को ५५ बाहेक सबै धाराहरू, भाग ९ को परिच्छेद ३, धारा ७३ बाहेक सबै धाराहरू र भाग १० का सबै धाराहरू निलम्बन गरिएको पनि उल्लेख गरियो । *(नेपालको राजनैतिक दर्पण, भाग २, २०३३, पृष्ठ ६४६)*

शाही घोषणा प्रसारण भएको लगत्तैपछि रेडियो नेपालबाट 'अर्को सूचना जारी नभएसम्म सभा, जुलुस प्रदर्शन, भाषण तथा अन्य उत्तेजनात्मक कार्यक्रम गर्न प्रतिबन्ध लगाइएको छ' भन्ने सूचना प्रशारित गरिनुको साथै हेलिकप्टरबाट घोषणाको पर्चा देशभरि छर्न शुरू गरियो । त्यही दिनदेखि नै काठमाण्डू लगायत देशका विभिन्न ठाउँहरूमा नेताहरूलाई धरपकड गर्न र उनीहरूको घरघरमा खानतलासी गर्न शुरू गरियो । समातिएका नेताहरूलाई कुनै किसिमको पूर्जी दिइएन र समातिएको सूचना पनि दिइएन । त्यही दिनदेखि नै नेताहरूको घर तथा काठमाण्डौस्थित सबैजसो मुलुकका राजदूतावास वरिपरि सेना तथा प्रहरीको पहरा राखियो । काठमाण्डौमा कर्फ्यू लगाइयो । त्यही दिन दिउँसो नै 'अत्याचारबाट जनताले त्राण पाएको हुँदा खुशीको उत्सव मनाउनुहोस्' भनेर हातैले लेखिएका पोष्टरहरू ठाउँ ठाउँको भित्तामा देखिन थाले । त्यही दिन बेलुकी काठमाण्डू र अन्य विभिन्न ठाउँहरूमा दीपावली पनि भयो । यो दीपावली कसैले रहरले गरे भने कसैले डरले गरे । *(नेपाली कांग्रेसको इतिहास- सूर्यमणि अधिकारी, प्रथम संस्करण २०५९, पृष्ठ १४७)*

नेताहरूको धरपकडको क्रममा टंकप्रसाद आचार्य, डा. के.आइ. सिंह, डिल्लीरमण रेग्मी, मृगेन्द्र शमशेर आदि व्यक्तिहरू पनि पक्राउ परे । पक्राउ परेका व्यक्तिहरूबाट राजाको कदमलाई स्वागत गराउन हर सम्भव प्रयत्न गरियो । र, स्वागत गर्ने नेताहरूलाई रिहा गर्न थालियो । पुस २ गतेदेखि नै राजाको कदमको स्वागत गरिएका वक्तव्यहरू धमाधम आउन थाले । वक्तव्य दिनेहरूमा सर्वप्रथम डा. के.आइ. सिंह, टंकप्रसाद आचार्य, मृगेन्द्र शमसेर, पूर्णबहादुर एम.ए., केशरजंग रायमाझी आदि थिए । *(नेपालको राजनैतिक दर्पण, पूर्ववत्- पृष्ठ ६५३/६७७)*

पुस १२ गते सेना, प्रहरी, कर्मचारी आदिलाई धन्यवाद दिँदै आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरिएको घोषणा र पुस २२ गते देशमा भएका राजनैतिक पार्टीहरू तथा जनवर्गीय संगठनहरू प्रतिबन्धित भएको, बहुदलीय व्यवस्थाको अन्त्य र निर्दलीय पंचायती व्यवस्थाको स्थापना भएको पनि राजा महेन्द्रबाट घोषणा भयो । उनको यो कदम ज्यादै अप्रजातान्त्रिक र असंवैधानिक थियो । किनभने नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ मा 'श्री ५ को स्वविवेकमा कुनै गम्भीर संकट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा आर्थिक जीवन युद्धले वा बाहिरी आक्रमणले वा आन्तरिक उपद्रवले संतप्त छ भन्ने लागेमा...' मात्र राजाबाट संकटकालीन अधिकार प्रयोग गर्न सकिने व्यवस्था गरिएको थियो । *(नेपालको अधिराज्यको संविधान-१०१५, पेज ४०)*

यो संविधानअनुसार राजाले त्यतिबेला संकटकाल घोषणा गर्नुपर्ने कुनै अवस्था नै थिएन । पहिलो कुरा त, त्यतिबेला देशमा न आन्तरिक रूपमा संकट थियो न त बाह्य रूपमा नै । दोस्रो कुरा, राजालाई निश्चित समयसम्ममात्र संकटकाल लागु गर्ने अधिकार संविधानले दिएको थियो । तेस्रो कुरा, संविधानको धारा-५५ प्रयोग गरेर सम्पूर्ण संविधानलाई व्यर्थ तुल्याउने अधिकार सपनि विधानले राजालाई दिएको थिएन । यसरी राजा महेन्द्रले आफूमा नभएको अधिकार प्रयोग गरेर संसदीय व्यवस्थालाई नै खत्तम गरे ।

यो प्रतिगमन ०१७ सालमा आएरमात्र एक्कासी भएको थिएन । यो त ००७ सालदेखि नै प्रजातन्त्रको विरूद्ध राजदरवारबाट चलाइएको षडयन्त्र र आफू शक्तिशाली राजा बन्ने चाहनाको अन्तिम रूप थियो । *(मूल्यांकन अंक ११० मा प्रकाशित 'धोका र षडयन्त्रपूर्ण रह्यो २००७ देखि २०१७ सम्मको इतिहास')*

राजा त्रिभुवनको पालादेखि नै ००७ सालमा घोषणा गरिएको संविधानसभाको चुनाव नगराउन अनेक जाल रचिँदैआएको थियो । आखिर अनेक जाल रचेर संविधानसभाको चुनाव नगराइकन आफ्नै स्वविवेकमा नियुक्त गरेका मान्छेहरूबाट राजाको हातमा अपार शक्ति भएको संविधान

> यो प्रतिगमन ०१७ सालमा आएरमात्र एक्कासी भएको थिएन। यो त ००७ सालदेखि नै प्रजातन्त्रको विरुद्ध राजदरवारबाट चलाइएको षडयन्त्र र आफू शक्तिशाली राजा बन्ने चाहनाको अन्तिम रुप थियो

निर्माण गर्न र संविधानसभाको चुनावको सट्टा संसदको चुनाव गराउन राजा महेन्द्र सफल भए । संसदको चुनाव पनि त्यत्तिबेलामात्र गराइयो, जुनबेला उनले सबै क्षेत्रबाट 'अब कुनै पनि पार्टीको बहुमत आउँदैन' भन्ने रिपोर्ट प्राप्त गरे । संसदको चुनावमा पनि आफ्ना समर्थकहरूको बहुमत ल्याउन उनले सानातिना पार्टीहरूलाई आर्थिक सहयोग गरेर नेपाली कांग्रेसको विरूद्धमा उठ्न लगाए । *(कर्मयोगी, कृष्णप्रसाद भट्टराई, प्रा. डा. राजेश गौतम, प्रथम संस्करण- २०५९, पृष्ठ-४८)*

तर संसदको चुनाव राजाले सोचे जस्तो भएन । नेपाली कांग्रेसले अत्याधिक बहुमत ल्याएर विजय प्राप्त गर्‍यो । संसदको यो परिणामले संसदमा कसैको पनि बहुमत नआएमा संसदलाई आफूखुसी खेलाउन पाइन्छ भन्ने राजा महेन्द्रको आशा निराशामा परिणत भयो । तर उनी निराशिएर चुप लागेर बसेनन् । उनले सकेसम्म मन्त्रिमण्डल गठन नै नगर्ने नीति अपनाए । यसको लागि राजदरवारको निर्देशनमा पहिला राजाबाटै आर्थिक सहयोग पाएर चुनावमा उठेका, तर हारेका पार्टीहरूलाई यो चुनाव अवैधानिक घोषणा गराउन सर्वोच्च अदालतमा मुद्दा हाल्न लगाउनुको साथै यो चुनाव रद्द गराउनको लागि प्रदर्शनको आयोजना पनि गर्न लगाइयो । (छानिएका रचनाहरू, पुष्पलाल श्रेष्ठ, सम्पादक- विष्णु प्रभात, प्रथम संस्करण- २०५३, पृष्ठ २०१) तर दरवारको यो चाल सफल हुनसकेन । बहुमत प्राप्त नेपाली कांग्रेसको मन्त्रिमण्डल गठन गर्न राजा बाध्य हुनुपर्‍यो ।

मन्त्रिमण्डलको गठनपछि राजा र प्रधानमन्त्रीबीच भित्रभित्रै टक्कर शुरू हुनथल्यो । शक्तिसम्पन्न राजा बन्नको लागि संसद नै एउटा बाधकको रूपमा उनको अगाडि खडा रह्यो । संसदीय व्यवस्थाकै अन्त्य गर्न सकिएमा मात्र उनको इच्छा पूरा हुन सक्थ्यो । तर तत्कालै संसद विघटन गर्नु पनि त्यति सहज कुरा थिएन । किनभने २००७ सालको आन्दोलनपछि १०४ वर्षको निरंकुश राणा शासनको क्रूर यातनाबाट जनताहरू केही मात्रामा भएतापनि स्वतन्त्र भएका थिए । थुनिएका मुखहरू खुल्न सक्ने भएका थिए । जनताहरूले आफूमाथि भएको अन्याय, अत्याचार, शोषण दमनको विरूद्ध आवाज उठाउन पाएका थिए । यही अधिकारको फलस्वरूप वर्षौंदेखि उत्पीडनमा परेका नेपाली किसानहरूले नेपाल कम्युनिष्ट पार्टीको अगुवाइमा तथा स्वतन्त्र रूपले किसान आन्दोलन शुरू गर्न थालिसकेका थिए । त्यस आन्दोलनबाट उपत्यकाका किसानहरूले राम्रै उपलब्धि प्राप्त गरेका थिए भने अन्य ठाउँका किसानहरूले पनि केही मात्रमा भए पनि राहतको महसूस गरिरहेका थिए ।

नेपाली कांग्रेसको सरकारले पनि किसानहरूलाई राहत हुने केही कामहरू गरेको थियो । जस्तो ००८ सालमा गठन भएको सरकारले भूमिसम्बन्धी ऐन लागू गरेर भूमिमा केही सुधारहरू गरेको थियो भने २०१६ सालमा गठन भएको निर्वाचित सरकारले पनि बिर्ता उन्मूलन तथा राज्य रजौटा उन्मूलन ऐन लागू गर्नुको साथै औद्योगिक नीतिहरू बनाउन र देशको आर्थिक विकासका लागि यातायात, शिक्षा, कृषि आदि विकासको लागि प्रारूप तयार गर्न थालेको थियो । नेपाली कांग्रेसको सरकारले गरेका यी केही कामहरूले गर्दा जनताको बीचमा यो सरकार केही लोकप्रिय हुनथालेको थियो । यसको साथै विदेशबाट पनि विश्वेश्वरप्रसाद कोइरालालाई 'सर्वोच्च नेता'को रूपमा मान्यता प्राप्त हुनथालेको थियो ।

यो कुरा राजा महेन्द्रलाई सह्य भइरहेको थिएन । प्र.मं. विश्वेश्वरप्रसाद कोइरालाप्रति उनमा इर्ष्याको भाव पैदा हुनथालेको थियो । यो कुरा उनले प्रकट रूपमा अभिव्यक्त भने गर्न सकेका थिएनन् । तर ५ वर्षसम्म संसद र नेपाली कांग्रेसको सरकार रहेमा आफ्नो अस्तित्व नै मेटिन सक्ने कुरामा उनी विश्वस्त भए । यही धारणा देशमा छरिएर रहेका सामन्तहरूको पनि थियो । यही विन्दुमा आएर राजा महेन्द्र र सामन्तहरूका बीचमा सामन्जस्य कायम भयो । र, उनीहरूले मिलेर संसदीय व्यवस्थाको अन्त्यको लागि षड्यन्त्र बुन्न थाले ।

यही षड्यन्त्रअन्तर्गत नै राजा महेन्द्रको पश्चिमाञ्चलको भ्रमण भयो । भ्रमणको मूल उद्देश्य देशको परिस्थिति बुझ्ने र जनतालाई आफ्नो पक्षमा ल्याउने रहेको देखिन्छ । यस भ्रमणमा उनले खानेपानी, शिक्षा, यातायात, सिंचाइ आदिको लागि सिधै रकम निकासा गरे, जुन निकासा सरकारी कोषबाट पूर्ति गर्नुपर्थ्यो । अर्को कुरा, उनले आफ्नो भाषणमा अक्सर सरकारमाथि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रहार गर्थे, जसबाट जनतामा संसदप्रति वितृष्णा पैदा होस् भन्ने उनको चाहना देखिन्थ्यो । उनको यो कदम सँगसँगै उनीबाट नियुक्त भएका राष्ट्रिय सभाका सदस्यहरूबाट पनि राजाको पक्षमा र सरकारको विरूद्धमा अभिव्यक्तिहरू आउन थाले । त्यस्तै गरेर उनीबाट आर्थिक सहयोग प्राप्त गरेर चुनाव लडेका साना-साना पार्टीहरूको पहलमा सरकारको विरूद्ध र संसदीय व्यवस्थाको अन्त्यको माग राखेर विरोध प्रदर्शनहरूको आयोजना हुन थाले । योगी नरहरिनाथले गोरखामा अड्डा अदालतहरू घेरेर संसदीय व्यवस्थाको विरोधमा ठूलो काण्ड नै गरे । त्यस काण्डमा ७ जना निर्दोष नागरिकहरू मारिए । उनलाई राजाबाट आर्थिक सहयोग समेत प्राप्त थियो । *(आत्मवृत्तान्त, पृष्ठ २७५)* यतिसम्म कि संसदको दोस्रो अधिवेशनमा नेपाली कांग्रेसका सांसदहरूबीच फाटो ल्याएर अविश्वासको प्रस्ताव ल्याउने र सरकार पल्टाउने षड्यन्त्र पनि दरवारले गर्‍यो । तर कम्युनिष्ट पार्टी र गोरखा दलले निर्वाचित सरकारलाई साथ दिएका हुनाले उसको सो षड्यन्त्र सफल हुनसकेन । *(सूर्यमणि अधिकारी, पूर्ववत्, पृष्ठ १४३)*

यसरी संसदलाई पल्टाउने प्रयास र षड्यन्त्र बारम्बार भएतापनि त्यो षड्यन्त्र सफल हुनसकेन । तर यतिमै राजा महेन्द्र चूप लागेर बसेनन् । नेपाल अधिराज्यको संविधान २०१५ ले दिएको प्रशस्त अधिकार र अर्को निर्णायक शक्ति शाही सेना उनको मातहतमा छँदै थियो । अब यसैलाई प्रयोग गरेर संसद विघटन गर्ने योजना बनाएर उनी समयको पर्खाइमा रहे । त्यो समय २०१७ साल पुस १ गते नै भइदियो । त्यही दिन प्रधानमन्त्री र मन्त्रीहरू सबै सम्मेलनमा व्यस्त रहेको बेला उनले संविधानको धारा ५५ र सेनाको प्रयोग गरेर संसदको विघटन गरी छाडे ।

तर त्यति ठूलो संघर्ष गरेर ल्याएको संसदलाई राजा महेन्द्रले यति सजिलै विघटन गरेर पुनः एक व्यक्तिको निरंकुश शासनको शुरूवात गर्दा पनि देशमा त्यसको विरूद्ध ठूलो आन्दोलन हुन सकेन । छिटफुट रूपमा मात्रै त्यसको विरूद्धमा पर्चा वितरण, माइकिङ्ग र राजालाई कालो झण्डा देखाउने काम भयो ।

आखिर यस्तो किन भयो त ?

वास्तवमा त्यतिबेला जनताहरू राजाको विरूद्ध लड्नसक्ने किसिमले सचेत भइसकेका थिएनन् । त्यसमाथि सामन्तहरू तथा प्रतिगमनकारीहरूले नेपाली कांग्रेसलाई देश बेचुवा, भ्रष्टाचारीजस्ता अनेक दोष लगाएर गाली गरिरहेका थिए भने देशको 'स्वतन्त्रता' र 'सार्वभौमसत्ता'को रक्षा राजाबाटै मात्र हुनसक्छ भनेर राजाको गुणगान गरिरहेका थिए । यतिसम्म



*बी.पी. कोइराला*

एक व्यक्तिको निरंकुश शासनको शुरुवात गर्दा पनि देशमा त्यसको विरुद्ध ठूलो आन्दोलन हुन सकेन। छिटफूट रुपमा मात्रै त्यसको विरुद्धमा पर्चा वितरण, माइकि र राजालाई कालो झण्डा देखाउने काम भयो।

कि नेकपाका तत्कालीन महासचिव डा. केशरजंग रायमाझीलेसमेत पार्टीको केन्द्रीय समितिको निर्णय विपरित पार्टीप्रति गद्दारी गर्दै राजालाई 'प्रजातन्त्रको प्रहरी' 'राष्ट्रिय एकताका प्रतिक' भनेर राजाको गुणगान गर्दै राजालाई मानपत्र चढाउने काम गरे । यसबाट कांग्रेसले गरेको राम्रा कामहरूको बारेमा जनतामा कुरा पुग्न सकेन । खाली कांग्रेसको अवगुणमात्र बढी प्रचारित भयो । त्यसैले गर्दा साधारण जनतामा पनि नेपाली कांग्रेसप्रति घृणाको भाव उत्पन्न हुन थाल्यो । र, राजा नै ठीक हुन् कि भन्ने भ्रम सृजना हुन थाल्यो ।

यसमा केही दोष नेपाली कांग्रेसको पनि रह्यो । नेपाली कांग्रेसको पराष्ट्रनीति विशेष गरेर भारतपरस्त रह्यो । ऊ सत्तामा आउने बित्तिकै उसले भारतबाट सैनिक मिसन र सल्लाहकारहरू झिकाउने, भीमदत्त पन्त र डा. के. आइ. सिंहको आन्दोलन दबाउन भारतीय सैनिक भित्र्याउने तथा उत्तर सीमामा भारतीय सैनिक चेकपोष्ट राख्ने समेत काम गरेको थियो । यसको विरूद्धमा विभिन्न पार्टीहरूले आवाज पनि उठाए । तर त्यसलाई कदर गर्नुको सट्टा त्यसलाई ढाकछोप मात्र गरियो । त्यत्ति नै बेला भारतलाई मात्र फाइदा पुग्ने गरी भारतसँग गण्डक सम्झौता गरियो । यसको साथै नेपाली कांग्रेसको सरकार बनेपछि पार्टीका केही कार्यकर्ताहरू भ्रष्टाचारमा मुछिन थाले, सरकारी ओहदामा कांग्रेसी कार्यकर्ताहरू भर्ना थालिए । गाउँघरमा सामन्तहरूको शोषणलाई रोकेर किसानहरूलाई राहत दिने काम जुन किसिमले हुनपर्ने थियो त्यसरी हुन सकेन । भूमिसुधार ऐन ल्याइए तापनि अधिकांश किसानहरू सामन्तहरूको पिसाईबाट उम्कन सकेनन् ।

यसरी एकातिर सामन्तहरू तथा कारखाना मालिकहरू सरकारको कामबाट तर्सिए भने अर्कोतिर तल्लो वर्गलाई पनि सरकारले खुशी पार्न सकेन । यसले गर्दा चारैतिरबाट सरकारको विरोध हुन शुरू भयो । तर कांग्रेसका नेताहरू आफ्नो सरकारको विरोध किन भयो भनेर सोच्नुको सट्टा संसदको अवधिसम्म 'हाम्रो सरकारलाई कसैले हटाउन सक्दैन' भनेर घमण्ड गर्न थाले । नेपाली कांग्रेसको यही उत्ताउलोपनाले सामन्ती शक्तिहरूलाई संसद र सरकारविरूद्ध भ्रम फैलाउने मौका मिल्न थाल्यो र संसदको विघटनको लागि योजना पनि बन्न शुरू भयो । 'राजा महेन्द्रले संसद भंग गर्छन्' भन्ने कुरा गाँइगुँइ चल्न पनि थाल्यो । यो कुराको सुइँको पाएर नेपाल कम्युनिष्ट पार्टीले संसदीय व्यवस्थाको सुरक्षाको लागि 'सबै जनवादी शक्तिहरू एकजुट हुनु पर्‍यो' भनेर अपील पनि गरेको थियो । तर नेपाली कांग्रेसका नेताहरूले यो कुरालाई वास्ता नै गरेनन्, बरू सामन्तहरू र अमेरिका तथा बेलायतको समर्थन पाउने आशाले 'कम्युनिष्ट खतरा'को हौवा दिन थाले । *(छानिएका रचनाहरु, पुर्ववत् पृष्ठ २०२)* यसैको फलस्वरूप राजा महेन्द्रले संसद भंग गरेर सत्ता आफ्नो हातमा लिन सफल भए ।

यसरी लामो समयदेखि एकलौटी शासन गर्ने राजा महेन्द्रको इच्छा २०१७ सालमा पूरा भयो । फेरि देशमा निरंकुश शासन शुरू भयो । २००७ सालमा जनताले पाएको अन्याय, अत्याचार र शोषणको विरूद्ध बोल्ने, लेख्ने, सभा जुलुश गर्ने, तथा संगठन खोल्न पाउने सीमित अधिकार पनि खोसियो । संसदीय व्यवस्थाका पक्षपाती नेताहरू या जेलमा परे, या स्वनिर्वासित भए या भूमिगत भए । राजाको हातमा शासन आउने वित्तिकै गाउँघरका भूमिपतिहरू, जालिफटाहाहरू, प्रहरीहरू आदिको अत्याचार बढ्न थाल्यो । उनीहरूको अत्याचारको विरोध गर्नेहरू कांग्रेस तथा कम्युनिष्टको नाममा जेलमा जाकिन थाले ।

यो अन्धकारमय स्थिति नेपालमा ३० वर्षसम्म रह्यो । आखिर यो स्थितिको अन्त्य २०४६ सालमा भएको जनआन्दोलनबाट मात्रै संभव भयो । ❑


हाम्रो प्रण


१ भाद्र २०६०

हामी १८ वर्ष पूरा गरी १९ औं वर्षमा प्रवेश गरेका छौं ।
यस सुखद अवसरमा हामी हाम्रा समस्त ग्राहकवर्गबाट विगतका वर्षहरुमा झैं सहयोग तथा शुभेच्छाको अपेक्षा राख्दै भविष्यमा हाम्रो सेवालाई अझ बढी स्तरीय बनाउँदै लैजाने प्रण गर्दछौं ।

नेपाल विद्युत प्राधिकरण
परिवार



तीन वर्षसम्म बोल्न पनि नजान्ने, बोल्न सिकेपछि पनि भकभके, बुद्धु र एकलकाँटे ठानिएका आइन्स्टाइनले कसरी विज्ञानमा ठूलो क्रान्ति गर्नुभएको थियो ? एक्काइसौं शताब्दीका लागि उहाँका वैज्ञानिक आविष्कारहरु र सामाजिक तथा राजनीतिक चिन्तनको महत्व कत्तिको छ ?




आइन्स्टाइनको जीवनका प्रेरक कथाहरु, वैज्ञानिक आविष्कारहरु र राजनीतिक विचारहरुको अनौठो संग्रह

सम्पादक : राजेन्द्र महर्जन
लेखकहरु : प्रज्ञानरत्न, तुल्सीदास महर्जन, राजेन्द्र महर्जन

साथमा
रमेशकाजी स्थापित र नारायण ढकाल

प्रकाशक
अन्तर्क्रिया प्रकाशन प्रा.लि.
टेकू काठमाण्डौ, फोन: ४२६८७०१

# राशिफल
# रामभरोसे संस्कृतिको उपज



डी. आर. पोखरेल

हामीकहाँ प्रचलित ज्योतिषशास्त्र र यसको तीन स्कन्ध[1]मध्येको जातक स्कन्धको अर्थात् राशिफलको अहिले व्यापक बजार देखिन्छ । परम्परागत ढंगका पण्डा-पूजारी, पुरोहित, ज्योतिष, धामी-झाँक्री, तीर्थयात्री र भिखारीसम्मका मानिसले राशिफलको धन्दा गरेकोमा त त्यति आश्चर्य छैन, तर आज सबै खालका संचारका साधनहरूसमेतले राशिफललाई आफ्नो अनिवार्य स्तम्भ बनाएकोमा र धर्मभिरूदेखि धर्मभेदीसम्मका तमाम खालका, विभिन्न विचार समूह, जातजाति समूहसमेतका मानिसहरू राशिफलतर्फ आकर्षित भएको देख्दा भने धेरै अचम्म मान्नुपर्ने भएको छ ।

ज्योतिषशास्त्रको गणित स्कन्ध धेरै विकसित मानिन्छ । यसकै कारणले आज ज्योतिषका कतिपय भविष्यवाणीहरू मिलेका पनि छन् । चन्द्रग्रहण, सूर्यग्रहणका भविष्यवाणी मिलेकाले जनसमूहमा ज्योतिषप्रति आस्था पनि छ । यही कारणले आज राशिफलको धन्दा फष्टाएको देखिन्छ । तर यो धन्दा फस्टाउँदा समाजको संस्कृतिमा, चिन्तन प्रणालीमा भने दूरगामी असर परेको छ । किनभने राशिफलको भावभूमि भाग्यवादी प्रकारको छ । यसले वैज्ञानिक जिज्ञासा जगाउनुको सट्टा भाग्यभरोसे हुन सिकाएको छ । बाहिरको कुरामा भरपर्ने, आफ्नो कर्ममा अडिग नरहने, विचारहीन विश्वास गर्नेजस्ता प्रवृत्तिको विकास भएको छ । यस प्रवृत्तिले मानवजातिलाई दुर्वल बनाउँछ, मनोवलहीन बनाउँछ । यसैगरी ज्योतिषमा गणितको भूमिका रहेतापनि ब्रम्हाण्डसम्बन्धी यसको धारणा अर्थात् सौर्य जगतप्रतिको यसको मूल अवधारणा भ्रमात्मक छ । आज पनि हाम्रो ज्योतिषको मूल आधार भू-केन्द्रित (geo-centric) छ । पृथ्वी अहिले पनि अचल नै मानिन्छ । पृथ्वीले सूर्यको परिक्रमा गर्ने नभै सूर्य, चन्द्र आदिले पृथ्वीको परिक्रमा गर्दछन् भन्ने धारणा छ । यस्तैगरी हाम्रो ज्योतिषशास्त्रका अनुसार 'सूर्य' तारा नभएर ग्रह हो । चन्द्रमा उपग्रह नभएर ग्रह हो । त्यस्तैगरी यी अकाशीय पिण्डहरूलाई हाम्रो ज्योतिषले दैवीकरण, मानवीय आकृतीकरण गरेको छ । ग्रह, ताराको प्रश्नलाई, गणितको वस्तुगत प्रश्नलाई समेत मिथकीय रूप दिएको छ । सत्य-तथ्य र मिथकलाई एकै ठाउँमा छ्यासमिस गरेर ज्योतिषलाई धार्मिक-रूपक बनाइएको छ । अर्को कुरो, यो पन्ध्र सय वर्षअगाडि जस्तो रूपमा थियो, जुन आधारमा खडा थियो, त्यसमा कुनै सुधार, परिमार्जन, वैज्ञानिकीकरण भएको छैन । हाम्रो ज्योतिषको आधारमा कुनै ग्रह, तारा, उल्काहरूको यथाभूत अध्ययन गर्न सम्भव छैन । किनभने ग्रीसमा भन्दा पनि पहिले शुरूवात भएको हाम्रो ज्योतिष जहिँकोत्यहीं छ । राशिफलको धन्दामै व्यस्त छ । हाम्रो ज्योतिषले न चन्द्रमामा पुग्ने आकांक्षा राख्नसक्छ न मंगलमा 'पुष्पक विमान' पठाइने योजना बनाउँछ । आज पनि यो साँच्चै भन्ने हो भने 'नाडी बजेर भुल्ला मिनेट' जाने युगमै छ । बेअर्थको जन्म-पत्रिका बनाउने र दुनियाँलाई उल्लु बनाएर पैसा लुट्ने बाजारू धन्दामा हाम्रो ज्योतिष थला परेको देखिन्छ ।



परम्परागत ढंगका मानिसले राशिफलको धन्दा गरेकोमा त त्यति आश्चर्य छैन, तर आज सबै खालका संचारका साधनहरु र धर्मभिरुदेखि धर्मभेदीसम्मका मानिसहरु समेत राशिफलतर्फ आकर्षित भएको देख्दा भने धेरै अचम्म मान्नुपर्ने भएको छ ।

हामीकहाँ वैदिककालमै यस विद्याको शुरूवात भएको र 'वेदाङ्गजोतिष' नामाकरण गरिएको मानिन्छ ।[2] त्यतिखेर आजको जस्तो घडी थिएन । दिनमान सूर्योदयलाई मानिएता पनि उज्यालो हुनुको प्रमाण मानक केही थिएन । यस परिप्रेक्ष्यमा विहान उठेर नाडीको भुल्ला देखिने भएपछिको समयलाई उज्यालो भएको मानक मान्न थालिएको हुनुपर्छ । 'नाडी बजेर भुल्ला मिनेट' गयो भन्ने भनाइ वा नाडीमा घडी बाँध्ने प्रचलनको पछाडि यही नाडीको भुल्लाको राज छ । त्यसपछि धूपघडी (सूर्यको छाया नापेर समयको गणना गर्ने पद्धति) आयो । 'पानी घडी' आयो । यसरी समयको गणना शुरू हुन पुगेको देखिन्छ । यस्तैगरी सूर्य र चन्द्रको उदय र अस्त, चन्द्रकला, रातदिन, ऋतु परिवर्तन, जाडो-गर्मी, सूर्य र चन्द्र ग्रहण, उल्का र पुच्छ्रेताराहरूको उपस्थिति, औंसी र पूर्णिमा, समुद्रमा ज्वारभाटा आदि आदि भौतिक घटनाहरूले हाम्रा पूर्वजलाई आकाशप्रति कौतुहलमय तुल्यायो । खगोलप्रतिको जिज्ञासाले तिनलाई बेचैन तुल्यायो । तिनले सर्वप्रथम चन्द्रमाको आकार फेरिने दिनहरू गने, पृथ्वीको परिधि र परिभ्रमण काल (३६५.२ दिन)को पत्तो लगाए । आफ्नो छायाँ सूर्यको उत्तर चढावसँगै ठूलो-सानो भएको अवलोकन गरेर तिनले धूपघडीको पत्तो लगाए । एउटा लम्बमा १८० डिग्री (अंश) हुन्छ र वृत्तमा ३६० डिग्री (अंश) हुन्छ भन्ने पनि पत्तो लगाए । जंगलमा फल्ने रातीगेडीको एउटा दानाको बराबर तौललाई एक लाल माने । जौका दुईवटा दानालाई तौलको अर्को युनिट ठाने । आँखाको एक पलक (एक झिम्काइ)लाई एक पल ठाने । अर्थात् समयको युनिट माने । यसरी नै एक अंगुललाई एउटा युनिट घोषणा गरे । यसरी समयको दुरीको, तौलको र अवस्थितिको नापको युनिट स्थापना हुनपुग्यो । रेखा, विन्दु, कोणको जग बस्यो । आफ्नो दुई बाहुँको नाप लिंदा आफ्नो उँचाइ आएको देखेर हाम्रो पूर्वजको उर्वर मस्तिष्कमा रेखागणित वा ज्यामितीय रहस्यको राज खुल्दैगयो । अर्ध आधार गुणन उँचाइ ($1/2b \times h$) = लामो भूजा अर्थात् लम्वाई निस्कियो । यसैगरी आधारमाथिको लम्बको एकापट्टिको कोण ९० अंशको हुने र त्यस लम्बबाट आधारमा तानिएको भूजाका माथि र तलका दुई कोणहरूको योगफल र लम्बको

एकापट्टि कोण, बराबर हुने रहस्य थाहा भयो । यसरी नै आकाशीय पिण्डहरूलाई वर्षौंसम्म अध्ययन गर्दा तिनीहरूमा निश्चित समयावधिमा पूर्व घटनाहरूको पुनरावृत्ति हुने सत्यतथ्यको पनि ज्ञान भयो । यी सबै आधारमा प्राचीन गणितको प्रादुर्भाव भयो । हाम्रा पूर्वजको यस महान् कार्यबाट हामी कृतकृत्ये भएका छौं । तर समस्या कहाँनिर छ भने हामी पूर्वजका त्यही कमाइको व्याज अहिलेसम्म खाइरहेको छौं । त्यही एउटा गणित ठीक भएकाले हामीले आजसम्म अरू केही नगरिकन धन्दा चलाउन पाएका छौं ।

ज्योतिषप्रति नकारात्मक भाव फैलाउन यो भनिएको होइन । तर हामी कति कर्तव्यच्यूत भएका रहेछौं, कति कामचोर भएका रहेछौं भन्ने कुराको जनाउमात्र हो यो । किनभने हाम्रा पूर्वका पूर्वजहरूभन्दा पनि पछि यस क्षेत्रमा ध्यान लगाउने पश्चिमका पूर्वजहरूका प्राप्तिलाई आज पश्चिमले सम्वृद्ध गर्दै चन्द्रमा, मंगललगायत ग्रहताराहरूको खोजी, चन्द्रमामा मानिसको अवतरण, मंगलमा अवतरण गर्ने हदसम्म विकास गरिसके भने हामीचैं 'हाम्रो ज्योतिष कस्तो अद्‌भूत हो- ग्रहणको भविष्यवाणी गर्छ' भन्दै मख्ख परेर बसेका छौं । जावो ग्रहणको कुरा आज विज्ञानले सहजै हिसाव गरेर सबैलाई भन्नसक्छ । यो कुन ठूलो कुरो भयो र !?

विज्ञानले १ लाख प्रकाश वर्ष टाढाका ताराहरूबारे पनि रेडियो तरंगको आधारमा धेरै कुरा बताउन सक्ने भएको छ । पूर्वको ज्योतिषमा उल्लेख भएका पृथ्वीको परिभ्रमण कक्ष (Orbit)मा पर्ने १२ वटा तारामण्डल (राशि)[३] का एक एकका विस्तृत जानकारी, तस्वीरहरू इत्यादि विज्ञानसित प्राप्त छ । त्यतिमात्र नभै ८८ वटा तारामण्डल (constillation) को जानकारी छ । हाम्रो सौर्यमण्डलभित्रका ९ ग्रह, तिनका उपग्रहहरू, चट्टानहरू, वरफहरू, उल्काहरू, पुच्छ्रेताराहरू, धूलकण, ग्यांस इत्यादि भएको ठूलो क्षेत्र मंगल र बृहस्पतिको बीचमा रहेको, बृहस्पति भीमकाय ग्रह भएको र यसमा पृथ्वीजस्ता ग्रहहरू ३१८ वटा अट्नसक्ने, शनिको बाहिरी घेरो ज्यादै विशाल कडा भएको र यही घेरामा मात्र बृहस्पतिबाहेकका सबै ग्रह-उपग्रहहरू अटाउन सक्ने, प्लेटो ग्रह अति टाढा भएको र यी सबै ग्रहहरूमा अवस्थित, परिभ्रमणकाल, सूर्यबाट दूरी, आफ्नो कक्षमा घुमाइ, घुमाइको गति, तिनीहरूको सूर्यतर्फ फर्किएको भाग र अँध्यारो भाग आदिबारे विज्ञानले विशिष्ट जानकारी हासिल गरिसकेको छ ।[४]

चन्द्रमा र मंगल ग्रहमा रूस र अमेरिकाले पटक पटक रकेटहरू पठाएर धेरै अध्ययन गरिसकेका छन् । मंगल ग्रह यही भाद्र १० गते पृथ्वीको धेरै नजिक आएको थियो र यो ५५ हजार वर्षपछि[५] यति नजिक आएको हो भन्ने कुराको पत्तो लागेको छ । मंगल ग्रह केले बनेको छ ? त्यहाँ मानिस छन् कि छैनन् ? त्यहाँ पृथ्वीको जस्तो हावापानी, माटो, बनस्पति, जीवजन्तु छन् कि छैनन् भनेर विज्ञानले व्यापक खोजी गरिसकेको छ । उस्तै परे अब चन्द्रमा र मंगलमा मानववस्ती बसाल्ने तैयारी पनि विज्ञानले गर्नसक्छ । विज्ञानसित यति विशालकाय अध्ययन र अनुभव छ । तर हाम्रो ज्योतिष आफ्नो प्राचीनकालकै अवधारणामा खुम्चिरहेको छ । अरू त अरू प्राचीन गणितले समेत सूर्यको परिधिको नाप लिन सकेको थिएन । पृथ्वी पश्चिमबाट पूर्वतर्फ परिभ्रमण (आफ्नै कक्षमा)गर्दा पूर्वबाट पश्चिमतर्फ सूर्य र चन्द्रमा कुदेको देखिन्छ भन्ने कुरा हाम्रा पूर्वजलाई बोध भएको थिएन । अहिले हामी कुदेको रेल गाडीबाट हेर्दा बाहिर रूख उल्टो दिशामा कुदेको देख्दछौं । वास्तवमा यो भ्रम हो । यस्तै भ्रम हाम्रा पूर्खालाई थियो । उनीहरूले सूर्य, चन्द्र पूर्वबाट पश्चिमतर्फ कुदेको देखे ।

सर्वसाधारण जनसमूहमा हाम्रो ज्योतिषले निर्माण गरेको पात्रो, जन्म कुण्डली र त्यसको आधारमा व्यक्ति-व्यक्तिको जीवन र घटनाहरूको शुभारम्भको भविष्यवाणी आदिले गर्दा यसप्रति ठूलो विश्वास छ । तर के थाहा छैन भने यो सबै त लगभग २००० वर्ष पहिले नै पत्ता लागेको कुरो हो । यो गणितको गणनाबाट आउने कुरा हो । जुन कुरा आज अलिकति ध्यान दिने हो भने जो कोहीले पनि गर्नसक्छ । किनभने फर्मुला तयार छ, बाँकी त्यसअनुसारको गणना गर्नु हो । अरूको त के कुरा यस पंक्तिको लेखक समेत १५ दिनको अध्ययन र अभ्यासबाट जन्मपत्रिकाको फल बताउन सक्ने भएको छ । उस्तै परे जन्मपत्रिका नै बनाउन सकिन्छ । यो कुनै असाध्य काम होइन । किनभने जन्मको समय ठीक पत्तो लागेपछि त्यस मिति र दिनको पात्रोमा त्यस दिनभरिको ग्रह, नक्षत्र र लगनको उल्लेख हुन्छ । बार, तिथि, नक्षत्र, करण र योग, यी ५ अंगलाई पञ्चाङ्ग अर्थात् पात्रो भनिन्छ । यी पाँचै अंग त्यहाँ उल्लेख हुन्छ । लगन कुण्डली पनि पात्रोमै हुन्छ । जन्मपत्रिका बनाउने भनेको तिनकै गन्ती र हिसाव मिलान गरेर कुण्डली फर्मेटमा भर्नु हो । यो सजिलै भर्न सकिन्छ । जन्म कुण्डलीका ग्रहहरूको अवस्थिति र तिनको फलबारे पनि बताउन सकिन्छ ।[६] जस्तो : यहाँ (बक्समा) पृथ्वीनारायण शाहको जन्मकुण्डलीका ग्रहहरूको अवस्थितिबारे केही प्रकाश पारिएको छ ।

विज्ञानले आज विकास गरेको सौर्य जगत र त्यसभन्दा पनि पर ब्रम्हाण्डका ज्ञान, अनुभव र प्रविधिको प्रारम्भिक स्रोत भने प्राचीन ज्योतिष नै हो । प्राचीन ज्योतिषको उदय पूर्वमा वौद्धिककालमा भएजस्तै पश्चिममा (ग्रीसमा) तोलेमेइकले [AD 90 - 168] र अरीसतारचुस [310 - 230 BC] ले पृथ्वीकेन्द्रित ज्योतिषको धारणा अघिसारेका थिए ।[७] पूर्वका वराह मिहिर (वि.सं.४००/५००) जो भारतका प्रख्यात महाराज विक्रमादित्यको दरवारमा नवरत्नमध्येका एक थिए,[८]ले पनि सौर्य जगतको अध्ययनको निम्ति पृथ्वीलाई नै केन्द्र मानेका थिए । पृथ्वीको वरिपरि चन्द्र, सूर्य, बुध, शुक्र, मंगल, बृहस्पति र शनि घुम्छन् भन्ने मान्यता थियो । पूर्व र पश्चिम




# जन्म कुण्डली

**जातकको नाम** : पृथ्वीनारायण शाह

**जन्म** : वि.सं. १७७९, पौष २७, कृष्ण, अमावश्या, घडी ४/२ उप्रान्त प्रतिपदा पूर्वषाडा-नक्षत्र, व्याघात घडी २/२ उप्रान्त कृर्षण योग, ववकरण वृहस्पतिवार ।

**लग्नमा - सूर्य**

पाँचौ स्थानमा सारा ग्रहहरु छन् । पाँचौ स्थान भनेको पुत्र, यश, कृतिको भाव स्थान हो । यो सिंह राशिको घर हो । यसका मालिक सूर्य हुन् । सूर्य स्वगृही भएर, उच्च भएर, बलवान भएर रहेका छन् । बृहस्पति र मंगल भित्रको घरमा छन् । यी दुवै सूर्यका मित्र हुन् । बुध पनि यसै स्थानमा छन् । बुध सूर्यका न मित्र हुन् न शत्रु हुन् । ठीकै छन् । यस स्थानमा शनि पनि छन् । शनि सूर्यका शत्रु हुन् । जातक अति बलवान भएको बेलामा, अतिकृति फैलिएको चरम अवस्थामा शत्रुले अर्थात् शनिले जरा उखेल्छन् । चन्द्रमा बुधको घरमा मित्रगृही भएर रहेका छन् । शुक्र पनि मित्रगृही छन् ।

मूल कुण्डलीका ग्रहहरु यी भए । अब यिनको कहिले कहिले पालो आउँछ ? जातक कति वर्ष भएपछि कुन ग्रह, नक्षत्र र योगको पालो आउँछ ? तिनले कति कति वर्ष भोग गर्छन् ?

जन्म पत्रिका बनाउँदा यिन चरहरु निकालेर अध्ययन गरिन्छ । अर्थात् यस कुण्डलीको अझै सूक्ष्ममा अध्ययन गरिन्छ । यसका लागि केही फर्मेटमा ग्रह गणना गरेर भर्नुपर्ने हुन्छ । बस्, यही हो- जन्मपत्रिका बनाउने भनेको ।.....

*(स्रोत : शंकरमान राजवंशी, "श्री ५ वडामहाराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी र जन्मकुण्डली व्याख्या" प्राचीन नेपाल (संख्या-१२, २०२७)*

दुवै ठाउँमा शुरूको सिद्धान्त एउटै थियो । दुवैले पृथ्वीलाई केन्द्र मानेका थिए । सूर्य, चन्द्र, बुध, शुक्र, मंगल, बृहस्पति, शनि दुवैका ग्रहहरू थिए । दुवैको वर्षारम्भ माघमा हुन्थ्यो भन्ने देखिन्छ । किनभने इस्वी सम्वत् आज पनि जनवरी (पुष-माघ)मा शुरू हुन्छ । तिनको newyear त्यही हो । नेपालमा पनि वैदिककालमा माघदेखि नै नयाँ वर्ष शुरू हुन्थ्यो भन्ने कुरा नयराज पन्तले उल्लेख गर्नुभएको छ- "वेदाङ्गकालमा माघादि वर्षको चलन थियो । तिनताक वेदाङ्ग ज्योतिषबाट पञ्चाङ्ग गणना हुन्थ्यो । वेदाङ्ग ज्योतिषअनुसार माघदेखि शुरू गरी ३० महिनामा आउने आषाढमा र त्यसपछि ३० महिनामा आउने पौषमा गरी ६० महिना अर्थात् ५ वर्षमा २ अधिमास मान्ने चलन थियो ।" *(नयराज पन्त, 'लिच्छवी संवत्को निर्णय' पृ. ४२२)*

पूर्वमा पछि यसमा राहु र केतु नामका ग्रहहरू थपिए । र, एकसे एक ज्योतिषाचार्यहरूले खगोललाई कवितामा उतारे । पूर्वको विकास मिथक र सत्यको सम्मिश्रण गर्नेतर्फ उद्यत भयो भने पश्चिममा कपरनिकस (सन् १४७३-१५४३)ले ज्योतिषलाई भूकेन्द्रित (geo-centric) बाट निकालेर सूर्यकेन्द्रित (Heliocentric) अवधारणामा ल्याए । यो सिद्धान्त विज्ञानको विकासमा कोशेढुंगा सावित भयो । भन्नाले, आजको विज्ञानको खगोलीय सिद्धान्त पनि सूर्यकेन्द्रित नै छ । करिब हजार बाह्रसय वर्षसम्म एकछत्र रूपले रजाइँ गर्न पाएर पनि पृथ्वीकेन्द्रित सिद्धान्तले खासै विकास गर्न सकेन । यो पूर्वमा आजसम्म मिथककै रूपमा रहेको छ । पश्चिममा पनि खासगरी डेनिस खगोलविद् तिचो ब्राहे (सन् १५४६-१६०१)[९]ले भने सोह्रौं शताब्दीमा आएर पनि पृथ्वीकेन्द्रित सिद्धान्त नै अघि सारे । तर यो सारे तापनि विज्ञान त्यसमा अल्मलिएन । चन्द्र धरातलमा मानवलाई अवतरण गरेरै छोड्यो । हामीकहाँ भने प्राचीन गणितलाई टीका भाष्यको रूपमा नयाँ संस्करणमा ल्याउनेभन्दा बढी केही भएन । पश्चिममा पनि एकथरिका ज्योतिषाचार्यहरू पुरानै लिकमा हिँडिरहेका छन् । यीमध्ये किरो (Cheiro)[१०] प्रख्यात छन् । उनी हस्तरेखाविद्को रूपमा परिचित देखिन्छन् । तर जातक स्कन्धमा भने मध्ययुगमा धार्मिक भावनाको आरोपण भयो । शनि, रवि, सोम, मंगल, बुध, बृहस्पति र शुक्र साथै राहु र केतुलाई दैवीकरण गर्ने, तिनलाई मानवीय आकृतिमा ढाल्ने र धर्मको भारवहन गर्न लगाउने कार्य भयो । 'नवग्रह स्तोत्र'को रचना भयो । आकाशीय पिण्डहरूलाई पृथ्वीमा झारियो । तिनलाई अङ्ग, वङ्ग, कलिङ्ग, उज्जैन देशका नागरिक बनाइयो । विभिन्न पशुपंक्षी तिनका बहान बने वा बनाइए । तिनलाई पृथ्वीको, खासगरी भारतका केही ठाउँका बासिन्दा बनाइयो । जस्तो- सूर्यको देश कलिङ्ग, गोत्र कश्यप, वाहन सातघोडा लागेको बग्गी । यस्तै मंगलको बाहन भेडा, उज्जैन देशको बासिन्दा, भारद्वाज गोत्र आदि मिथकहरूको रचना गरियो ।[११] यसको उल्लेख नेपालका पञ्चाङ्गहरूमा पाइन्छ । पञ्चाङ्गकर्ता ज्योतिषाचार्यहरू र पञ्चाङ्ग निर्णायक समिति, बाल्मिकी क्याम्पसका खगोल (ज्योतिष) विभागका आदरणीय प्राध्यापकज्यूहरू सबैसित सोध्न मन लागेको छ- यो ज्योतिषको नाममा के के धन्दा भइरहेको छ ? नवग्रहलाई भारतका विभिन्न प्राचीन राज्यहरूमा लगेर नागरिकता दिनु, गोत्र दिनु र अचेल पजेरो युगमा पनि जाबो गिद्ध, हाँस, भेडो, ठेलागाडामा त्यत्रा त्यत्रा 'देवताहरू'लाई टक्स्याउनु कति उचित होला ? के सौर्य जगतका नवग्रहहरू एशियाका, त्यसमाथि पनि उत्तर भारतका मात्रै पेवा हुन् ? यस्तो मिथकलाई हाम्रो पञ्चाङ्गबाट हटाउन सकिन्न ? यस्तो मिथकीय राशिफललाई सरकारी संचारका माध्यमहरूबाट प्रचार नगरे हुँदैन ? हामीलाई त विज्ञानतर्फ अगाडि बढाउने शिक्षा-संस्कृतिको पो जरूरत छ ।

> नवग्रहलाई भारतका विभिन्न प्राचीन राज्यहरुमा लगेर नागरिकता दिनु, गोत्र दिनु र अचेल प्याजेरो युगमा पनि जाबो गिद्ध, हाँस, भेडो, ठेलागाडामा त्यत्रा त्यत्रा "देवताहरु"लाई टक्स्याउनु कति उचित होला ?

अब प्रश्न उठ्छ, आजभन्दा १५/१६ सय वर्षअगाडि आजको जस्तो कुनै वैज्ञानिक संशाधन नभएको, कुनै शास्त्रहरू (खगोल, भूगोल, ज्यामिति भौतिक, रसायन) पैदा नभैसकेको त्यस युगमा हाम्रा यी महान् पूर्खाहरूले केको आधारमा खगोलको अध्ययन गरे होलान् ? कसरी पृथ्वी र यसको परिधिलाई नापे होलान् ? कसरी सूर्य र चन्द्रमाको गति पत्तो लगाए होलान् ? केले पृथ्वी र चन्द्रमाको, पृथ्वी र सूर्यको दुरी नापे होलान् ? यी प्रश्नहरू हाम्राअगाडि ठिङ्ग उभिन्छन् । हाम्रा आजका पण्डित, पुरोहित, पादरी, ज्योतिषाचार्य, धामीझाँक्री, वैद्य सबैको अगाडि यो प्रश्न उभिएको छ । तर यही प्रश्नलाई उनीहरू उल्टाएर र कुतर्क अघि सारेर राशिफलको धन्दालाई उचित कार्य ठहऱ्याउँछन् । उनीहरू भन्छन्- "ज्योतिष असत्य कसरी हुन्थ्यो ? हुन्थ्यो भने 'यै' दिन ग्रहण लाग्छ, भनेको नपुग्नुपर्ने पुग्छ कसरी ? त्यसो भएकाले हाम्रो ज्योतिषसम्बन्धी धन्दा उचित छ, सत्य छ, वैज्ञानिक छ । अझ वैज्ञानिकको बाउ छ" भन्ने गर्दछन् । गणित ज्योतिषको एउटा हिसाव मिलेको आधारमा उनीहरूले आफ्ना तमाम ठगी धन्दालाई सही सावित गराउँदै आएका छन् । ग्रहणको गणित मिलेको व्याज खाएर तमाम मानिसलाई उल्लु बनाएका छन् ।

"टि.भि., एफ्.एम्.हरूका राशिफलहरू आपसमै बाझिएका हुन्छन् । एउटा टि.भि.च्यानलले फलानो राशिका मानिसको राम्रो दिन भनेकै दिन अर्को च्यानलले अत्यन्त नराम्रो दिन बताउँछ । टेलिभिजन वा अन्य कुनै माध्यममा प्रकाशित राशिफल देख्दा वा पढ्दा कहिलेकाहीं हाँसो उठ्छ । त्यसमा उमेर, लिंग, योग्यता, पेशा, पद, क्षेत्र आदि विचारेर फल बताइएको हुँदैन । सोलोडोलो गोरू मोलाइको रूपमा अर्थात् अर्थशास्त्रीहरूले प्रतिव्यक्ति आय आंकलन गरेसरह हुन्छ । यसले गर्दा त्यसबाट सही र सत्य कुरा प्रकट नभएर नितान्त भ्रमात्मक मिथ्या कुरा हातलाग्ने संभावना नै बढी हुन्छ । यसमा भर्खर जन्मेको शिशुको 'प्रेमीसँग' भेट हुने, जागीर व्यापार आदिबाट प्रशस्त लाभ प्राप्त हुने तथा बृद्धहरूको पढाइ वा जागिरमा प्रगतिको शुभ संकेत, विवाह बन्धनको सम्भावनाजस्ता असंगत कुराहरू आउने गर्दछन् ।" (भागवत शरण न्यौपाने, 'राशिफल: एक संक्षिप्त टिप्पणी' सिर्जना, त्रैमासिक पत्रिका, अंक २, २०५३)

यतिमात्र नभै व्यक्ति विशेषलाई भूगोलले पनि प्रभाव पारेको हुन्छ । अक्षांश र देशान्तरको हिसावविना कसैको पनि राशिफल बताउन नसकिने र हाल प्रचलित बजारू एवं व्यावसायिक राशिफलको धन्दा बेठीक हो र यो वाहियात छ भन्ने मत पाइन्छ- वरिष्ठ ज्योतिषाचार्य त्रिकालदर्शी कमलराज भण्डारीको । हामीलाई थाहा नै छ कि कमलराज भण्डारी नेपालमा पहिलोचोटि पत्रिकामा राशिफल भित्र्याउने ज्योतिषी हुन् । राजा महेन्द्रको मृत्युको भविष्यवाणी गरेवापत उनले जेल पनि भोगिसकेका छन् । आज यस्ता व्यक्ति त संचार क्षेत्रको राशिफलको धन्दालाई वाहियात बताउँछन् भने वैज्ञानिकहरू एवं वैज्ञानिक चिन्तन राख्ने व्यक्तिहरूले यस धन्दालाई कति लाजमर्दो कुरा ठानेका होलान् ? अलिकति वस्तुवादी चिन्तन राख्ने र सुसंस्कृत व्यक्तिले यस्तो धन्दा गर्ने वा यसको फन्दामा पर्ने कुराबाट लाज मान्नुपर्ने हो ।

भूगोलले जस्तै समाज र संस्कृतिले पनि राशिफललाई निर्दैशित गर्दछ । जस्तो, भनौं एउटा इमान्दार र सोझो मानिस छ, ऊ विद्वान पनि छ, तर ऊ चालु नभएकाले आजको दुनियाँमा पछि परेको छ । ऊ सभ्य छ, शिष्ट छ, नैतिक छ, सत्यवादी छ, तर उसित पैसा छैन भने समाजले उसलाई कति पनि मान्यता दिँदैन । किनभने आज रूपियाँको मूल्य नै एकमात्र प्रमुख मूल्य भएको छ । समाजले उसलाई कुनै

स्थान नै दिँदैन । तर उसको लगन कुण्डलीमा भने उच्च उच्च ग्रहहरू हुनसक्छन् । राज ग्रहहरू हुनसक्छन् । मेष लग्नमा सूर्य, मकरमा मंगल, कर्कटमा चन्द्रमा, बृषमा शुक्र, दशौं भावमा शनिश्चर, बृहस्पति चन्द्रामाको घरमा अर्थात् कर्कटमा हुनसक्छन् । तर यी राशिले हाम्रोजस्तो मूल्यहीन समाजमा के गर्छन् ? अर्थात् समाजले चोरी गरेर भए पनि धन कमाउने, अरूलाई दुःख दिने, सामन्त्याइं गर्ने, अर्काको स्वतन्त्रताको हनन गर्ने, आफूमात्र मालिक बन्ने । काम नगर्ने, व्यभिचार गर्ने, तर राज्यको बागडोर समात्ने नै भयो भने माथिको राजयोगका कारणले के उसलाई वास्तविक रूपमा राम्रो भनिन्छ ? त्यसकारण युगसँगै मूल्य-मान्यताहरू फेरिएका छन् । हिजो प्राचीन युग वा मध्ययुगमा जुन जुन कुरालाई उच्च मानिन्थ्यो, आज त्यसलाई उच्च त के उचित पनि मानिदैन । हिजो निरंकुशतालाई शक्तिको प्रतीक मानिन्थ्यो, राजयोगभित्र पारिन्थ्यो । आज त्यसलाई राम्रो मानिदैन । आज त हिजो समान्ती युगमा बनेका 'राशिफल'लाई ठीक उल्टाएर हेर्नुपर्ने भएको छ । आज त 'राशिफल' वकवासमात्र भएको छ । भ्रष्टाचार गरेर कोही हवेलीको मालिक हुन्छ भने त्यसलाई आज दण्ड दिइन्छ, त्यो नीच राशिको मानिन्छ, तर हिजो उसलाई उच्च राशिको, राजयोग परेको मानिन्थ्यो । त्यसकारण राशिफललाई सत्ताधारीहरूले आफ्नो रक्षाकवच बनाएका छन् । चोरीको धनलाई भाग्यको फल बताएका छन् । अत्याचारलाई शक्तिको प्रतीक मानेका छन् । वास्तविक रूपमा कहाँ छ र ज्योतिष ?

आज हामी कहीं जानु परेमा साइत हेर्ने हेराउने गर्छौं, केही गर्नु परेमा ज्योतिष देखाउँछौं । जन्मपत्रिका बनाउँछौं, त्यो बोकेर पण्डित-पुरोहितहरूकहाँ धाउने गर्छौं । यहाँसम्म कि घर बनाउँदा, नहर बनाउँदा, धारा बनाउँदा र चर्पी बनाउँदासमेत साइत नपुऱ्याई काम अघिबढ्दैन । लम्फू छोरो पास हुन्छ कि हुँदैन भनेर हात देखाउन जान्छौं । गाउँको सामन्तले घरखेत सबै खाइदिंदा पनि हामी उसलाई दोष दिन्नौं । आफ्नो भाग्यमा खोट देख्छौं । आफ्नै ग्रहहरूमा खोट देख्छौं । सूर्य तुला राशीमा, मीनको घरमा चन्द्रमा बसेकाले आफ्नो हानी भएको निचोड झिक्छौं । अर्थात् जहाँतहिं हामी भाग्यभरोसे भएका छौं । यसलाई हामी सहनशीलताको संस्कार भन्ने नाम दिन्छौं । 'ठूलो रूखको ओत लाग्नुपर्दछ' भन्छौं । सर्मपणको संस्कृतिलाई महत्वपूर्ण कुरा ठान्छौं । आत्महीनतालाई समेत महानता भन्ने गरिदिन्छौं । 'बडाको आदर'को नाममा चाकरी गर्छौं । धनको लागि जे जे नगर्नुपर्ने काम पनि गरिदिन्छौं । पछि समाज वा कानूनले अँठ्यायो भने कर्ममै यस्तो लेखेको, राहु वा केतुको खेल अर्थात् सूर्य, चन्द्र, बृहस्पति शत्रूगृही भएर कुण्डलीमा रहेकाले यस्तो भएको ठानेर चित्त बुझाउँछौं ।

यसरी सबैतिरबाट व्यक्तिलाई हीन तुल्याउने संस्कृतिको झण्डा उठाएर हामी अघि बढ्न खोजिरहेका छौं । ❑


सन्दर्भ सामग्री :

१) महर्षि, भृगु, भृगुसंहिता, दिल्ली : साधना पाकेट बुक्स्- प्रस्तुति, राकेश शास्त्री, सन् १९९८, पृ. क
२) पन्त नयराज, लिच्छवि संवत्को निर्णय, काठमाण्डौ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४३, पृ. ४२२
३) Mitchel, James and Jess Stein [Editors], The Random House Encyclopedia, New York : Random House, 1997, Page 38
४) Mitchel, James and Jess Stein [Edt.] abid - Page 38
५) मिश्र, अतुल '६० हजार वर्षपछि मंगलग्रह, आउँदैछ नजिक', कान्तिपुर, (२३ श्रावण २०६०, वर्ष १, अंक १७१)
६) राजवंशी, शंकरमान, "श्री ५ वडा महाराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी र जन्मकुण्डलीको व्याख्या" प्राचीन नेपाल, संख्या १२, २०२७
७) Mitchel James - abid- page 42
८) मिहिर, बराह, बृहज्जातकम, बनारस : मास्टर खेलाडी लाल एण्ड सन्स, (द्वितीय संस्करण), पृष्ठ २
९) Mitchel, James, abid - page 48
१०) Cheiro [count Louis Hamon], Fate and Fortune, Britain : Barrie and Jenkins 1971,
११) पन्त, तोयानाथ, पञ्चाङ्ग- २०६०, पृ. ७५-७७)


---

## ११ पेजको बाँकी

यसलाई झिनामसिना कुरा भनेर कुरा गर्नै तयार हुनुभएन ।

**● माओवादीले सशस्त्र युद्ध नै गरिसकेको अवस्थामा पाँच दलले गर्ने भनेको शान्तिपूर्ण आन्दोलनलाई किन सरकारले त्यति धेरै गम्भीर ठान्यो र प्रधानमन्त्रीले राष्ट्रका नाममा नै सम्बोधन गरेर आन्दोलन फिर्ता लिन 'विनम्रतापूर्वक आग्रह' गर्नुपऱ्यो ?**

- साधारण कुरा के भने अहिले माओवादीहरू युद्धमा गए । व्यक्तिहत्या शुरू भएको यो असाधारण परिवेशमा नारा, जुलुस गरेर प्रजातान्त्रिक हक-अधिकार खोज्ने स्थिति रहेन । यो असाधारण अवस्थामा आन्दोलन नगरिदिनोस् भनेका छौं । आन्दोलन गर्ने र सडकमा आउने पार्टीहरूको अधिकारलाई कुण्ठित पार्न खोजेका होइनौं ।

**● प्रधानमन्त्रीको सम्बोधनको लगत्तैदेखि आन्दोलनकारी दलका नेताहरुले आन्दोलन फिर्ता नलिने घोषणा गरिसक्नुभएको छ । सरकारको रबैया के हुन्छ ?**

- जिम्मेवार राजनीतिक दलका नेताहरूले यो आन्दोलनले देशको शान्ति सुरक्षालाई कस्तो असर पार्छ र संसदीय फाँटमा शक्तिहरूलाई कुन तहमा पुऱ्याउँछ भन्ने विचार गर्नुपर्छ । आफ्ना निर्णयहरूमा उहाँहरूले पुनर्विचार गर्नुपर्छ ।

**● तर सरकार त दमनको तयारीमा छ भनिन्छ नि ?**

- अहिलेसम्म उहाँहरूले आन्दोलनलाई सातौं चरणमा पुऱ्याइसक्नुभएको छ, ती चरणहरू बढाउन श्री ५ को सरकारले त सहयोगै गरिरहेको छ । तसर्थ, उहाँहरूका क्रियाकलापमा दमन गर्ने कुरै आउँदैन । तर विशेष परिस्थितिमा उहाँहरूले आफ्नो निर्णयमा पुनर्विचार चाहिं गर्नैपर्छ ।

**● यो विशेष परिस्थितिमा अब फेरि माओवादीसँग वार्ताको संभावना छ कि छैन ?**

- हामी त अहिले पनि वार्ताको माध्यमबाट समस्या सामधान होस् भन्ने चाहन्छौं । वार्ताबाट श्री ५ को सरकार बाहिर गएको पनि होइन । अवरोध आइसकेपछि पनि तपाईंहरूको कुरा संविधानसभा नै हो भने त्यसमा पनि छलफल गरौं भनेका थियौं । छलफल गर्न केही आपत्ति पनि होइन । हरेक विकल्पको बारेमा छलफल गरौं भन्दा छलफल नै नगर्ने भएपछि कसरी वार्ता हुनसक्छ ?

**● फेरि पनि प्रधानमन्त्रीको सन्देश र माओवादीका अध्यक्ष प्रचण्डको विज्ञप्ति दुवैमा वार्ता गर्ने तत्परता देखिन्छ । यो अवस्थामा वार्ता पत्रिया शुरु गर्ने केही प्रयास हुँदैछ कि ?**

- हुन त म सरकारी वार्ता टोलीको संयोजक हुँ । तर मलाई त्यस्तो केही थाहा छैन । वार्ता टोलीका संयोजकको नुवाकोटको थानसिङ्ग गाउँको एकसय तीस वर्ष पुरानो पुरातात्विक महत्वको पुर्ख्यौली घर जलाइएको छ । २२ वटा कोठा भएको तीनतले त्यो घर डा. मधुसुधन लोहनी, डा. मोहनप्रसाद लोहनी, साहित्यकार पुष्कर लोहनी, डा. श्रीधर लोहनी, वसन्त लोहनीलगायत १५ जनाभन्दा बढी लोहनी परिवारको सामूहिक सम्पत्ति हो, जसलाई गुठीमा लगेर सार्वजनिक सम्पत्तिको रूपमा विकास गर्ने तयारी समेत हुँदैथियो । हामीलाई भावनात्मक रूपमा ठूलो चोट पार्ने र स्थानीय जनताको सम्पत्ति नष्ट गर्ने यस्ता कार्यले वार्ताको वातावरण बनाउन सहयोग पुऱ्याउँछन् ? राजनीतिक रूपमा चित्त नबुभनेबित्तिकै त्यो व्यक्तिको घर जलाइदिने र सिध्याउने तरिकाले नै समस्या समाधान हुनसक्छ त ?

**● यो अवस्थामा समस्या समाधानको उपाय के त ?**

- घर जलाएर र मान्छे मारेरमात्रै समस्या समाधान हुँदैन भन्ने कुरा उहाँहरूले बुझ्नुपऱ्यो । लक्ष्य फरक छ भने छलफल गर्ने र विधि मात्रै फरक हो भने वार्ता भनेकै लेनदेनको माध्यम हो भन्ने बुझेर लचकता देखाउने मनःस्थिति बनाउनुपऱ्यो । अहिलेसम्मको रणनीति र दृष्टिकोणमा पुनर्विचार गरेर आउनुभयो भने समस्या समाधानको उपाय फेला पार्न सकिन्छ । हामीले त जुनसुकै विकल्पमा पनि छलफल गर्न तयार भएको बताइरहेकै छौं ।

❑ **विनोद ढुंगेल**



# संयुक्त आन्दोलन संकुचनमा

■ समीर थापा

**अन्ततः** सरकार पंचायती शैलीमा आन्दोलनकारीहरूलाई दवाएर प्रतिगमनविरोधी आन्दोलनलाई निस्तेज पार्ने कार्यनीतितर्फ अग्रसर भएको छ । यही भाद्र १५ गतेदेखि काठमाण्डौ उपत्यका सिंगैलाई दंगाग्रस्त क्षेत्र घोषणा गरेर सरकारले उपत्यकाभित्रका तीनवटै जिल्लाका नगरक्षेत्रसहित प्रमुख स्थानहरूमा राजनीतिक प्रदर्शनमा रोक लगायो । भाद्र १६ गतेदेखि असोज ६ गतेसम्म ती स्थानहरूमा धर्ना, जुलुस, आमसभा लगायतका विरोध प्रदर्शनका कुनै पनि कार्यहरू नगर्न निषेधाज्ञा जारी गरियो । यसरी सरकारले एकातिर उपत्यकाका अधिकांश ठाउँहरूमा राजनीतिक क्रियाकलापमा प्रतिबन्धका दृष्टिले अघोषित कर्फ्यू लगाएको छ भने कीर्तिपुर क्षेत्रमा घोषित कर्फ्यू नै लगाएको थियो । सरकारको यस प्रकारको निर्णयलाई आन्दोलनरत पाँच राजनीतिक दलका नेताहरूले तत्काल विरोध र भर्त्सना गरेका थिए । भदौ १६ गतेको बसेको आन्दोलनकारी पाँच दलको बैठकले सरकारी निषेधाज्ञालाई दृष्टिगत गरी आन्दोलनको पुनः संयोजन पनि गरेका छन् । त्यसअनुसार अब आन्दोलन काठमाण्डौकेन्द्रित हुनुको सट्टा काठमाण्डौ उपत्यकाबाहिर जिल्लाहरूमा विस्तारित गरिनेछ । त्यसका साथै भदौ १८ गतेदेखि २४ गतेसम्म सरकारी निर्णयको विरूद्ध निषेधाज्ञालाई शान्तिपूर्ण अवज्ञा पनि गरिनेछ । त्यसअनुरूप भदौ १८ गते नेपाली कांग्रेस र एमालेका मातृ तथा जनवर्गीय संगठनहरूले काठमाण्डौको रत्नपार्कलगायतका स्थानहरूमा विरोध प्रदर्शनहरू गरे भने त्यसअघि पेशागत संघ-संस्थाहरूद्वारा निषेधाज्ञाको अवज्ञा गर्दै भदौ १६ गते नै पदयात्रा गरिएको थियो । त्यसमा नेपाल वार एसोशियसनका अध्यक्ष सिन्धुनाथ प्याकुरेल गिरफ्तार हुनु भई चार घण्टापछि रिहा हुनुभएको थियो । १८ गतेको प्रदर्शनमा व्यापक प्रहरी हस्तक्षेपसमेत भएको थियो । दर्जनौं ट्रकहरू भरिभरि नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो ।

त्यसो त भदौ १५ गते राजधानी उपत्यकालाई दंगाग्रस्त क्षेत्र घोषणा गरेर विरोध प्रदर्शनमाथि प्रतिबन्ध लगाउनुअघि नै सरकारले भदौ १८ गतेबाट शुरू गर्ने भनिएको आन्दोलनलाई असफल पार्न थुनछेकका थुप्रै उपायहरू अवलम्बन गरिसकेको थियो । यस्तो थुनछेकलाई सरकारले 'उच्च सुरक्षा सतर्कता' भन्ने नाउँ दिँदै आएको छ ।

पाँच राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल मजदूर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्ददेवी) र जनमोर्चा नेपाल सम्मिलित आन्दोलनका निम्ति नेपाल अधिराज्यका विभिन्न ठाउँहरूबाट भदौ १८ गतेको प्रदर्शनमा भाग लिन आन्दोलनकारीहरू काठमाण्डौ आउने क्रम शुरू भैसकेकोले आन्दोलन सफल हुने कुरामा दलहरू विश्वस्त थिए । तर सरकारले भने उही 'उच्च सुरक्षा सतर्कता'को नाउँमा काठमाडौ आउने आन्दोलनकारीहरूलाई रोक्न थुप्रै उपायहरू अवलम्बन गरेको थियो र त्यो क्रम भदौ १६ गतेसम्म जारी थियो भने त्यसपछि आन्दोलनको 'स्वरूप फेरिएकाले' सरकारी दमनको स्वरूपमा पनि परिवर्तन आएको छ ।

आन्दोलनका कार्यक्रमलाई अन्तिम रूप दिन भाद्र १५ गते जनमोर्चाको कार्यालयमा बसेको पाँच दलको बैठकले सरकारी निर्णयपश्चात् उत्पन्न विशेष परिस्थितिलाई दृष्टिगत गरेर आन्दोलनको स्वरूप परिवर्तन गर्ने मनस्थिति बनाएको थियो । एक सूत्रका अनुसार त्यस बैठकमा 'निर्णायक' आन्दोलन गर्ने भन्दै आएका नेपाली कांग्रेस र एमालेले उपत्यकाको आन्दोलन स्थगित गरी जिल्लाहरूमा आन्दोलन चलाउने मनशाय व्यक्त गरेका थिए भने जनमोर्चा, सद्भावना र नेमकिपाले चाहिं सरकारी प्रतिबन्धको प्रभावकारी अवज्ञा गरी आन्दोलनलाई जन चाहनाअनुरूप उपत्यकाभित्रै शान्तिपूर्ण स्वरूपमा संचालन गर्न सके प्रतिगमनलाई परास्त गर्न सहयोग पुग्ने विचार व्यक्त गरेका थिए । यसरी त्यस बैठकमा आन्दोलनकारी दलहरूबीच दुई मत स्पष्ट देखिएको थियो । त्यस बैठकले आन्दोलनबारे ठोस निर्णय लिन नसकेपछि भोलिपल्ट १६ गते मंगलबार अर्को बैठक बसेको थियो । १६ गते बसेको त्यही बैठकले नै भदौ १८ गतेदेखि २४ गतेसम्म उपत्यकाभित्र सरकारी निषेधाज्ञाको अवज्ञा गर्ने निर्णय गरेको थियो ।

यसैबीच, पाँचवटै दलले संयुक्त बैठकका अतिरिक्त आ-आफ्नो दलको छुट्टाछुट्टै बैठक पनि गरिरहेका थिए । त्यस्ता बैठकहरूमा भएका छलफलका निर्णयहरू संयुक्त बैठकका निर्णयहरूभन्दा केही फरक पनि रहेका देखिन्छन् ।

भाद्र १५ गते सोमबार नै बसेको नेपाली कांग्रेस, केन्द्रीय कार्यसमितिको 'अनौपचारिक' बैठकले आन्दोलनको स्वरूप र रणनीतिमा परिवर्तन गर्ने निधो गरेको थियो । यस निश्कर्षमा पुग्नका लागि सभापति गिरिजाप्रसाद कोइरालाले दरवारबाट आएको 'संकेत'लाई माध्यमको रूपमा प्रयोग गर्नुभएको बुझिन्छ । त्यस बैठकमा कोइरालाले दरवारका तर्फबाट प्रतिनिधिसभा पुनर्स्थापना र सर्वदलीय सरकार गठनको संकेत आएको कुरा बताउनुभएको थियो । तर दरवारले बारम्बार धोका दिँदै आएकाले त्यस्तो संकेतको विश्वसनीयतामाथि शंका गर्दै माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने मनशाय पनि व्यक्त गर्नुभएको थियो । यसको लगत्तै भदौ १६ गते नेका सभापति गिरिजाप्रसाद कोइरालाले एक प्रेस-विज्ञप्ति जारी गरी राजासमक्ष प्रतिनिधिसभा पुनर्वहालीका लागि आग्रह गर्नुभएको थियो । नेपाली कांग्रेसले प्रतिनिधिसभाको पुनर्स्थापनाको माग उठाउँदै आएको भएता पनि सार्वजनिक विज्ञप्तिमार्फत् राजासमक्ष यो माग गरिएको भने पहिलो पटक नै हो । 'निर्णायक' भनिएको सातौं चरणको पूर्वघोषित आन्दोलनको पूर्वसन्ध्यामा कांग्रेस सभापतिद्वारा राजासमक्ष गरिएको यो एकल आह्वानलाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ ।

जे भए पनि सरकारले वि.सं. २०२८ सालमा बनेको पंचायती कानून प्रयोग गरेर उपत्यकाभित्र राजनीतिक प्रदर्शन गर्न प्रतिबन्ध लगाइसकेपछि आन्दोलनकारी दलहरूले त्यस्तो प्रतिबन्धलाई

अवज्ञा गर्दै प्रतिगमनविरोधी पूर्व घोषित आन्दोलनलाई उपत्यकाभित्र पूर्व प्रचारित रूपमा सम्पन्न गर्न सकेनन् । आन्दोलनलाई पुनः संयोजन गर्ने नाममा उत्साही कार्यकर्ताहरूलाई उपत्यकाबाहिर नै चलखेल गर्न निर्देशन दिएर कांग्रेस र एमाले दुवैले आन्दोलनको जोखिमबाट थोरैमात्र भए पनि आफूलाई बचाएका छन् । तर यसले पाँच दलभित्रको आपसी एकता र दलहरूप्रति जनताको विश्वास तथा भरोसालाई भने न्यूनीकरण गर्दै कमजोर पारेको अनुभव गरिँदैछ । साथै यसले ती दलहरूप्रति जनआकर्षण बढाउने सम्भावनालाई नराम्ररी खुम्च्याइदिएको अनुभव पनि गराएको छ ।

यही अवस्थाको बीचमा पनि पाँच दलका केही नेताहरूमा जनभावनालाई बुझ्ने र जनताको चाहनालाई आन्दोलनको ऊर्जाको रूपमा जोगाउने आन्दोलनकारी मनस्थिति प्रवल रहेको पाइन्छ । त्यस्तो मनस्थितिको अभिव्यक्ति दिँदै नेपाली कांग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यले भदौ १५ गते नै भन्नुभएको छ : "कुनै पनि अवरोधबाट आन्दोलन रोकिँदैन । पाँच दलले अघि सारेका १८ सूत्रीय एजेण्डामा निहित उद्देश्यलाई हासिल गर्न आन्दोलन निरन्तर जारिरहन्छ ।"

यस सन्दर्भमा सरकारी निर्णयमाथि थप टिप्पणी गर्दै उहाँले यसो पनि भन्नुभएको थियो : "माओवादीलाई अगाडि सारेर गरिए पनि यस निर्णयलाई जन-आन्दोलनको प्रभाव र गम्भीरतालाई स्वीकार गर्न सरकार बाध्य भएको परिस्थितिको रूपमा लिएको छु ।"

त्यस्तै, आन्दोलनको 'स्वरूपमा परिवर्तन' गरे पनि भदौ १५ गते एमालेका नेता भरतमोहन अधिकारीले सरकारी निषेधाज्ञाको विपक्षमा मत दिनुभएको थियो । उहाँले वर्तमान सरकार स्वयंलाई असम्वैधानिक बताउनुहुँदै भन्नुभएको थियोः "सरकारले कायरतापूर्ण ढंगले संविधानको उल्लंघन गरी निषेधाज्ञा जारी गरेको छ । एमाले त्यसको कडा भर्त्सना गर्दछ ।"

फोटो साभार : नेपाल न्यूज डट कम



*भाद्र १८ गते अपरान्ह पाँच पार्टीहरुद्वारा निषेधाज्ञा उल्लंघनको क्रममा तनावग्रस्त रत्नपार्क क्षेत्र । यस दिन सयौं कार्यकर्ताहरु गिरफ्तार भएका थिए ।*

एक सूत्रका अनुसार सरकारी निषेधाज्ञाको विपक्षमा सशक्त प्रतिकार गर्न नेपाली कांग्रेस र एमालेलाई गाह्रो हुनुमा अमेरिकी तथा बेलायती राजदूत र प्रधानमन्त्री सूर्यबहादुर थापाको पछिल्लो भूमिकाले काम गरेको छ । त्यसअनुसार सरकारले उपत्यकामा निषेधाज्ञा जारी गर्नुअघि प्रधानमन्त्री थापा, तथा अमेरिका र बेलायतका राजदूतहरूले गिरिजाप्रसाद कोइराला र माधवकुमार नेपाललाई भेटेर राजाको परिवर्तित सोचका बारेमा बताएका थिए । कांग्रेस सभापति कोइरालाले आफ्नो पार्टीको केन्द्रीय कार्यसमितिको बैठकमा 'दरवारको संकेत' भनेर उल्लेख गर्नुभएको कुरा पनि प्रधानमन्त्री र राजदूतहरूको भनाइमा नै आधारित रहेको बुझिन्छ ।

यसैबीच नेपालस्थित एक दर्जनभन्दा बढी विदेशी दूतावासहरू नेपालभित्र राजनैतिक रूपमा सक्रिय भएको समाचारले ठाउँ पाएको छ । त्यस्तो समाचारअनुसार सरकार र पाँच दलहरूका बीचमा एक दर्जन राजदूतहरूले अघोषित सहजकर्ताको भूमिका खेल्दैछन् । त्यसैको परिणामस्वरूप नै दलहरूबाट निर्णायक भनिएको आन्दोलनलाई पुनः संयोजनको नाउँमा निस्तेज पार्ने काम भएको छ । युद्धरत माओवादी समूहलाई एक्ल्याउने रणनीतिअन्तर्गत आन्दोलनकारी पाँच दल र सरकारबीच सम्बन्ध सुधार्ने प्रयासमा कुटनीतिक नियोगका प्रमुखहरू सक्रिय हुन थालेको बुझिन्छ ।

उपर्युक्त परिस्थितिले मुलुकको अग्रगामी यात्रालाई झन् जटिल तुल्याइदिएको छ । ०५९ असोज १८ गते निर्णायक रूपले प्रतिगमनतिर गएको मुलुकको राजनीतिलाई ठीक ठाउँमा ल्याउन प्रमुख संसदीय दलहरूले प्रतिगमनको आठ महिनापछिमात्र व्यवस्थित आन्दोलन शुरू गरेका थिए । अग्रगामी सुधारका निम्ति १८ सूत्रीय दृष्टिकोण र कार्यक्रम लिएर ०६० वैशाख २१ गतेदेखि आन्दोलनमा उत्रिएका ती दलहरूले मूलतः जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्तालाई सुदृढ गर्न आफ्ना विचारहरू सूत्रवद्ध गरेका थिए । ती विचारहरूमा राजालाई पूर्ण रूपमा सम्वैधानिक बनाउने, राजपरिषदको व्यवस्था खारेज गर्ने, सेनालाई प्रजातान्त्रिक मान्यताअनुरूप राष्ट्रियस्वरूप दिने, संसदलाई थप सशक्त बनाउने, माओवादी समस्यालाई राजनीतिक रूपमा समाधान गर्ने जस्ता विषयहरू प्रमुख छन् भने मुलुकको आर्थिक, सामाजिक रूपान्तरणका विषयहरू दोस्रो स्थानमा रहेका छन् । पाँच दलका ती सूत्रवद्ध अवधारणाहरूको कार्यान्वयनसम्म पुग्नका लागि वर्तमान आन्दोलनको गुणस्तरलाई माथि उठाउनुबाहेक अर्को विकल्प देखिँदैन । तर दलहरूमा त्यस्तो क्षमता भरोसायोग्य देखिएको छैन । अहिलेको एउटा विडम्बना यही हो । ❑



*निषेधाज्ञाका विरुद्ध नेपाल वारका अध्यक्ष सिन्धुनाथ प्याकुरेल प्रहरीको गिरफ्तारीमा पर्दै*

**सरकार र पाँच दलहरुका बीचमा एक दर्जन राजदूतहरुले अघोषित सहजकर्ताको भूमिका खेल्दैछन् । त्यसैको परिणामस्वरुप नै दलहरुबाट निर्णायक भनिएको आन्दोलनलाई पुनः संयोजनको नाउँमा निस्तेज पार्ने काम भएको छ ।**

# नेपालको राजनीतिप्रति बदलिँदो भारतीय सोच

हरि रोका



कुनै मुलुकमा गृहयुद्ध चलिरहेको बेला उसका छिमेकीहरूले चासो लिने गर्दछन् । त्यसको प्रत्यक्ष वा अप्रत्यक्ष असर आफूमा पनि पर्ने हुनाले त्यस्ता मुद्दाहरूलाई गम्भिरतापूर्वक हेरिने गरिन्छ । सम्भावित घटना वा दुर्घटनामा घाटा वा नाफाको आँकलन गर्ने गरिन्छ । अझ प्रभावशाली छिमेकीहरू छन् भने आफ्नो प्रभाव अक्षुण राख्न वा प्रभाव विस्तार गर्ने अवसरका रूपमा पनि लिन सक्दछन् । यसरी चासो राख्न तिनलाई दुई कारणहरूले प्रेरित गर्दछन् । पहिलो, भूराजनीतिक कारणले र दोश्रो आर्थिक कारणले । विगतमा लेवनान र कम्बोडियामा तिनका छिमेकीहरूले भूराजनीतिक कारणले हस्तक्षेप गरेका थिए भने कंगो र सिएरालियोनमा तिनका छिमेकीहरूले आर्थिक कारणले हस्तक्षेप गरेका थिए । नेपालको भूराजनीतिक बनोट र यसका दुई विशाल छिमेकी मुलुकहरूले नेपालको वर्तमान अन्तर्द्वन्द्व र अस्थिर राजनीतिलाई लिएर कसरी हेरिरहेका छन् ? तिनले कसरी र कस्तो खालको भूमिका निर्वाह गर्लान् ? - सर्वत्र चासोको विषय बन्न सक्दछ ।


भर्खरै चीनबाट फर्किनु भएका मेरा एक मित्रलाई केही दिनअघि चिनीयाँ जनताले नेपाली राजनीतिक अस्थिरतालाई कसरी नियालिरहेका छन् भनेर सोधेको थिएँ । उहाँको जवाफ थियो : चिनीयाँ जनतामा खासगरी बेइजिंगमा नेपालबारे त्यति धेरै जनचासो देखिन्न । कम आवत जावत, कम व्यापार वा नेपालको सिमा भन्दा धेरै टाढा रहेको बेइजिंगमा नेपालमा दिनदिनै घट्ने घटनाहरूका बारेमा त्यति धेरै छलफल हुन्न । त्यसैले त्यहाँ सरकारी कमेन्ट मात्र सुन्न पाइन्छ । नेपालसम्बन्धी चिनीयाँ सरकारको अडान परम्परावादी रहिआएको छ, जो सर्वविदितै छ । चीनको अभिन्न अंग रहेको तिब्बत हाम्रो छिमेकी हो । तथापि नियन्त्रित सिमा, भाषागत समस्या, आवतजावतको भौगोलिक कठीनाई आदिले गर्दा होला, आर्थिक, साँस्कृतिक, राजनैतिक सम्बन्धहरू त्यति व्यापक देखिन्न ।

> भर्खरै चीनबाट फर्किनु भएका मेरा एक मित्रको जवाफ थियो : चिनीयाँ जनतामा खासगरी बेइजिंगमा नेपालबारे त्यति धेरै जनचासो देखिन्न

अर्को छिमेकी मुलुक भारतसँग भने नेपालको पौराणिक सम्बन्ध छ । आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक सबै हिसाबले । खुला सिमाना, खुला आवतजावत, खुला व्यापार, खुला ढंगले एक अर्काका मुलुकमा कानूनसम्मत ढंगले उद्योग व्यापार, रोजगार र अन्य व्यावसाय गर्न पाउने कुराले पनि भारतसँगको नेपालको सम्बन्धको अलग्गै महत्व छ । खासगरी नेपालको कुल व्यापारको ठूलो हिस्सा मात्रै होइन, सामाजिक र आर्थिक उपलब्धिका लागि पनि नेपाल र नेपाली जनता धेरै हदसम्म भारतसँग निर्भर रहनुपर्ने स्थिति छ ।

ऐतिहासिक कालदेखि नेपालको राजनीतिमा भारतले सर्वाधिक चासो राख्दछ । एक हिसाबले नेपालको अर्थतन्त्र भारतको छायाँ अर्थतन्त्र जस्तो देखिन्छ । बजार नियन्त्रणका हिसाबले, सामरिक सुरक्षाको महत्वको हिसाबले, उसलाई चाहिने अत्यन्त सस्ता अदक्ष श्रमिक तथा सैन्य शक्ति जुटाउने हिसाबले नेपाल र नेपालीको महत्व एकातर्फ छँदैछ भने, अर्कोतर्फ नेपालको जल तथा श्रोत र साधनको बजार भारत मात्र भएकाले पनि भूराजनीतिक र आर्थिक दुवैका निमित्त भारतका लागि नेपाल महत्वपूर्ण छ भन्ने बुझिन्छ । त्यसैगरी विगत सात दशकदेखि भारतका ठूलादेखि साना उद्योगपति, व्यापारीदेखि लिएर अदक्ष श्रमिकसमेत झन्डै समानान्तर रूपमा नेपालमा क्रियाशील छन् । नेपालको आर्थिक तथा सामाजिक सम्बन्धमा तिनको ठूलो भूमिका रहँदै आएको छ । त्यसैले लाखौंलाख भारतीयहरू र लाखौंलाख नेपालीहरूको जीविकोपार्जन तथा अर्थोपार्जनसँग जोडिएको छ- नेपाल भारत सम्बन्ध । त्यसैले पनि नेपालको वर्तमान राजनीतिक अस्थिरतालाई भारतले कसरी मूल्यांकन गरिरहेको होला भन्ने बुझ्न जरूरी हुन आउँछ ।

भारतीय राज्ययन्त्रले विगतमा खेलेका भूमिकाहरू छिमेकी मुलुकहरूप्रतिको उसको दृष्टिकोण आदिले नेपाली राज्ययन्त्रलाई सशंकित पारिरह्यो र पारिरहेको छ । सन् १९५० को सन्धी, कोशी, गण्डक जस्ता सम्झौता, १९८८-८९ को आर्थिक नाकाबन्दी, नब्बेको दशककोबीचमा सम्पन्न भएको महाकाली एकीकृत सन्धी, हालसम्म नेपालका सिमानाहरूमा नेपाली भूभाग डुब्नेगरी बनाइँदै गरिएका साना ठूला बाँधहरूले नेपालीहरू आफू भारतको अर्धेल्याइँ र बलमिचाइमा परिरहेको अनुभुति सँगाल्न बाध्य छन् । तथापि गाँस, बास, कपास जुटाउन, वर्तमान अवस्थामा ज्यानै जोगाउन, रोजगारीका लागि लाखौंलाख नेपाली भारत जानै पर्ने बाध्यता पनि छ ।


*चिनीयाँ राष्ट्रपति हु जिन्ताओ, नेपालका प्रधानमन्त्री सूर्यबहादुर थापा र भारतीय प्रधानमन्त्री अटलविहारी बाजपेयी*

भारतीय स्वतन्त्रताको लगत्तैपछिदेखि त्यस देशका केन्द्रिय राजनीतिमा एउटा छाप छ : छिमेकीहरूदेखि सशंकित भइरहने । काश्मिरदेखि पूर्वोत्तर भारतसम्मका यावत् आन्तरिक गडबडी, हत्या, आतंक तथा अलगाववादी आन्दोलनहरूमा छिमेकीहरूबाट छिमेकीहरूमार्फत हत्या हिंसाका लागि चाहिने आर्थिक तथा अन्य सामग्रीहरू उपलब्ध हुने गरेका छन् भन्ने उसका अड्कलहरू छन् र उसले आफ्नो राज्य व्यवस्थालाई अस्थिर बनाउन छिमेकहरूमा षड्यन्त्र भइरहन्छ भन्ने ठान्दछ । त्यसैले बेलाबखत उसका अनेक सन्चार माध्यमहरूले त्यस्ता आशयका भ्रामक, कपोलकल्पित समाचारहरू पनि प्रशारण गर्ने गर्दछन् ।

नेकपा माओवादीले जनयुद्ध शुरू गरेदेखि यता मात्र होइन, नेपाली कांग्रेसले साठीको दशकमा गरेको विद्रोहदेखि यता नै नेपाली राज्ययन्त्र भारतप्रति सशंकित हुँदै आएको छ । हतियार जुटाउने श्रोत, तालिमका लागि भारतीय भूमिको उपयोग विद्रोहीहरूले भारतमा गरिरहँदा भारतले आँखा चिम्लिएर बसेको छ भन्ने थुप्रै आशंकाहरू पालेर बसेको छ, नेपाली राज्ययन्त्र । अस्थिर राजनीतिलाई ध्यानमा राखेर भारतले त्यही निहुँमा सैनिक हस्तक्षेप गर्नेछ भनेर आशंका पालेर बस्नेहरू पनि कम छैनन् नेपालमा । यो पंक्तिकारले यस्ता नेपाली आशंकाहरूलाई केन्द्रविन्दुमा राखेर जवाहरलाल नेहरू विश्वविद्यालय तथा दिल्ली विश्वविद्यालयका राजनीति शास्त्रका दक्षिण एशियाली विज्ञहरूसँग व्यक्तिगत तथा सामूहिक रूपमा छलफल गरेको थियो । समग्रमा उनीहरू सबैको मूल सोच लगभग एकै थियो । उनीहरू सबैले एउटै आग्रह गर्दै थिए, भारतीय वर्तमान राजनीतिलाई समग्रतामा बुभ्न । उनीहरूको तर्कमा सत्ता संरचनामा आएका फेरबदल, नयाँ-नयाँ समिकरण र उदियमान भिन्न-भिन्न समूहहरूको स्वार्थका लागि विश्वमा उसले खेलेका भूमिकाका बारेमा समग्रमा हेरियो भने त्यस्ता कुनै आशंकाहरू सत्य सावित नहुन सक्ने समेत उनीहरूको दावी थियो । खासगरी सत्तरीको दशकको अन्त्यदेखि भारतीय राजनीतिमा एउटा पार्टीको मात्र बर्चस्व नरहेको, सहमति र समानताका विन्दुहरू खोज्नुपर्ने बाध्यतामा उनीहरूले जोड दिएका थिए ।

भारत एउटा लोकतान्त्रिक मुलुक हो । यसका निर्णायक प्रक्रियामा सबै राष्ट्रिय राजनीतिक दलहरूमा न्यूनतम सहमति बन्न आवश्यक हुन्छ । तर्क गर्दै उनीहरूले भने- भारतीय परराष्टमन्त्री तथा उपप्रधानमन्त्रीले लगभग भित्री रूपमा अमेरिकी नेतृत्वमा इराकमा भारतीय सैनिक पठाउने कुरामा सहमति जनाए पनि त्यस कार्यलाई भारतीय संसदले इन्कार गरिदियो । यस परिप्रेक्षमा हेर्ने हो भने नेपालको आन्तरिक मामिलामा सैनिक हस्तक्षेपका कुरा त झन् परका कुरा हुन्, किनकि त्यसका लागि प्रमुख विपक्षी दलहरूमात्र होइन, सत्ताधारी गठबन्धनभित्रैका दलहरूमा पनि सहमति हुनसक्ने छैन ।

यो पंक्तिकारले नेपालका सन्दर्भमा भारतको अमेरिका तथा बेलायतसँगको गठबन्धनको बारेमा पनि प्रश्न सोधेको थियो । विज्ञहरूले भने, भारत दक्षिण एशियाको शक्तिशाली राष्ट्र हो । एक हिसाबले यस क्षेत्रमा आफ्नो प्रभावको विस्तार चाहन्छ । नेपालको सन्दर्भमा चिनीयाँ हतियार भित्रिँदा उसले आफ्नो रूष्टता देखायो । पछिल्ला दिनहरूमा भारतीय सिमा क्षेत्रमा चिनीयाँ ठेकेदारीका कुरालाई लिएर आफ्नो विरोध प्रकट गर्‍यो । पाकिस्तानी घुसपैठ र भारतविरूद्धका उसका षड्यन्त्रका बारेमा बारम्बार कुरा उठाइरहने गरेको छ । यसरी हेर्ने हो भने भारतले नेपालमा अन्य मुलुकहरूको प्रभावको विस्तार देख्न चाहन्न । यस अर्थमा अमेरिकी तथा बेल्जियन हतियारहरूको आगमनमा पनि भारतले कुटनीतिक हिसाबले विरोध प्रकट गरेको हुनुपर्छ, तिनको तर्क थियो । उनीहरूले सामूहिक रूपमा भने- भारतीय प्रमुख दलभित्र निश्चित समूहहरूको हिन्दू अतिवादी सोचअनुरूप नेपालको सत्तालाई हुकुमी बनाउने कुरामा जोड भएपनि समग्र राजनीतिक पार्टी भने त्यसरी लोकतान्त्रिक अभ्यासभन्दा पृथक आफूलाई राख्नै सक्दैन । त्यसैले विगत एकबर्षदेखि राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिएदेखि यता अमेरिका, बेलायत र अझ चीनले जस्तो सोझै समर्थन नगरेर सम्बैधानिक राजतन्त्र र बहुदलीय लोकतन्त्रको पक्षमा आफूलाई उभ्याइरहेको छ । अहिले मात्र होइन, आगामी दिनहरूमा बन्ने सरकारहरूका लागि पनि यो बाध्यता रहिरहने छ । किनभने नेपाल र भारतबीचको सम्बन्ध सरकारी सम्बन्ध मात्र नभएर र त्यसले मात्र प्रभाव नपारेर जनताको स्तरमा, राज्यहरूको स्तरमा र नागरिक समाजको स्तरमा बलियो हुँदैछ । त्यसैले सरकार मात्र निर्णायक हुन सक्दैन ।

उनीहरूले भने- नेपालको आन्तरिक मामला नेपाली जनताले सल्टाउने हो । नेपालीहरूबीच नै न्यूनतम सहमतिका विन्दुहरू खोज्नुपर्ने हो । नेपालको अस्थिरताले भारतका सिमावर्ती राज्यहरूमा आर्थिक सामाजिक तथा सांस्कृतिक सबै हिसाबले प्रभाव पार्नेछ । त्यस हिसाबले त्यहाँ चाँडो भन्दा चाँडो समस्याहरू सुल्झिनु पर्छ । त्यसका लागि कसले कस्तो सकारात्मक सहयोग गर्नु पर्ने हो, निःशर्त गर्नुपर्छ । जहाँसम्म नेपालको पछौटेपन तथा असमान वितरणको कुरा छ, त्यो नेपालीहरूले नै आपसमा छलफल गरेर टुंग्याउनु पर्छ ।

यस्ता सकारात्मक कुराहरूले नेपालको राजनीतिलाई हेर्ने बाह्य दृष्टिकोणमा निक्कै अन्तर आएको देखिन्छ, जो सकारात्मक छ र नेपालीको पक्षमा छ । तथापि नेपालका राजनीतिक शक्तिहरूले भारतका राजनीतिक दलहरूसँगको राजनीतिक सम्बन्ध बढाउन सकेको देखिन्न । त्यसले आम जनमानसमा अन्यौल उत्पन्न गर्न मद्दत गर्ने गरेको छ । नेपालमा हुने आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनले सकारात्मक बाटो लिंदा भारतीय राजनीतिमा पनि त्यसको प्रभाव पर्ने हुनाले, खास गरेर नागरिक समाज आशावादी देखिन्छ । ❑



मोहनविक्रम सिंह

# फुटवादी 'भविष्यद्रष्टाहरू' सफलतातिर ?

## वास्तवमा मोहनविक्रम सिंहको पार्टीले के निर्णय गरेको छ वा छैन भन्ने आधारमा देशमा घटनाक्रम स्थिर रहँदैन

**भविष्यमा** फुट्नु पर्ने हुनसक्छ भनी सोहीअनुरूप पार्टीको नाम नै 'एकताकेन्द्र-मसाल' राखी पूर्व एकताकेन्द्र र पूर्व मसालको छुट्टै अस्तित्वको 'गन्ध' कायम गर्न सफल केही 'भविष्यद्रष्टा' वाम नेताहरूको 'भित्री इच्छा' पूरा हुने लक्षण देखा परेको छ । अर्थात् गत वर्षको भाद्रमा एक भएका यी दुई पूर्व पार्टीहरूबीच 'फुट'को खेती निक्कै हदसम्म मौलाएको देखिएको छ । 'मैले त यो एकता ठीक छैन भनेर पहिल्यै भनेको थिएँ' -कामरेड मोहनविक्रम सिंहले प्रवासको कुनै कार्यक्रममा कार्यकर्ताहरूसँग भन्दै हिंडेको, युवा तथा विद्यार्थी मोर्चाका पूर्वमसाल पक्षधर केही जिम्मेवार व्यक्तिहरूले फुटको निम्ति तयार रहन मित्रहरूलाई सल्लाह दिँदै हिंडेको जस्ता कुराहरू सुनेर होला, पूर्व एकताकेन्द्रका वरिष्ठ नेता काईलाबाले गत महिना एउटा सार्वजनिक अपील नै जारी गर्नुभएको थियो । अपीलमा उहाँले पार्टीभित्र 'एकतामा आँच आउने स्थिति उत्पन्न हुनु नेपालको कम्युनिष्ट आन्दोलनको लागि चिन्ताको विषय हो' भन्नुभएको थियो । उहाँको भनाई छ- "प्रमुख नेतृत्वबीचको अन्तरकलह र समय-समयमा देखिने सार्वजनिक विवादको कारणले पार्टी एकतामा गम्भीर आँच आउन थाल्यो, यो कुरा पार्टीभित्रका सबै तहका नेता र कार्यकर्ताले मात्र नभै सार्वजनिक रूपमै जनताले महशूस गर्न थालेका छन् ।" उहाँ यो फुटपरस्त स्थितिको कारण- "पार्टी नेतृत्वमा देखापरेको व्यक्तिवादी महत्वाकांक्षा, अराजकता र व्यक्तिवादबाट प्रभावित भई पूर्व समूहजन्य प्रभाव"लाई मान्नुहुन्छ । संभावित पार्टी फूटलाई रोक्न देशव्यापी रूपमा दवाव सिर्जना गर्नका निम्ति सशक्त र सक्रिय पहल गर्न उहाँले पार्टीका शुभेच्छुकहरूमा अपील गर्नुभएको छ ।

"देशव्यापी आन्दोलन चलिरहेको यस्तो अवस्थामा आन्दोलनकारी शक्तिको एक हिस्सा नेकपा (एकताकेन्द्र-मसाल)भित्रको विवाद अनावश्यक रूपमा र गलत तौर-तरीकाले सार्वजनिक गरी पार्टी नेतृत्वले गरेको गम्भीर गल्तीलाई अविलम्ब सच्याउनसमेत" काईला बाले ध्यानाकर्षण गराउनुभएको छ ।

वास्तवमा नेकपा एकताकेन्द्र-मसालभित्र पूर्व सोचहरूमा मतभिन्नताहरू रहेको यथार्थ स्वीकारेरै



काईलाबा

एकता भएको हो । यस स्थितिमा नेतृत्वले जनवादको सही प्रयोगद्वारा एकता जोगाउन गम्भीर ध्यान दिनु जरूरी देखिन्छ । मोहनविक्रम सिंहले गत महिना 'संविधानसभा पक्षधर' १० वामको एक बैठकमा आफूसमेत गई अग्रगमनको पक्षमा सहमति जनाएर आएको भोलिपल्टै आफ्नो भिन्नमत जाहेर गरेको घटनाले उहाँको व्यवहारिक सुझबुझमाथि ठूलै प्रश्न चिन्ह खडा गरेको छ । अहिले प्रतिगमनमुखी समयमा 'माओवादीविरोधी देशव्यापी मोर्चा'को जरूरतलाई महत्व दिने उहाँको 'मत'लाई पनि वामपन्थी वृत्तमा 'अनौठो' र पूर्वाग्राहयुक्त प्रस्तावको रूपमा लिन थालिएको छ । यस पार्टीभित्रका अग्रगामी सोचयुक्त नेता-कार्यकर्ताहरूले आफ्ना अगुवाहरूमा विकसित भएका यस्ता अनौठा र पूर्वाग्रहयुक्त प्रवृत्तिहरूबारे गम्भीर भई फुट हुनबाट पार्टीलाई जोगाउनु जरूरी छ । राष्ट्रिय सन्दर्भमा थप जुट हुनुपर्ने बेलामा आएर फुटको दिशामा अघि बढ्नु हरेक अर्थमा बेठीक हो ।

हाल आएर के.त.स.को छैठौं बैठकका निर्णयहरू 'मोहनविक्रम सिंहले उल्लघन गरेको' आरोप सहमहामन्त्री प्रकाश पक्षको रहेको छ भने मोहनविक्रम भने सहमहामन्त्रीहरूलाई 'माओवादीप्रतिको पिछलग्गूपन'को आरोप लगाइरहनु भएको छ । बैठकले संविधानसभालाई क्रियात्मक नारा हैन, आन्दोलनात्मक (एजिटेशनल) नाराको रूपमा लिएकोमा सहमहामन्त्रीहरूले यसलाई तोडमडोर गरेको आरोप मोहनविक्रम सिंहले लगाउनुभएको छ । सहमहामन्त्री प्रकाशले देशलाई गृहयुद्धबाट बचाउने हो भने संविधान सभा एकमात्र विकल्प हो भनी व्यक्त गर्नुलाई समेत मोहनविक्रम 'माओवादीहरूको विचारको नांगो प्रकारको अन्धानुकरण' भन्ने आरोप लगाउनु हुन्छ ।

वास्तवमा मोहनविक्रम सिंहको पार्टीले के निर्णय गरेको छ वा छैन भन्ने आधारमा देशमा घटनाक्रम स्थिर रहँदैन । आज मुलुकमा गृहयुद्ध समाप्त गर्ने हो भने र माओवादीसँग रहेको हतियारलाई पनि शान्तिपूर्ण रूपमा व्यवस्थापन गर्ने हो भने संविधान सभाभन्दा अर्को विकल्प नभएको यथार्थ मोहनविक्रमले नस्वीकार्नु उहाँको हठ हुनसक्छ र त्यो हठ बोक्ने अधिकार उहाँलाई छ । तर अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्ने उहाँको पार्टीले सहमहामन्त्री प्रकाशको भिन्न मतलाई माओवादीसँग जोडेर प्रचार गर्नुले उक्त अभिव्यक्ति स्वतन्त्रतालाई उपहास गरेको देखिन्छ । अरू बेला 'संविधान सभा'को रट लगाइरहने मोहनविक्रम सिंह मुलुकको अप्ठेरो परिस्थितिमा आएर ऐन मौकामा चाहिं किन अर्को मत लिएर प्रस्तुत भएका हुन्, उदेकलाग्दो स्थिति पैदाभएको छ । माओवादीसँग भिन्न मत राख्नेहरू धेरैले आज संविधान सभाको पक्ष लिंदैछन् । के ती सबै माओवादीका पिछलग्गू हुन् त ? क. मोहनविक्रमका सामु गंभीर प्रश्न तेर्सिएको छ ।

❑ *हरिगोविन्द लुईंटेल*

## ९ पेजको बाँकी

दायराभित्र छिर्नै नखोज्ने, आन्दोलनरत राजनीतिक दलहरू यो संविधान र संसद्मा नटेकी अगाडि बढ्नै नसक्ने- यी दुईथरीको यिनै अन्तरविरोधी अडानहरूले गर्दा दुईबीच साझा न्यूनतम समझदारी र सहकार्य संभव हुनसकेन । यो विभेदबाट अधिकतम फाइदा सत्तापक्षले उठायो । फलस्वरूप, वार्ता र सडक आन्दोलन दुवै सफल हुन सकेनन् ।

शान्तिपूर्ण आन्दोलनबाटै सम्पूर्ण सामाजिक परिवर्तन संभव छ भनेर धारणा राख्ने पाँच राजनीतिक दलहरूले माओवादी स्वयं पनि हिंसात्मक आन्दोलनको बाटो तत्कालका लागि स्थगित गरेर शान्तिपूर्ण आन्दोलनमा आउँछु भनेर तत्परता देखाउँदा संयुक्त आन्दोलनमा उनीहरूलाई भित्र्याउन अस्वीकार गर्नु उनीहरूको ठूलो भूल थियो । यस परिप्रेक्ष्यमा 'पहिले हतियार बुझाऊ अनि आन्दोलनमा भित्र्याउँला' भन्ने उनीहरूमध्ये प्रमुख ठूला पार्टीहरूको प्रत्युत्तर त अत्यन्त गैरजिम्मेवार थियो । तेस्रो चरणको वार्ताको पूर्वसन्ध्यामा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले माओवादीसित नयाँ संविधान निर्माणको सवालमा सत्तापक्षले सहमति जनाएमा 'आफूले गणतन्त्रको बाटो समात्ने' धम्कीसमेत सार्वजनिक गरेको यहाँनेर स्मरणीय छ । तेस्रो चरणको वार्ता संकटग्रस्त भइरहेको समयमा माओवादीले जनमोर्चा, नेपालमार्फत् आन्दोलनरत पाँचवटा राजनीतिक दलहरूसंग सहकार्य संभव छ कि भन्नका लागि समेत संयुक्त भेटघाटको माग गरेको, तर ती दलहरूले त्यस्तो भेटघाटलाई समेत अस्वीकार गरेको घटना पनि यहाँनेर उल्लेखनीय छ ।

पाँचवटा आन्दोलनकारी राजनीतिक दलहरूसँगको सहकार्य ती दलहरूको संकीर्ण र आत्मकेन्द्रित दृष्टिकोणका कारण संभव नभएको परिस्थितिमा एघार वाम मिलेर आन्दोलन उठाउने र संविधानसभा पक्षधरहरूको छुट्टै आन्दोलन गर्ने तत्परता पनि माओवादी पक्षले देखाएको हो । त्यो संभव भएको भए माओवादीलाई जंगल फर्कन रोक्ने कुरा त्यो पनि हुन सक्थ्यो । त्यसको निम्ति संयुक्त वाममोर्चा र नेकपा एकताकेन्द्र-मसालले पहल पनि गरेका हुन् । तर अन्तिम घडीमा नेकपा (एमाले)को अस्वीकृतिको कारण एघार वामको संयुक्त आन्दोलन र सहकार्य संभव भएन भने क. मोहनविक्रम सिंहको माओवादीप्रतिको अति पूर्वाग्रहपूर्ण र असैद्धान्तिक दृष्टिकोणका कारण संविधानसभा पक्षधरको सहकार्य पनि अगाडि बढेन ।

यसरी माओवादीहरू आन्दोलनकारी दलहरूमध्ये प्रमुख दलहरूबाट यत्रतत्र बहिष्कृत हुनु र एक्लिनुले गर्दा पनि ज्यादा निराशिएका हुन् र पुनः जंगलतिर फर्कन उत्प्रेरित भएका हुन् । दलहरू र माओवादी दुवैलाई स्वीकार्य हुने अग्रगामी निकाससहित शान्तिपूर्ण संयुक्त आन्दोलनको ढोका प्रमुख दलहरूबाट माओवादीको निम्ति बन्द नगरिएको भए माओवादीहरू संभवतः यतिखेर सडकमा शान्तिपूर्ण जनआन्दोलनमा जुटिरहेका हुन्थे, जंगलउन्मुख हिंसात्मक गुरिल्ला युद्धमा होइन । वार्ता टुटेतापनि युद्धविराम नटुट्ने स्थिति माओवादीहरू शान्तिपूर्ण जनआन्दोलनमा सामेल हुँदा ज्यादा संभव हुन्थ्यो ।

प्रमुख राजनीतिक दलहरूले माओवादीहरूलाई बहिष्कृत गर्नुको पछाडि उनीहरूको एउटा डर मुख्य कारणका रूपमा देखिन्छ । त्यो हो- माओवादीहरू खुल्ला राजनीतिमा प्रवेश गरे भने आफ्नो राजनीतिक जमीन भास्सिएला कि भन्ने डर । साथै, यी राजनीतिक दलहरू कुर्सीस्वार्थमा केन्द्रित भएर अमेरिका, बेलायत र भारतजस्ता विदेशी शक्तिहरूको 'माओवादीसित निकटता नबढाउने' दवावबाट समेत निक्कै प्रभावित देखिए । प्रतिगमनविरोधी आन्दोलन र शान्तिवार्ताको प्रारम्भमा माओवादीसितको सहकार्यको सवालमा सकारात्मक रबैया अपनाउँदै आएको नेपाली कांग्रेस पछिल्लो समयमा त माओवादीसित जानीबुझीकनै उल्लेखनीय दूरी कायम गर्नतिर लाग्यो ।

माओवादीको तर्फबाट उनीहरूप्रतिको सम्बन्धमा बारम्बार भएका व्यवहारगत भूलहरूले गर्दा पनि प्रमुख राजनीतिक दलहरू माओवादीसित विश्वासको वातावरणसहित निकट हुनसकेनन् । त्यो भूल हो- युद्धविरामको क्रममा पनि माओवादीले दलहरूलाई शत्रुतापूर्ण ढंगले आक्रमण र अपहरण गर्न नरोक्नु, माओवादीको प्रभुत्वको र प्रभावको क्षेत्रमा अन्य राजनीतिक दलहरूलाई राजनीतिक र सांगठनिक चलखेल एवं गतिविधि गर्न नदिनु । अन्य पार्टीहरूप्रति माओवादीको बलप्रयोग र शत्रुतापूर्ण व्यवहारले गर्दा माओवादीको प्रभुत्व भनेको अन्य पार्टीको अस्तित्वको निषेधको अर्थमा पार्टीहरूले ग्रहण गरे । आपसी आचारसंहिता र अनुगमन-संयन्त्र बनाएर माओवादीहरूले यी व्यवहारगत भूलहरू सुधार्न सक्थे । माओवादी अध्यक्ष प्रचण्डबाट यस दिशामा केही आचारसंहिता र नीतिको सार्वजनिक घोषणा पनि भयो, तर त्यो व्यवहारमा लागू भएन । यसरी आन्दोलनरत पार्टीहरू माओवादीको नियतप्रति सशंकित हुनु र उनीहरूबीच विश्वासको संकट कायमै रहनुको एउटा प्रमुख कारण माओवादीहरूले पार्टीहरूको सम्बन्धमा देखाएका व्यवहारगत शत्रुतापूर्ण रबैया पनि देखिन्छ । पार्टीहरूसित सहकार्य गर्ने नै हो भने माओवादीले यो रबैयामा आमूल हेरफेर ल्याउनु जरूरी हुन्छ ।

> अबको गृहयुद्ध पहिलेको भन्दा धेरै भीषण र रक्तपातपूर्ण मात्र हुने देखिँदैन, यसले नेपालको प्रभुसत्ता र लोकतन्त्रमै पूर्ण ग्रहण लगाउने संभावना पनि टड्कारो छ

### अबको युद्धको स्वरूप

माथि उल्लिखित विभिन्न कारणहरूको गठजोडको फलस्वरूप नेपालमा अहिले पुनः गृहयुद्धको प्रारम्भ भएको छ । अबको गृहयुद्ध पहिलेको भन्दा धेरै भीषण र रक्तपातपूर्ण मात्र हुने देखिंदैन, यसले नेपालको प्रभुसत्ता र लोकतन्त्रमै पूर्ण ग्रहण लगाउने संभावना पनि टड्कारो छ । यो युद्धले नेपालको राजनीति र अर्थनीतिलाई पूर्ण सैनिकीकरण गर्न संभव छ, जसको तात्पर्य हुन्छ- अहिलेभन्दा पनि निक्कै ज्यादा लोकतान्त्रिक हकहरूको अपहरण, पूर्ण प्रतिगमन, निरंकुशतन्त्र, अभूतपूर्व व्यक्ति हत्या र नरसंहारहरूको श्रृंखला ।

युद्धविराम टुट्नेवित्तिकै काठमाण्डौमा केही उच्च सैनिक पदाधिकारीको माओवादीबाट भएको हत्या वा हत्या प्रयासले नेपालको द्वन्द्वलाई फेरि गतः माघको दोस्रो हप्तातिरै जोड्न लगेको छ, जहाँ सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठको निर्मम हत्या भएको थियो । व्यक्ति हत्याको यो श्रृंखला अविलम्ब रोकिनु पर्दछ, अन्यथा दुवैतिर प्रतिशोधात्मक रूपमा उच्च पदाधिकारीको हत्या प्रक्रिया प्रारम्भ हुन सक्छ । यसले निक्कै छिटो विदेशी हस्तक्षेप निम्त्याउन पनि संभव छ । श्रीलंकामा जस्तै आत्महत्याकारी बम विष्फोटको नृशंस श्रृखलातिर पनि यसले डोर्‍याउन संभव छ । अबको युद्धको प्रकृति हेर्दा माओवादीहरू आफ्नो वर्तमान राजनैतिक वार्गैनिङ्ग क्षमतामा उल्लेखनीय अभिवृद्धिको उद्देश्य राखेर व्यक्ति हत्या, ग्रामीण छापामार संघर्ष र शहरिया छापामार संघर्षको संयोजन र तालमेलतिर ज्यादा उन्मुख देखिन्छन् । सत्तापक्ष चाहिं उन्नत हतियार र संशाधनको आधारमा माओवादीको सैन्य शक्तिमा र नेतृत्वदायी पक्तिमा उल्लेखनीय क्षति पुर्‍याउने उद्देश्यबाट प्रेरित भएर एसेसिनेशन, स्विप अपरेशन र मनोवैज्ञानिक अपरेशन र माओवादी प्रभावित क्षेत्रमा सुधार गतिविधि संचालन गर्ने सुरतालमा देखिन्छ ।

अबको गृहयुद्धमा विदेशी हस्तक्षेप- विशेषतः अमेरिकी-बेलायती हस्तक्षेप टड्कारो भएको छ । भारतको सहमतिविना उनीहरू यहाँ भित्रिन संभव देखिन्न । त्यसैले, उनीहरू भारतको शासक वर्गलाई मनाउन र भारत समेतको सहयोगमा भारतीय वर्चश्वमा खलल नपर्ने गरी नेपाल भित्रने तैयारी गर्दैछन् । वर्तमान प्र.मं. सूर्यबहादुर थापाको सरकार आफै अमेरिकी र बेलायतको भारतसित सहमति र समझदारी बढाउने प्रयत्नको ठोस उपज ठानिन्छ । एक विश्वस्त सूत्रले बताएअनुसार भारतीय शासक वर्ग अहिलेकै विन्दुमा नेपालमा स्थलसेना भित्र्याउन तयार छैन । किनकि यसो गर्नुको तात्पर्य नेपालमा भारतविरोधी मुक्तियुद्ध प्रारम्भ हुनसक्छ भनेर

उसलाई राम्ररी थाहा छ । ऊ हात हतियार, काउन्टर इन्सर्जेन्सी तालिम, युद्ध सामग्री र एयरवेस दिएर युद्धमा आफ्नो वर्चस्व कायम गर्न सहमत भएको छ र यो कार्य उसले थालि पनि सकेको छ । पछिल्लो आधिकारिक भारतीय दस्तावेजका अनुसार भारतको मिजोरमस्थित काउण्टर इन्सर्जेन्सी एण्ड जंगल वारफेयर स्कूलमा र नेपालमा गरेर अहिलेसम्म १००० जना सबै तहका नेपाली सैनिकहरूलाई प्रतिविद्रोह कमाण्डो तालिम दिइसकिएको छ । अमेरिकी, बेलायती र भारतीयहरूको बीच सहकार्य बढ्दैछ र यो सहकार्य सँगसँगै भारतीय शासकवर्गको माओवादीप्रतिको रबैया पहिलेभन्दा निक्कै कडा हुन थालेको छ । हालै भारतको चेन्नईमा माओवादी नेता सि.पी. गजुरेलको गिरफ्तारी त्यो कडाइको पछिल्लो ताजा प्रमाण हो ।

तर उनीहरूबीच अन्तरविरोध पनि देखिन्छ । भारतीय शासकहरू कुनै पनि हालतमा नेपालमा अमेरिकी र बेलायती प्रभुत्व एकलौटी हुन दिने पक्षमा देखिन्नन् । आफ्नो प्रभुत्व र वर्चश्वमा निरन्तरता भारतीय शासक वर्गको प्रमुख शर्त देखिन्छ । पिपुल्स वार ग्रुप र एम.सी.सी.सित मिलेर माओवादीले आन्ध्र प्रदेशदेखि विहार-भारखण्ड-उत्तरप्रदेशसम्म ठूलो गडवडी मच्चाउन सक्छ र त्यो भारतीय शासक वर्गको निमित गम्भीरतम सुरक्षा समस्या हुनसक्छ भन्ने विश्लेषणका आधारमा ऊ माओवादीलाई शक्तिशाली हुन नदिने वा सिध्याउने मामलामा मात्र अमेरिकी र बेलायतीहरूसित सहकार्य गर्न तत्पर देखिन्छ ।

यस परिप्रेक्ष्यमा अबको गृहयुद्धको तीनवटा संभावित परिदृश्य देखिन्छ :

**एक**. नेपालमा पूर्ण सैनिकीकरण, विदेशीहरूको सहयोगमा पहिले माओवादीमाथि भीषण दमन र त्यसपछि पार्टीहरूमाथि दमन र परिणाममा देशमा कठपुतली निरंकुश शासन ।

**दुई**. विदेशीहरूको मध्यस्थता र दबाबमा नेपालका वर्तमान शासक वर्ग र आन्दोलनरत पार्टीहरूबीच सत्ता बाँड्चुडमा सहमति, माओवादीमाथि दुवैको गठजोडमा भीषण दमन र कमजोर माओवादीसित वार्ता गरेर विद्रोहीलाई तह लाउने कार्य र थोरै लोकतान्त्रिक सुधारहरू ।

**तीन**. राज्यको दमनको फलस्वरूप र पूर्ण सैनिकीकरणको फलस्वरूप माओवादी र आन्दोलनरत पार्टीहरूबीच लोकतन्त्रको आधारभूत सवालमा न्यूनतम सहमति, दुवैबीच सहकार्य र सह-आन्दोलन, दुवैको संयुक्त तागतको बलमा सैनिकीकरण र विदेशी हस्तक्षेपलाई परास्त गर्ने, नेपाली जनतालाई पूर्णतः प्रभुसत्ता सम्पन्न पार्ने र लोकतन्त्रलाई पूर्ण पार्ने प्रयत्न ।

अहिले नेपाल युद्धको पहिलोबाट दोश्रो परिदृश्यतिर अघि बढ्दैछ ।

## फेरि वार्ता संभव छ ?

नेपाल यतिखेर गृहयुद्धमा प्रवेश गरिसकेको छ । तथापि, आन्दोलनरत पार्टीहरूले पहिलेको आत्मकेन्द्रित चिन्तन र संकीर्णता हटाएर आफू

**राजाले त्याग गरेमा हामी उसलाई सम्मानित स्थान दिन तयार छौं भन्ने माओवादी उक्तिको माओवादी नेतृत्वबाट स्पष्ट व्याख्या भएमा यसको गाँठो फुक्न सक्छ**

र माओवादी दुवैलाई स्वीकार्य हुने अग्रगामी निकास दिने गरी प्रयत्न गरेमा माओवादीहरू पुनः युद्ध रोकेर वार्तामा फर्कन संभव छ । यो दुई कारणले संभव छ, एक, माओवादीको द्वन्द र मागको प्रकृति सांप्रदायिक, धार्मिक, कट्टरतावादी वा पृथकतावादी नभएर विल्कुलै राजनीतिक र लोकतान्त्रिक चरित्रको भएकोले यो संभव छ, दुई, श्रीलंका वा विश्वका अन्य भागमा जस्तो यहाँ अझै द्वन्दरत पक्षहरूबीच अत्यन्त चर्को एक अर्काको मुखै नहेर्ने हदको शत्रुता विकसित भइसकेको छैन, त्यसकारणले पनि यो संभव छ ।

तर माओवादीहरूको अहिलेसम्मका सम्पूर्ण अडानहरू, साहित्यहरू र भनाइहरूलाई नियालेर हेर्दा उनीहरू सहमतिका निम्ति संविधान सभाभन्दा मुनिको निकासमा आउने संभावना भने अझै देखिन्न । उनीहरू संविधानसभा वा सो सरहको विकल्पमा भने आउन सक्छन् । त्यो भनेको- सार्वभौम जनताले चुनेका प्रतिनिधिहरूले नयाँ संविधान बनाउने सार बोकेको कुनै उपयुक्त लोकतान्त्रिक विकल्प हो । संसद पुनर्स्थापना गरेर त्यही संसदले माओवादीसहितको अन्तरिम सरकार र अन्तरिम विधान बनाएर संविधान सभाको निर्वाचनमा जाने बाटो तय गरेमा पनि माओवादीले त्यसमा आपत्ति नजनाउन सक्छ, यदि यो प्रक्रियाबारे सार्वजनिक प्रतिवद्धता पहिले नै जनाइन्छ भने । यो एउटा यस्तो प्रक्रिया हुनसक्छ, जसमा आन्दोलनकारी दलहरू र माओवादीहरू दुवैका आ-आफ्नो अडानको सम्मिलन हुनसक्छ । जस्तो कि, पार्टीहरू नयाँ संविधान र निर्वाचित जनप्रतिनिधिहरूद्वारा नयाँ संविधानको सिद्धान्तमा सहमत भइदिने, माओवादीहरू एकपटक यही संविधान वा संसदमा टेकेर त्यसबाट बाहिर निस्केर अग्रगामी दिशामा जान सहमत भइदिने । कथंकदाचित, अदालती वा अन्य कुनै कारणले संसद पुनर्स्थापना संभव नभएमा नयाँ संविधान निर्माणको लागि संविधान सभाको काम गर्ने गरी प्रतिनिधि सभाको चुनाव संपन्न गर्ने विकल्प पनि संविधान सभा वा सो सरहकै विकल्प हुनसक्छ, जसमा माओवादीहरू ज्यादा असहमत नहुन सक्छन् ।

बढी संभव छ, यीमध्ये कुनै पनि अग्रगामी निकासमा सत्तापक्ष वा आन्दोलनरत राजनीतिक दलहरू सहमत हुने हो भने माओवादीहरूले हिंसात्मक संघर्ष रोक्न सक्छन् र वार्तामा पुनः आउन सक्छन् ।

सत्ता पक्ष र माओवादीका बीच विश्वासको संकट चरम उत्कर्षमा पुगिरहेको वर्तमान परिपस्थितिमा देशलाई भीषण गृहयुद्धबाट, विदेशी हस्तक्षेप र सैनिकीकरणबाट बचाउने हो भने तुलनात्मक रूपमा आपसमा कम विश्वासको संकट भएका आन्दोलनकारी राजनीतिक दलहरूले नै पुनः शान्तिवार्ता र युद्धविरामको निम्ति पहल गर्नु ज्यादा उपयुक्त हुनसक्छ । दिगो शान्ति र फलदायी वार्ताको लागि वार्ताको प्रक्रिया र प्रकृति भने बदल्नुपर्छ : पहिले आन्दोलनकारी दलहरू र माओवादीबीच आधारभूत सवालमा न्यूनतम सहमतिका लागि वार्ता हुनुपर्छ, त्यसपछि मात्र सत्तापक्षसँग । यो उपायद्वारा पार्टीहरू पनि वार्ता प्रक्रियामा अपरिहार्य सहभागीका रूपमा सामेल हुनसक्छन् र वार्ता प्रक्रिया ज्यादा सामेलीपूर्ण हुन जाने हुन्छ । त्रिकोणात्मक द्वन्दका सट्टामा दुई कोणात्मक द्वन्द ज्यादा सरल र फलदायी पनि हुन्छ ।

आन्दोलनकारी दलहरू र माओवादी लोकतन्त्रका आधारभूत सवालमा साझा समझदारी बनाएर संघर्षरत हुनका लागि प्रशस्त वस्तुगत आधारहरू पनि छन् । २०४६ सालको जन आन्दोलनका मुख्य उपलब्धी सम्बन्धमा दुवैको लगभग समान धारणा छ । अबको संविधानमा जनतालाई पूर्ण संप्रभू बनाउने उद्देश्यका निम्ति अब बन्ने संविधानमा जनमत संग्रहको प्रावधान हुनुपर्छ, सेना निर्वाचित प्रतिनिधिसभा र सरकारको मातहत हुनुपर्छ, क्षेत्रीय स्वायत्त शासन हुनुपर्छ, राज्य धर्म निरपेक्ष हुनुपर्छ, व्यवहारमा पूर्ण भाषिक, लैंगिक र जातको समानता हुनुपर्छ भन्ने विषयमा दुई पक्षबीच समान धारणा भेटिन्छ । नेपालको वर्तमान लोकतन्त्रलाई पूर्ण बनाउन लोकतन्त्रको अन्तर्वस्तु बारेमा यी सहमतिले ठूलो महत्व राख्छन् । पार्टीहरू अरू सबै सवालमा लोकसम्मतिको सर्वोच्चताको पूर्ण लोकतन्त्र र जनताको पूर्ण प्रभुसत्ताको कुरा गरिरहेछन्, तर लोकसम्मतिबाटै नयाँ संविधान बनाउने र जनताले आफ्नो पूर्ण प्रभुसत्तालाई व्यवहारमा अभ्यास गर्ने सर्वोत्तम विधि संविधान सभामा किन आपत्ति गरिरहेछन् ? दुईथरिबीच सहमतिको हलो यही सवालमा अड्किएको छ ।

दुईथरिबीच सहमतिको निम्ति छेक्ने अन्य मुख्य सवाल राजसंस्थाप्रतिको दृष्टिकोण र माओवादीसित विद्यमान सेना र हातहतियार हुनसक्छ । राजाले त्याग गरेमा हामी उसलाई सम्मानित स्थान दिन तयार छौं भन्ने माओवादी उक्तिको माओवादी नेतृत्वबाट स्पष्ट व्याख्या भएमा यसको गाँठो फुक्न सक्छ । जहाँसम्म हतियार र सेनाको सवाल छ, त्यसको टुंगो माओवादी र राज्य दुवैले जितेको, कसैले नहारेको अनुभूति हुनेगरी गरिनुपर्छ । अरू सबै मुद्दामा सहमति हुन सकेमा अन्तर्राष्ट्रिय अनुभवका आधारमा यस्तो उपाय निकाल्न संभव छ । ❑

सहजकर्ताको भूमिकालाई गर्नसम्म सीमित गरियो । म आफ्नो तर्फबाट मात्र भन्दैछु, हामीलाई बसौं कि विद्रोह गरेर निस्कीहालौंको स्थितिमा पुऱ्याई जानाजान निरुत्साहित एवं निष्क्रिय तुल्याइयो ।



# वार्तामा गतिरोध

दमननाथ ढुंगाना

**प्रथमत**: पछिल्लो वार्ता धेरै अघि नै टुटिसकेको हुनाले अहिले टुटेकोमा बढी आश्चर्य मान्नुपर्ने कुरै छैन । यो बुझ्न २०५८ साल कार्तिक २८ गतेको तेस्रो चरणको वार्ता भङ्ग हुनुको परिणामस्वरूप जनधनको अपूर्व क्षतिपछि ०५९ साल माघ १५ गते युद्धविराम हुँदाको पृष्ठभूमि पनि बुझ्नुपर्ने हुन्छ । त्यसबेला युद्धविराम हुँदा मोटामोटी रूपमा क-कसका बीच कुन कुन आधारभूत कुरामा के कस्तो सहमति हुने समझदारी भएको थियो र त्यो कसले के कति पूरा गऱ्यो वा गरेन, त्यो हामीसमेतले थाहा पाउन सकेका छैनौं ।

दोस्रो, २०६० साल बैशाख १४ गतेको पहिलो वार्तामा युद्धविराम र आचारसंहिता हेर्न अनुगमन समिति बनाउनेबारे तदारूकता देखाउने काम नै भएन ।

तेस्रो, माओवादीले आफ्नो प्रस्ताव बैशाख १४ पेश गर्दा नै सेना साधारणतः ब्यारेकमा नै बस्ने हो, बसून् भनिसकेकोमा फेरि बैशाख २६ गते वार्ता हुँदा सेनाले ब्यारेकको पाँच किलोमिटरसम्म मात्र चलखेल गर्न पाउने भन्ने किसिमको सहमति संयुक्त उपसमिति हुँदै मूल वार्ताको टेबुलसमेतबाट हतार हतारमा अनुमोदन गराएर एउटा अनावश्यक विवादमा मुलुक र वार्तालाई उतार्ने काम क-कसबाट किन भयो, त्यो पनि बुझ्न सकिएन ।

चौथो, तत्कालीन श्री ५ को सरकारका तर्फबाट समेत हामी प्रस्तावित दुईजना सहजकर्ता, पद्मरत्नजी र मका अतिरिक्त शैलेन्द्रकुमार उपाध्याय र कर्णध्वज अधिकारीलाई पनि थप गर्दै आखिरमा सबैलाई नै मन नपराई नपराई राखिएको आभास दिँदै चाहेको बेलामा मात्र सुझाव लिने वा बोल्न दिनेगरी सहजकर्ताको भूमिकालाई गर्नसम्म सीमित गरियो । म आफ्नो तर्फबाट मात्र भन्दैछु, हामीलाई बसौं कि विद्रोह गरेर निस्कीहालौंको स्थितिमा पुऱ्याई जानाजान निरुत्साहित एवं निष्क्रिय तुल्याइयो ।

पाँचौं, यिनै सबै पृष्ठभूमिमा होला, प्रधानमन्त्री चन्दको सरकार अनि वार्ता टोली पनि फेरियो । प्रधानमन्त्री थापाको सरकार र यसको वार्ता टोलीका नयाँ सदस्यहरू मन्त्री प्रकाशचन्द्र लोहनी तथा कमल थापासमेतले पनि सेनाको पाँच किलोमिटरसम्बन्धी त्यो अनावश्यक विवादलाई कडा परिश्रमका बावजूद पनि धेरै दिनसम्म विश्राम गराउनसक्नु भएन । माओवादीहरूले वार्ता श्री ५ सँग गर्ने हो कि कार्यकारी अधिकार पाए-नपाएको प्रष्ट नभएको नयाँ सरकारसँग गर्ने हो भन्ने प्रश्न पनि धेरै पटक उठाई नै रहे । यसको जवाफ आउनुपर्ने ठाउँबाट सार्वजनिक रूपमा आएको पनि थाहा पाइएन ।

छैठौं, वर्तमान थापा सरकारको नेपालगंजको वार्ता कार्यक्रम बढी देखावटीमात्र भएन, पेश भएको अवधारणापत्र नयाँ सत्ता मानिइसकेको माओवादीलाई वार्तामा बस्नसक्ने ठाउँ बनाएर नआएको देखियो । यो कुरा पत्रकार सम्मेलनलगायत हापुरे, दाङमा भएको वार्ताको शुरूदेखि अन्त्यसम्म माओवादी वार्ता टोलीले दोहोऱ्याइरहनुपर्ने कारण वा बाध्यताबाट पनि अझ पुष्टि भयो ।

सातौं, हापुरेमा सरकारी अवधारणापत्रमाथि गंभीर छलफल भइरहेकै बेला श्री ५ को सरकारका तर्फबाट माओवादी कथनअनुसार विनामुठभेड १९ जना निहत्था कार्यकर्तालाई वार्ता भाँड्ने परिस्थिति निर्माण गर्न खोजेकै हो कि जस्तो गरी हत्या गरियो । भाद्र २ गते मंगलवार वार्ता शुरू हुँदा नै यसबारे कडा विरोधपत्र बाबुरामजी तथा कृष्णबहादुर महराजीले दर्ता गर्नुभएको थियो । संविधानसभाबारे सरकारी विमति एवं सैन्य समाधानमाथिको जोडका सामु वार्ता चालु राख्नु निरर्थक हुने निष्कर्षमा माओवादीहरूको पार्टी तह पुगेको हुनसक्ने संभावना सहज अनुमानको विषय हुनपुग्यो ।

आठौं, श्रावण ३२ गते सहजकर्ताहरूको भूमिका फराकिलो पार्नेबारे नेपालगंजमा हामीले प्रस्तुत गरेको सामान्य कुराबाहेक हापुरेमा जति घण्टा वार्ता भएपनि जम्मा तीनदिन (श्रावण ३२, भाद्र १ र २ गते) को वार्ता कालभरि हामी सहजकर्ताहरू दुवै थरीको बहसको अवधिभर एक शब्द पनि नबोली घण्टौसम्म एकोहोरो सुनिमात्र रह्यौं । झण्डै ५ बजेतिर दुवै थरीका आआफ्नो भनाइ रत्तिभर पनि अगाडि बढ्न नसकेको र कुनै पनि पक्षले आआफ्ना कुरा कत्ति पनि नछोडी बरू एकाएक वार्ता नै छोड्ने संभावना देख्यौं । अनि सहजकर्ताहरूको तर्फबाट हामीमध्ये शुरूमा एकजनाले अनि पछि सबैले 'अब आजलाई यतिमात्र गरौं, तपाईहरू समय लिनुस्' भनी सुझाव दिएर सकारात्मक हस्तक्षेप गरेका हौं । सहजकर्ताहरूको तीनबुँदे आचारसंहिता तोड्न नचाहेर हामीले वार्तामा शान्त स्रोता हुनेबाहेक भाग लिनै चाहेनौं ।

नवौं, भाद्र २ गते हापुरेबाट आआफ्नो केन्द्रमा फर्केपछि दुवै समूहको स्वर कस्सिएको-चर्किएको पाइयो । सैनिकीकरणको पृष्ठभूमि एवं संविधानसभाका बारे सामान्य आश्वासन पनि दिन नसक्ने स्थितिमा सरकारी वार्ता टोली रह्यो । श्री ५ पनि स्वदेश बाहिर हुने घोषणा भइसकेको परिस्थिति थियो । यस स्थितिमा दुवैथरीले वार्ता जारी राख्नु औचित्यहीन ठहऱ्याइ सकेका थिए । त्यतिमात्र होइन, युद्धविराम भङ्ग नगर्ने सार्वजनिक आश्वासन तथा अनुमान विपरीत, सायद आआफ्नो लडाकू दस्ताकै जोड-बलबाट ठाडठाडै युद्धविराम भंग गरे, व्यक्ति हत्याप्रधान चरित्रको अपूर्व युद्ध पनि शुरु भयो ।

वार्ता कालभरि हदसम्म सहयोग पुऱ्याउनुपर्नेहरूले सहयोग पुऱ्याएनन् । बरू निरुत्साहजनक व्यवहार गरे । अनि वार्ता भङ्ग भएपछि चाहिँ उनीहरू वार्ताप्रक्रिया पुनः शुरू होस् भनी अहिले गोहीको आँसु चुहाउँदै छन् । तिनीहरूलाई राम्ररी नबुझी अब वार्ता अघि बढाउन सकिन्छ र संविधानसभाबारे नै खुला छलफल हुन्छ भनी भन्न सकिन्न । देशमा विदेशीहरू नै विशेष निर्णायक भइसकेको जस्तो देखिने वर्तमान परिस्थितिमा, फेरि वार्ताको भावनाबारे म यसै भनिहाल्न सक्ने स्थितिमा छैन । यति चाहिँ भनिहालूँ- विद्रोहीसँग वार्ता गर्न प्रथमतः वार्ताप्रति नै प्रतिबद्ध तथा व्यापक राष्ट्रिय सहमति प्रत्याभूत गर्नसक्ने सरकार वा राज्यपक्ष भने अनिवार्य रूपमा चाहिने नै रहेछ । संसद हुँदा र नहुँदा वार्तामा कत्रो अन्तर हुँदोरहेछ, यसै क्रममा मैले सिकेको सबभन्दा ठूलो पाठ यही हो । हाल संसद् र निर्वाचित प्रधानमन्त्रीको अभावमा विद्रोहीविरूद्ध निर्माण गरिने कुनै पनि सुरक्षानीतिमा सार्वभौम जनताको पनि सहभागिता वा सम्मति छ भनेर मान्ने आधार के ? -यो सवाल अनुत्तरित छ । ❑



*वार्ताको समयको यो उत्साह पछि किन टिकेन ?*

यति चाहिँ भनिहालूँ- विद्रोहीसँग वार्ता गर्न प्रथमतः वार्ताप्रति नै प्रतिबद्ध तथा व्यापक राष्ट्रिय सहमति प्रत्याभूत गर्नसक्ने सरकार वा राज्यपक्ष भने अनिवार्य रूपमा चाहिने नै रहेछ




## हिमालयन जर्नल अफ साइन्सेज

# विज्ञानको अध्ययनमा महत्वपूर्ण काम

'**प्रकाशन** विना विज्ञान मर्दछ !' यो भनाई बीसभन्दा बढी सम्मानार्थ पि.एच.डि. उपाधिहरू प्राप्त गरेका तथा 'विज्ञानको विकासको लागि अमेरिकी संघ'का अध्यक्ष एवं विख्यात लेखक तथा प्रकाशक गेरार्ड पिएलको हो । विज्ञानको स्थापना र विकासको लागि यस भनाइले एउटा सुस्पष्ट बाटो देखाउँछ । किनकि विज्ञानले प्रकृतिको गर्भभित्रका रहस्यहरूलाई उजागर गर्नको लागि खोज, अन्वेषण, परिक्षण र अनुसन्धान गर्छ । यसले प्राप्त ज्ञानलाई उपयोग गरेर नयाँ वस्तुको सिर्जना वा आविष्कार गर्छ । र, यसले नै मानव समाजलाई अगाडि डोर्‍याउँछ । तर अघिल्ला पुस्ताका वैज्ञानिकहरूले खोज-अनुसन्धान गरी पत्ता लगाएका प्राकृतिक नियम तथा सिद्धान्तहरू र नयाँ आविष्कारहरू पछिल्ला पुस्ताहरूमा हस्तान्तरण कसरी गर्ने ? जवाफ स्पष्ट छ- ती कुराहरू प्रकाशन गरेर । यदि प्रकाशन नगर्ने हो भने एक पुस्ताबाट अर्को पुस्तामा पुग्दा ती अन्वेषण तथा आविष्कारहरू हराउन पुग्छन् ।

अर्को कुरो, विज्ञानमा खोज-अनुसन्धान र आविष्कार मात्र हुँदैनन्, त्यहाँ विचारहरूको द्वन्द्व पनि हुन्छ । र, त्यस्तो द्वन्द्वले नै विज्ञानलाई अझ उन्नत बनाउँछ । अर्थात् त्यस्तो द्वन्दले नै विज्ञानलाई जीवन दिन्छ । तर यसको लागि पनि वैज्ञानिक खोज-अनुसन्धान, आविष्कार तथा विचारहरूको प्रकाशन हुनु जरूरी हुन्छ ।

विज्ञानको इतिहासलाई नियाल्दा नेपालमा १२ औं शताब्दीमा धातु विशेषज्ञको रूपमा कलाकार अरनिकोको नाम आउँछ । त्यसपछि झण्डै ५ सय वर्ष पछाडि मात्र इशाको १७ औं शताब्दीमा गणितज्ञ तथा धूप घडीका आविष्कारकको रूपमा लक्ष्मीपति पाँडे देखा पर्छन् । र, उनीपछि बीसौं शताब्दीको शुरूसम्ममा पं. गोपाल पाण्डे, पं निष्ठानन्द बज्राचार्य, पं. नरबहादुर भारती, देवराज शाक्य, इकराम मुल्ला, अभयराज शाक्य र गेहेन्द्र शमशेर ज.ब.राले वैज्ञानिक अध्ययन तथा आविष्कारमा महत्वपूर्ण योगदान पुर्‍याएको देखिन्छ । इतिहासका यी विज्ञानकर्मीहरूप्रति हामीले आभार प्रकट गर्नुपर्छ । तर ८ सय वर्षको इतिहासमा भएका ती वैज्ञानिक कामहरूबाट हामीले चित्त बुझाउने ठाउँ भने छैन ।

अहिले नेपालमा विद्यालयदेखि विश्वविद्यालयसम्म विज्ञानको पढाइ हुन्छ । बर्षेनी थुप्रैले विज्ञानका विभिन्न फाँटहरूमा डिग्री हासिल गर्छन् । राज्यले 'विज्ञान तथा प्रविधि प्रतिष्ठान' पनि खोलेको छ । त्यहाँ थुप्रै पि.एच.डि. गरेका वैज्ञानिकहरू कार्यरत छन् । तै पनि नेपालमा चित्त बुझ्दो ढंगले विज्ञानको विकास भइरहेको आभास हुँदैन । किन ?

विज्ञहरू भन्छन् - "नेपालमा वैज्ञानिक खोज-अनुसन्धान तथा परिक्षण गर्नेहरूलाई न प्रोत्साहन मिलेको छ न त उनीहरूको कार्यलाई वैज्ञानिक समाज तथा सर्वसाधारणसम्म पुर्‍याउन कुनै गतिलो प्रकाशनको व्यवस्था नै छ । प्रोत्साहन र प्रकाशनविना विज्ञानको विकास सम्भव छैन । राज्यद्वारा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (रोनाष्ट)को स्थापना पश्चात् त्यस्तो प्रोत्साहन तथा प्रकाशनको आशा गरिएको थियो । तर त्यो आशा निराशामा परिवर्तन भएको छ । त्यसले नेपाली वैज्ञानिकहरूलाई प्रोत्साहनको वातावरण दिन सकेको छैन । रोनाष्टले एउटा अनियमित बुलेटिन निकाल्नु सिवाय वैज्ञानिकहरूलाई उनीहरूको कार्यलाई व्यवस्थित ढंगले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैज्ञानिक समाज समक्ष पुर्‍याउन सक्ने कुनै प्रकाशन गर्न सकेको छैन, विज्ञानकर्मी तथा वैज्ञानिकहरू बताउँछन् ।

अहिलेसम्म राज्यको तर्फबाट वैज्ञानिक प्रकाशनको लागि कुनै ठोस कार्य हुन नसकेपनि त्रि.वि.वि.का केही जागरूक युवा विज्ञान अध्येयताहरूले हिमालयन जर्नल पब्लिशिङ्ग ग्रुप नामको प्रकाशन संस्था खोली 'हिमालयन जर्नल अफ साइन्सेज' नामक एक अर्ध वार्षिक विज्ञान जर्नल प्रकाशित गरेर महत्वपूर्ण काम शुरू गरेका छन् । त्यस जर्नलमा मुख्य रूपमा वर्तमानका वैज्ञानिक अध्ययन, अनुसन्धान, अन्वेषण, परिक्षण, खोज तथा आविष्कारका विवरणहरूलाई लेख, टिप्पणी र निवन्धको रूपमा प्रकाशित गर्नुका साथै तिनीहरूप्रति विज्ञहरूको समालोचना र विज्ञानको विकासको लागि लिइनु पर्ने नीतिहरूको बारेमा विज्ञहरूका विचारहरू समावेश गरिएका छन् । त्यसैले यस जर्नलको प्रकाशन निरन्तर हुन सकेमा नेपालमा विज्ञानको विकासमा एउटा उल्लेखनीय अध्यायको शुरू हुनेछ भन्न सकिन्छ ।

गत सन् २००३को जनवरीमा प्रथम अंक प्रकाशित भई दोस्रो अंक (जुलाई अंक) गत अगष्ट महिनामा प्रकाशित भएको उक्त अंग्रेजी जर्नलका सम्पादक कुमारप्रसाद मैनाली हुनुहुन्छ भने कार्यकारी सम्पादक अर्जुन अधिकारी हुनुहुन्छ । त्यस्तै सहायक सम्पादकहरूमा गणेशप्रसाद भट्टराई, खगेन्द्र प्रसाईँ, राजन त्रिपाठी, रणबहादुर क्षेत्री, रिपु एम कुँवर र शिशिर पौडेल हुनुहुन्छ भने भाषा सम्पादक सेठ सिक्रोफ हुनुहुन्छ ।

सो जर्नलको दोस्रो अंकको सार्वजनिकीकरण गत भदौ १४ गते कीर्तिपुर स्थित त्रि.वि.वि. को केन्द्रीय पुस्तकालय सभा कक्षमा गरियो । उक्त सार्वजनिकीकरण समारोहमा त्रि.वि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा. डा. गोविन्दप्रसाद शर्मा घिमिरेले सो जर्नलको दोस्रो अंकको विमोचन गर्नुभयो । त्यस क्रममा उहाँले 'हिमालयन जर्नल अफ साइन्सेज'लाई विश्वमा कहीं पनि देखाएर गर्व गर्न सकिने बताउँदै रोनाष्ट र त्रि.वि.वि. ले पनि यति त्रुटिरहित र उन्नत जर्नल प्रकाशित गर्न नसकेको दाबी गर्नुभयो । सो कार्यक्रममा प्रा. डा. रामप्रसाद चौधरी तथा डा. केशवप्रसाद शर्माले त्यस जर्नलमा प्रकाशित सामग्रीहरूबारे टिप्पणी गर्नुभएको थियो ।

❑ *तुल्सीदास महर्जन*

■ पाठकको कुरो

### जथाभावी विज्ञापन नदिइयोस्

अमेरिकी साम्राज्यवादको शोषण उत्पीडनका बावजूद पनि विश्व सर्वहारा वर्गको आन्दोलन अघि बढिरहेको छ । सशस्त्र संघर्ष वा संसदीय संघर्षद्वारा यसरी विश्वको विभिन्न भागमा कम्युनिष्ट आन्दोलन उर्लिरहेको छ । त्यसैले 'मूल्यांकन'मा भाव र स्थितिलाई बोक्ने खालको साबिककै 'विश्व कम्युनिष्ट आन्दोलन' स्तम्भ नाम राख्नु जरूरी छ ।

'मूल्यांकन'ले अरू बुर्जुवा पत्रिकाको देखासिकी गरेर जथाभावी विज्ञापन नछापोस् । यो नियमित बनोस् ।

– **श्रद्धा सुब्बा**

*चुलाचुली-१, कमल, इलाम ।*

### अझै पुगेको छैन

दैनिक छाकजस्तै खुराक बनेको छ 'मूल्यांकन' मेरो लागि । सधैंजस्तै पूर्णाङ्क १०९ पनि हात पर्‍यो । यसपटक भाट भाका भुक्ने रामप्रसाद खनालको नाम उदाङ्ग पार्न खोजिएको रहेछ । तर त्यो नामप्रति जनजनका मनमा घृणा जति उर्लिरहेको छ, त्यति छैन 'मूल्यांकन'मा । नेपाल टेलिभिजनमा प्रसारण हुने 'लोकदोहोरी'का संचालक रहेका खनालप्रति दर्शकहरू आजभोलि 'भजने' भनेर मुख बिगार्छन् ।

राष्ट्रपति बुशलाई 'शान्ति स्थापनाका लागि महान् विश्वनायक' भनेर इराक र अफगानिस्तान लगायतका देशमाथिको उहाँको प्रख्यात भूमिकाको गुणगान गरेर नयाँ क्यासेट निकाल्ने खनालजीको कुनै सोच छ कि छैन ? विचार गर्नुस् है ! ह्वाइट हाउसले अवार्डको व्यवस्था गर्न सक्छ ।

– **संगीत श्रोता,**


*संगीतपुर, बाजुङ्ग, पर्वत ।*

### भारतवासी नेपालीको आह्वान

यहाँहरूले भारतवासी नेपालीहरूले भोग्दै आएका विभिन्न जल्दाबल्दा समस्याहरूलाई आगामी अंकहरूमा स्थान दिनु हुनेछ भन्ने आशा गर्दछु । देशभित्र चल्ने देशभक्तीपूर्ण जनतान्त्रिक आन्दोलनलाई विदेशी भूमिबाट पनि ऐक्यवद्धता जाहेर गर्दछौं ।

– **आर.पी.शर्मा र साथीहरु,**

*तिरुवनन्तपुरम्, केरला, भारत ।*


FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER
TUBORG


Technology with Strength
पञ्चकन्या
THERMEX®
TMT
Steel Bar
Fe-500
घर तपाईंको प्रतिष्ठा हो, त्यसमा सम्झौता किन ?
जर्मन प्रबिधिवाट वनेको भुकम्पीय
क्षेत्रकोलागि अतिनै उपयोगि नेपालमा
सर्वप्रथम् उत्पादित Fe-500 ग्रेडको
THERMEX® टी.एम.टी फलामे छड्
सधैं प्रयोग गर्नुहोस् ।
...सदैव विश्वाशिलो
पञ्चकन्या स्टील प्रा. लि.
कृष्णगल्ली, ललितपुर,फो.नं. ,९७७-१-५५३४४०८,५५२६५५१, फयाक्स नं.५५२६५२९
कारखाना: कोटिहवा,भैरहवा, फो.नं.०७१-५६०५७१,फयाक्स नं. ०७१-५६०५७४
पो.ब.नं : २७४३ काठमाण्डौ, नेपाल
email: steel@panchakanya.com.np, www.panchakanya.com.np
नेपालमा सर्वप्रथम
ISO
9001:2000